

# जोन वेस्ली

(सन् १७०३ - सन् १७९१)

**प्रकाशक**

**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**

**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**

**नेपाल**

**email: togmission@gmail.com**

पहिलो प्रकाशन : वि.सं. २०८० (सन् २०२३)

अनुवादक : के.एम.दास

टाइपिङ्ग : सहदेव श्रेष्ठ

TOG Ministries

**Visit us @ www.togmission.com**

All our books are available for downloaded on our website.

The contents of this book can be used only for non commerical purposes.
All rights reserved ©

आवरण तस्बिर : क्राइस्ट चर्च, अक्सफोर्ड ।

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| १. जन्म र शिक्षा | ५ |
| २. सेवक बन्ने निर्णय र गम्भीर समर्पणता | ११ |
| ३. होली क्लब र सेवाको विस्तार | १७ |
| ४. मिसनरी जीवन र त्यसका प्रभाव | २४ |
| ५. नयाँ गरी जन्मिनु र जागृतिको विस्फोट | ३१ |
| ६. “संसार नै मेरो मण्डली हो” | ४६ |
| ७. मेथोडिस्ट सोसाइटीको स्थापना र सतावट | ५० |
| ८. कामको विस्तार | ६० |
| ९. कठिनाइहरू | ७० |
| १०. अगि बढिरहनु | ७९ |
| ११. मेथोडिजमको मिसनरी परिश्रम | ९० |
| १२. वृद्ध कालका परिश्रमहरू र मेथोडिजमको प्रगति | ९८ |

# धन्यवाद

जे जति असल कुराहरू गरिएका छन् ती सबै उहाँकै ज्ञान र सामर्थ्यले गरिएका हुन्, र जे जति असल परिणामहरू यसबाट आउँछ ती सबै उहाँकै आत्मा र अनुग्रहले नै हुने छन्। सबै धन्यवाद र महिमा उहाँलाई नै चढाउँछौँ।

## Bibliography (सन्दर्भ सामग्री)


John Wesley : By Genesis books of India

&

John Wesley : by BONAMY DOBRÉE

## अध्याय - १

# जन्म र शिक्षा

जोन वेस्ली बेलायतको लिन्कन सयरमा भएको एप्वोर्तमा सन् १७०३ जुन १७ तारिख शमूएल र सुसन्ना वेस्लीको बीचमा जन्मनुभएको थियो।

### आमाबुवा

उहाँको बुवा रेभरेन्ड शमूएल वेस्ली एप्वोर्तमा रहेको सेइन्ट एन्ड्रयुइस मण्डलीको सेवक हुनुहुन्थ्यो। शमूएल वेस्ली एउटा ठुलो सेवक पुस्ताबाट आउनुभएको थियो। उहाँको हजुरबा बारथोलोमीयु र उहाँको बुवा जोन दुवै जना अक्सफोर्डमा पढेर स्नातक हुनुभएको थियो र एङ्िलकन मण्डलीको सेवक हुनुहुन्थ्यो। दुवै जना पछिका समयहरूमा प्युरिटननिजम (शुद्धीकरण) आन्दोलनमा लाग्नुभयो, र दुवै जनालाई त्यसै कारणले एङ्िलकन मण्डलीबाट निकालियो, किनभने त्यो चर्च अफ इङ्गल्यान्डको विरोधमा थियो।

जोन वेस्लीकी आमा डा. शमूएल एन नेस्लीकी छोरी हुनुहुन्थ्यो र डा. शमूएल आफै पनि शुद्धीकरण सिद्धान्तको एउटा अगुवा हुनुहुन्थ्यो र चर्च अफ इङ्गल्यान्डको नियमहरूलाई मान्नुहुन्न थियो। उहाँलाई पनि एङ्िलकन मण्डलीले निकालिदियो, यसैले उहाँ स्वतन्त्र प्रचारक बन्नुभयो, साथै यसरी छुटेर आएको मण्डलीको पास्टर बन्नुभयो।

### ठुलो परिवार

शमूएल वेस्ली र सुसन्नाको बिचमा १९ जना बच्चाहरू जन्मेका थिए, तर त्यसमध्येमा नौ जना बच्चाहरू बालक अवस्थामै मरे। जोन वेस्ली १९ जना बच्चाहरूमध्येमा पन्ध्रौँ र उहाँको भाइ चार्ल्स वेस्ली उहाँ जन्मेको पाँच वर्षपछि जन्मनुभएको थियो।

## जोन वेस्लीको घर

जोन वेस्लीको बुवा शमूएल वेस्ली एउटा महान् विश्वास भएको व्यक्ति हुनुहुन्थ्यो। सुरुका समयहरूमा उहाँको वार्षिक तलब पचास पाउन्ड हुन्थ्यो र ठुलो परिवारलाई पालनपोषण गर्नु उहाँको लागि सधैँ एउटा लडन्त नै थियो। यद्यपि उहाँले सेवाको साथसाथै आफ्नो समय र पैसालाई किताबहरू लेख्नको लागि प्रयोग गर्नुहुन्थ्यो, जुन कुराले आर्थिक बोझलाई अझै बढाइदियो। एप्वोर्तमा उहाँको पहिलेका १२ वर्षहरू अति नै दुःखले भरिएको थियो। तर उहाँ इमानदारीपूर्वक लागिरहनुभयो। उहाँ निडर र साहसी हुनुहुन्थ्यो र भीडहरू र शासकहरूदेखि कहिल्यै डराउनु हुन्न थियो। उहाँहरूको घरलाई दुईपल्ट आगोले भस्म पारेको थियो; यस्तो एउटा आगो लागेको बेलामा जोन वेस्ली झन्डै मर्नुभयो र उहाँलाई दोस्रो तलाको झ्यालबाट निकाल्नु परेको थियो। चार्ल्स वेस्ली त्यतिखेर दुई महिनाको बच्चा हुनुहुन्थ्यो। सन् १७०९ मा सानो एउटा ऋणलाई तिर्न नसक्दा शमूएल वेस्लीलाई कारागारमा हालिएको थियो। जोन वेस्ली त्यति बेला तीन वर्षको हुनुहुन्थ्यो।

## गृह विद्यालय सुरु

सुसन्ना वेस्लीले गृह विद्यालय सुरु गर्नुभयो। उहाँहरूको जेठो छोरो शमूएल वेस्ली पाँच वर्ष पुग्दा तिनलाई विद्यालयमा पठाउनुको सट्टामा सुसन्ना वेस्लीले घरमै तिनलाई पढाउन सुरु गर्नुभयो। उहाँ आफै पनि आफ्नो घरमै आफ्नो बुवाबाटै राम्रो शिक्षा पाउनुभएको थियो र ल्याटिन, ग्रिक, फ्रेन्च भाषाहरू जान्नुहुन्थ्यो। घरकै छेउमा एउटा स्थानीय विद्यालय जोन होल्यान्ड भन्ने शिक्षकद्वारा सञ्चालित थियो; तर आफ्ना बच्चाहरूलाई शिक्षा भन्दा खराब स्वभावका बच्चाहरूको प्रभावमुनि पर्नुबाट जोगाउनु अति महत्त्वपूर्ण विषय भनी उहाँले ठान्नुहुन्थ्यो। यतिखेरको समयमा तिनको चौथो बच्चा छोरी मेरी जन्मिन्। बच्चा गर्भमा हुँदा आमा लडेकाले मेरी अशक्त र बिरामी थिइन्, र तिनलाई विशेष वास्ताको आवश्यकता हुन्थ्यो।

शमूएल जेठो छोरो थिए, तिनीपछि एमिलिया, सुसन्ना, मेरी र मेहिताबेल जन्मे। सबै पाँच वर्ष पुगिसकेपछि गृह विद्यालयमा भर्ना भए।




**जोन वेस्लीको बाल्यकालको घर**

सन् १७०२ मा एनी जन्मिन्। यतिखेरको समयमा नै सुसन्ना वेस्लीले घरमा क्रमबद्ध शिक्षालाई सुरु गर्नुभयो। उनीपछि जोन वेस्लीको जन्म भयो। जोन वेस्ली जन्मिएपछि मार्था, चार्ल्स र केजिया वेस्लीको जन्म भयो।

## पाठ्यक्रम र किताबहरू

हरेक बच्चा आफ्नो पाँचौँ जन्म दिवसमा स्कुलमा भर्ना हुन्थ्यो। पहिलो दिनमा असल तरिकाले जान्ने बेलासम्म उनीहरूलाई अङ्ग्रेजी वर्णमाला सिकाइन्थ्यो। विद्यालयको समय बिहान नौ बजेदेखि बाह्र बजेसम्म त्यसपछि दुईदेखि पाँच बजेसम्म हुन्थ्यो। प्रायः सबै बच्चाहरूले पहिलो दिनमै वर्णमाला सिकिसक्थे। केवल दुई जना छोरीहरूलाई मात्रै वर्णमाला सिक्नको लागि डेढ दिन समय लाग्यो। बिहानको कक्षा अन्त हुँदा सिकाइएका सबै कुरालाई दोहोऱ्याइन्थ्यो, र दिउँसोको कक्षा अन्त हुने बेलामा दिनभरि सिकाएका कुराहरूलाई दोहोऱ्याइन्थ्यो।

गणित, व्याकरण, इतिहास र भूगोल, ल्याटिन, ग्रिक, हिब्रू, कविता र सङ्गीत यी सबै पाठ्यक्रममा पर्ने विषयहरू थिए। बुवा शमूएल वेस्लीले

भाषाहरू सिकाउनुहुन्थ्यो र सुसन्नाले ईश्वरशास्त्र सिकाउनुहुन्थ्यो। वेस्ली परिवारमा छोराछोरी दुवैलाई बराबर मानिन्थ्यो।

आवश्यक पर्ने किताबहरूको तयारी सुसन्नाले आफ्नै हातले तयार गर्नुहुन्थ्यो, साथै अन्य विशेष तालिम दिन आवश्यक पर्ने पाठ्यसामग्रीहरू पनि उहाँ आफैले तयार गर्नुहुन्थ्यो। "प्रेरितहरूको विश्वासको सारको व्याख्या", "दस आज्ञाको व्याख्या", र "मेरा बच्चाहरूको लागि तयार गरिएको धार्मिक छलफल" त्यस्ता कुराहरू यस्ता सामग्रीहरूमध्ये पर्थ्यो।

उहाँहरूको पाँचौँ बच्चा छोरी मेहिताबेल आठ वर्षकी हुँदा ग्रिक भाषाको नयाँ करारलाई पढ्न र बुझ्न सक्ने अवस्थामा पुगिसकेकी थिइन् भन्ने कुराबाट हामीले गृह विद्यालयको परिणामको बारेमा निर्णय गर्न सकिन्छ।

## चार्ल्स वेस्लीको जन्म

जोन वेस्लीको भाइ चार्ल्स वेस्ली, जो मेथोडिस्ट आन्दोलनको सह–संस्थापक हुनुहुन्थ्यो, सन् १७०८ डिसेम्बर १८ तारिख जोन वेस्ली जन्मेको पाँच वर्षपछि जन्मनुभएको थियो। समयपूर्व शिशुको रूपमा जन्मेकाले उहाँ जन्मिँदा जिउँदो देखिनुभन्दा पनि मरेको जस्तै देखिनुभएको थियो।

## सन् १७०९ - १७१२ सम्मका महत्त्वपूर्ण घटनाहरू

१. सन् १७०९ मा आगोले वेस्लीको घरलाई भस्म पाऱ्यो, र जोन वेस्लीलाई आश्चर्यपूर्ण तरिकाले उद्धार गरिएको थियो।
२. सन् १७१२ मा श्रीमती सुसन्ना वेस्लीले घरमा एउटा विशेष सभा सुरु गर्नुभयो।

## जोन वेस्लीको उच्च शिक्षा

पाँच वर्षको गृह विद्यालयको अध्ययनपछि सन् १७१४ मा जोन वेस्लीलाई लन्डनमा भएको एउटा प्रतिष्ठित चार्टरहाउस विद्यालयमा पढ्न पठाएको थियो। यतिखेर जोन दस वर्षको हुनुहुन्थ्यो।

सन् १७२० मा जोन वेस्ली १६ वर्षको हुँदा अक्सफोर्ड विश्व विद्यालयको क्राइष्ट चर्च उच्च विद्यालयले उहाँलाई छात्रवृत्तिको लागि छानेर वार्षिक चालिस पाउन्ड दियो। शमूएल वेस्लीका तीन जना छोराहरू शमूएल, जोन र चार्ल्सले यहाँ अध्ययन गर्ने मौका पाए। अक्सफोर्ड विश्व विद्यालय अन्तर्गत रहेका ३९ वटा उच्च विद्यालयमध्ये क्राइष्ट चर्च उच्च विद्यालयमा उच्च विद्यालयको साथ बिशपको वास भएको मण्डली पनि थियो।

## सुसन्ना वेस्लीले जोन वेस्लीलाई दिएको सल्लाह

जोन अक्सफोर्डमा भर्ना भइसकेपछि उहाँकी आमाले उहाँलाई पत्र लेख्दा यसरी सल्लाह दिनुभयो, “धर्मलाई आफ्नो जीवनको प्राथमिक विषयको रूपमा राख्नू, अरू सबै थोक दोस्रो श्रेणीको मात्र हो।”

## विद्यार्थी जीवन

उहाँले महाविद्यालयको विद्यार्थी जीवन रूपहीन र गम्भीरताहीन भएको भेटाउनुभयो, जसलाई कमसेकम आफ्नो जीवनमा बदल्ने निर्णय गर्नुभयो। उहाँले आफ्नो हजुरबुवाको पुरानो कापी निकालेर त्यसमा साङ्केतिक भाषामा एउटा शीर्षक लेख्नुभयो: 2 f-n-r’O r. l’.n 2 O ‘q..n. f L. f;

यसरी सुरु गरिएको दैनिकी लेख्ने बानीलाई उहाँले जीवनभरि कहिल्यै पनि छोड्नुभएन। अनुवाद गरिँदा यो शीर्षकको अर्थ यस्तो लाग्छ कि, “जीवनको सबै कार्यहरूका लागि एउटा साजा नियम,” जुन शीर्षकको मुनि वेस्लीले जेरेमी टेइलर(Jeremy Taylor)का किताबको केही जोसिला हरफहरूलाई लेखिराख्नुभयो। वेस्ली यतिखेर उन्नाइस वर्षको हुनुहुन्थ्यो, र आफूले बनाएको नियममा चल्नु आफ्नै लागि अति गाह्रो भएको भेटाउनुभयो। मुस्कुराइको साथ सुन्दर बिहान जीवन सुरु हुँदा “परमेश्वरको भयानक उपस्थितिमा रमाउनु,” हरेक खालि समयलाई धार्मिक कुराहरूमा लगानी गर्नु, सबै अनावश्यक कामहरू र ज्ञानप्रतिको जिज्ञासालाई त्याग्नु, र सबैभन्दा माथि विश्व विद्यालय जीवनको मनोहरताको रूपमा रहेको साथीहरूसितको कुराकानीमा रमाउने समयलाई इन्कार गर्नु सधैँ नै गाह्रो कुराको रूपमा थियो। उहाँलाई अझै एउटा गाह्रो कुरा थियो भने त्योचाहिँ

बिहानै उठ्नु थियो। वेस्ली ओछ्यानलाई मन पराउनुहुन्थ्यो, र साथीहरूसित समय बिताउनुमा रमाउने र चतुर हुनुहुन्थ्यो। सबै कुरासम्बन्धी ज्ञानलाई उहाँले रुचाउनुहुन्थ्यो, र अर्थपूर्ण तर्कवाद उहाँको चासोको कुरा थियो, साथै अर्थहीन विवादहरूलाई उहाँले तुच्छ ठान्नुहुन्थ्यो। यी सबै बाहेक त्यत्तिकै केही कुरा पढिरहनु भन्ने स्वभाव उहाँलाई खिचिने खालको थियो। यसरी वेस्लीले बातचित गर्नु, पढ्नु, टेनिस खेल्नु र खेलबाडमा आफ्नो दाइ शमूएललाई पत्र लेख्नु भन्ने कुराहरू गरिसकेपछि उहाँले आफ्नो दैनिकीमा यसरी लेख्नुहुन्थ्यो, "घमन्डीपना, प्रशंसाको लोभ, अनियन्त्रित निद्रा... विवादमा रिस।" आफूलाई "थाहा भएको पाप"मा उहाँ जिउनुभयो र त्यसलाई घोषणा गर्नुभयो, जसले वर्षमा तीनपल्ट प्रभु–भोज लिँदा उहाँलाई गाह्रो बनाउँथ्यो।

**गरिबीसँगको लडन्त (१७२०-१७२४)**

जोन वेस्ली अक्सफोर्डमा पढ्ने अवधिभरि नै गरिबीसँग लडिरहनुभयो। उच्च विद्यालयले उहाँको शुल्कलाई धेरै कम गरिदिए तापनि हरेक महिना आफ्नो उच्च विद्यालयको र छात्रावासको शुल्क तिर्न लडन्तमा पर्नुहुन्थ्यो।

TOG Ministries

# अध्याय - २

# सेवक बन्ने निर्णय र गम्भीर समर्पणता

## वेस्लीको सेवक बन्ने निर्णय

सन् १७२४ मा आफ्नो बी. ए. (B.A.)को पढाइ पूरा गर्दा उहाँको अगाडि धेरै वटा बाटाहरू थिए, जस्तै: शिक्षक बन्ने अथवा वकिल बन्ने। तर सन् १७२५ ले वेस्लीको धार्मिक जीवनमा नयाँ अध्यायको सुरुवात गऱ्यो। यस समयसम्म उहाँमा आफ्नो कामको बारेमा कुनै निश्चित योजना थिएन जस्तो देखिन्छ। तर जब उहाँले आफ्नो निर्णय लिनुपर्ने समय नजिक आयो त्यसले उहाँलाई आफ्नो विश्वासको आधारलाई अझ गम्भीरतापूर्वक जाँच्न र आफ्नो धार्मिक अनुभवले आफूलाई ख्रीष्टको सेवकको जिम्मेवारी ग्रहण गर्नको लागि समर्थन गर्छ कि गर्दैन भनेर गम्भीरतापूर्वक विचार गर्न अगुवाइ गऱ्यो।

उहाँले पहिलो पटक दुई वटा महान् किताबहरू पढ्नुभयो,  थोमस ए. केम्पिस(Thomas A, Kempis) ले लेखेको 'ख्रीष्टियन प्याटन एन्ड इमिटेसन अफ क्राइष्ट (इसाई जीवनको ढाँचा र ख्रीष्टको अनुकरण)' र बिशप जेरेमी टेइलर (Jeremy Taylor) ले लेखेको 'रुल्स अफ होली लिविङ एन्ड डाइङ (पवित्रतामा जिउनु र मर्नुका नियमहरू)'।  दुवै पुस्तकहरूले उहाँलाई भित्री धार्मिक जीवनको माग र विशेषाधिकारहरूको नयाँ दृष्टिकोण दिए। उहाँ भन्नुहुन्छ "स्वर्गीय वास्ताले मलाई केम्पिसको 'इसाई जीवनको ढाँचा' किताबतिर डोऱ्याउँदा साँचो इसाई जीवन हृदयमा केन्द्रित हुन्छ र परमेश्वरको व्यवस्था हाम्रो सबै सोच साथै वचन र क्रियामाथि लागुहुन्छ भन्ने कुरालाई देख्न थालेँ।.....मेरो जिउने तरिकालाई सम्पूर्ण रूपमा परिवर्तन गर्न सुरु गरेँ, र नयाँ जीवनको लागि उत्कटताका साथ जिउन थालेँ। मैले धार्मिक कार्यहरूको लागि दिनमा दुई घण्टा छुट्ट्याएँ; मैले हरेक हप्ता प्रभु–भोज लिन थालेँ। मैले सबै पापको बारेमा ध्यान दिएँ, चाहे वचनमा होस् वा काममा। मैले भित्री पवित्रताको लागि लक्ष्य राखेँ र प्रार्थना गर्न थालेँ।"

त्यो किताबले आफ्नो जीवनमा पारेको प्रभावको बारेमा फेरि भन्दा उहाँ भन्नुहुन्छ, "मैले मेरो सारा जीवन परमेश्वरलाई समर्पण गर्ने सङ्कल्प गरेँ।" सन् १७२५ को सुरुका महिनाहरूमा उहाँ सेवक बन्ने निर्णयमा आउनुभयो। उहाँले सेवक बन्ने उद्देश्यको बारेमा आफ्ना आमाबुवालाई पत्र लेख्नुभयो। उहाँको पत्र घरमा आइपुग्दा घरमा ठुलो आनन्द भयो। उहाँको बुवाले उहाँलाई त्यो कुरामा प्रोत्साहन दिनुभयो, तर साथै तलबको लागि मात्रै सेवकको काम लिनुहुँदैन भनी चेतावनी पनि दिनुभयो। उहाँकी आमाले जति चाँडो सक्छ त्यति चाँडो सेवक बन्न उत्साह दिनुभयो।

उहाँको स्वभावमा परिवर्तन देखेर उहाँको आमाबुवा खुसी भए; यथार्थमा उहाँले आफ्नो जीवनको गम्भीर भागलाई उहाँहरूलाई देखाउनुभएकै थिएन, र सो गर्नुभन्दा अगाडि आफ्नो मनमा भएका धेरै शङ्काहरूलाई हटाउन उहाँले चाहनुहुन्थ्यो, जसको सहायताको लागि उहाँले आफ्नी आमालाई अनुरोध गर्नुभयो, बुवालाई होइन। वृद्ध बुवाले आफ्नो छोराको लागि एउटा विद्वानको लक्ष्य बोक्नुभएको थियो, तर आमा सुसन्नाले उहाँको लागि बढी आत्मिक लक्ष्य बोक्नुहुन्थ्यो। उहाँकी आमाले सधैँ सहानुभूतिसहित उहाँको कुरालाई सुन्नुहुन्थ्यो, यसैले नै उहाँको बुवा शामूएल वेस्लीलाई वेस्लीहरूको बुवा भनी उल्लेख गर्दा आमालाई मेथोडिजमकी आमा भनी उल्लेख गरिन्छ।

घमन्ड र तर्क यी दुवै नै प्राण भन्ने मानिसको जहाजलाई फुटाउने अप्ठ्यारा चट्टानहरू हुन्। हामी सोच्न सक्छौँ के धार्मिक अगुवाहरू विनम्र हुनुपर्छ त? के यी गुणहरू प्रेरित पावल अथवा सवोनारोला(Girolamo Savonarola)मा देखिन्छ त? तर थोमस ए केम्पिसले यो कुरामा जोड दिनुहुन्थ्यो। यद्यपि विनम्र हुँदा परमेश्वरले आफ्नो जीवनमा केही पनि राख्नुभएको छैन भनी भनेको जस्तै देखिन्छ। वेस्लीकी आमा सुसन्नाले भन्नुभयो, "पूर्ण विनम्रता भन्ने कुरा जसमा आफूलाई परमेश्वरको तुलनामा मात्र तुच्छ ठानिन्छ, त्यो कुरामा म सहमत हुन सक्छु। तर अन्य मानिसहरूसँग तुलना गरेर आफूलाई तुच्छ ठान्नु भन्ने कुराको बारेमा म अनिश्चित छु।" धर्मलाई इन्कार गर्ने मानिसभन्दा आफूलाई कसरी एक जनाले उच्च ठान्न सक्दैन? वेस्लीले तर्क गर्नुभयो। त्यस्ता समूहको बिचमा

विनम्र हुनु आफ्नो वरिपरि भएका मानिसहरूको बारेमा नबुझ्नु हो। उहाँकी आमा पनि यो कुरामा एउटा पक्का निर्णयमा आउन सक्नुभएन।

तर उहाँकी आमाले अरू केही कुराहरूमा उहाँलाई सहायता गर्नुभयो। उदाहरणको लागि वेस्लीले भन्नुहुन्थ्यो, "विश्वास भन्ने कुरा समय बित्दै जाने क्रममा तर्क विचारद्वारा पक्का गरिनुपर्छ।" उहाँकी आमाले भन्नुभयो, "होइन, परमेश्वरले हामीलाई प्रकट गरिदिनुभएका सबै कुरालाई उहाँ आफैले प्रकाश पार्नुभएकाले स्विकार्नु नै विश्वास हो।" यी कुरामा उहाँ पक्का हुनुभयो, र उहाँलाई चिन्तित तुल्याएको कुराचाहिँ परमेश्वरले सबैलाई प्रेम गर्नुहुन्छ भन्ने कुरालाई कसरी पक्का गर्ने? र आफूले उद्धार पाइसकेको कुरालाई कसरी एक जनाले महसुस गर्न सकिन्छ? पहिलो प्रश्नसम्बन्धी कुरा गर्नुपर्दा थोमस ए केम्पिस बढी क्याल्भिनिजम जस्तो खालको विचारपट्टि ढल्किनुभएको थियो। केही मानिसहरूलाई तिनीहरू जन्मिनुभन्दा अगाडि नै परमेश्वरले नरकको आगोको लागि तोक्नुभयो भन्ने सिद्धान्त वेस्लीको लागि आपत्तिजनक कुरा थियो। यद्यपि भूत, वर्तमान र भविष्यमा हुने सबै कुरामा भएको परमेश्वरको ज्ञान र उहाँको सर्वशक्ति यो कुरालाई राखेर मानिसलाई दिएको स्वतन्त्रतालाई कसरी बुझ्नु भन्ने विषयचाहिँ अति नै बुद्धिजीवी ईश्वरशास्त्रीहरूको लागि पनि गाह्रो विषयको रूपमा रहँदै आएको छ।

श्रीमती सुसन्नाले यो समस्यालाई सुन्दर तरिकाले यसरी उदाहरण दिएर समाधान गर्नुभयो। 'जसरी भोलि सूर्य उदय हुन्छ भन्ने हाम्रो ज्ञान समय निष्ठ भएर सूर्य उदय हुनलाई कारण बन्दैन त्यसरी नै परमेश्वरलाई के घट्ने छ भनी थाहा छ तर घटाउने चाहिँ उहाँ होइन।' दोस्रो प्रश्नसम्बन्धी जेरेमी टेइलरको व्याख्या अलिकति डर ल्याउने खालको थियो। वेस्लीले व्याकुलतासहित भन्नुभयो "एक जनाले आफ्नो पाप क्षमा भएको महसुस गर्न सक्दैन भने के गर्ने? अनुग्रह यति कमजोर छ त? कि त्यसको उपस्थितिलाई हामीले महसुस गर्न सक्दैन? निरन्तर रहने डर र त्राससहित मानिसहरू बाँच्नुपर्छ त? परमेश्वरले यस्तो प्रकारको डरलाग्दो प्रतीक्षाबाट हामीलाई बचाउन्।" यसरी वेस्लीले उद्धार दिने विश्वासको खोजी सुरु गर्नुभयो। जीवनमा आउने समस्याहरूमा मानिसको प्राणको उद्धारसम्बन्धी भएको

समस्या नै महत्त्वपूर्ण समस्या भनी ठानेर वेस्लीले आफ्नो जीवनलाई यी प्रश्नहरूको उत्तर खोज्नुमा समर्पण गर्ने निर्णय गर्नुभयो। उहाँ अझै गम्भीर हुन थाल्नुभयो। उहाँले आफ्नो दैनिकी लेख्ने कुरालाई एउटा कडा अनुशासनको रूपमा लिनुभयो।

उहाँले आफ्नो आमाबुवाको सल्लाहलाई हृदयमा लिनुभयो, र मण्डलीको सेवक बन्न तयारी गर्न थाल्नुभयो। उहाँको बुवाले उहाँको अभिषेकको कार्यक्रमलाई चाहेको खर्च धेरै कठिनाइसँग पठाउनुभयो। सन् १७२५ सेप्टेम्बर १९ तारिख अक्सफोर्डको बिशप डा. पोटरले उहाँलाई क्राइष्ट चर्च मण्डलीमा डिकनको रूपमा अभिषेक गर्नुभयो र केही वर्षहरूपछि सन् १७२८ अक्टोबर २८ पादरी (प्रीस्ट) को रूपमा अभिषेक हुनुभयो।

डा. हेवार्डले, जो उहाँलाई सेवकको रूपमा स्विकार्नुभन्दा अगाडि जाँच्नुभएको थियो, यसरी प्रश्न सोध्नुभयो, “के तिमीलाई थाहा छ तिमी के गर्न गइरहेका छौ? तिमी सबै मानवको विरोधमा उभिन गइरहेका छौ। इसाई सेवकको रूपमा जिउने हरेकलाई थाहा हुनुपर्छ कि उसको हात अरूको विरोधमा होस् वा नहोस् प्रत्येक मानिसको हात उसको विरोधमा हुनेछ।”

**उहाँको आत्मिक जीवनको जाँच**

सन् १७२५ को अन्ततिर उहाँले हरेक बुधवार उपवास बस्ने निर्णय गर्नुभयो, र अर्को वर्षको सुरुमा हरेक शनिवार बेलुकी त्यो हप्ताभरिको आफ्नो आत्मिक जीवनलाई खोजतलास गर्ने बानीलाई अभ्यास गर्न थाल्नुभयो। उहाँले लेख्नुभएको छ, “म (Kempis) केम्पिसले लेखेको ‘ख्रीष्टियन प्याटन (इसाई जीवनको ढाँचा)’ र बिशप जेरेमी टेइलर(Jeremy Taylor) ले लेखेको ‘रुल्स अफ होली लिविङ एन्ड डाइङ (पवित्रतामा जिउनु र मर्नुका नियमहरू)’ भन्ने किताबहरूद्वारा गहिरो रूपमा प्रभावित भएँ, र ती नियमहरूअनुसार जिउन र आउने क्रोधबाट उम्किन अति नै इच्छा गरेँ।”

साथै सन् १७२६ मा विलियम ल (William Law) ले लेखेको ‘गम्भीर

बोलावट र इसाई परिपक्वता' भन्ने किताब पढेदेखि सेवकले हिब्रू भाषाको व्याकरण र अर्थहरू खोज्नुभन्दा गरिब र रोगीलाई वास्ता गर्नुपर्छ भन्ने विचारमा जोन वेस्ली आउनुभयो।

## जोन वेस्ली लिङ्कन उच्च विद्यालयको वरिष्ठ शैक्षिक र प्रशासनिक सदस्यको रूपमा पदोन्नति हुनु

सन् १७२६ मार्च १७ तारिख जोन वेस्ली लिन्कन उच्च विद्यालयको वरिष्ठ शैक्षिक र प्रशासनिक सदस्यको रूपमा छानिनुभयो। यो एउटा इज्जतदार पद हो, जसले गर्दा उहाँलाई वार्षिक २८ पाउन्ड तलब पनि आयो। यति पैसा उति बेलाको परिस्थितिको लागि एउटा उचित तलब थियो, जसद्वारा उहाँले आफ्नो बुवालाई सहायता गर्नुभयो। सन् १७२९ – १७३५ सम्म उच्च विद्यालयभित्र उहाँलाई एउटा कोठा पनि थियो, जसमा नै 'पवित्र समाज (होली क्लब)' का सभाहरू पनि सञ्चालन भयो।

## लिन्कन उच्च विद्यालयमा प्राध्यापकको रूपमा नियुक्ति हुनु

जोन वेस्ली यतिखेर २३ वर्षको हुनुहुन्थ्यो। सन् १७२६ नोभेम्बर महिना उहाँलाई ग्रिक, तर्क शास्त्र र दर्शन शास्त्र विषयहरू पढाउन प्राध्यापकको रूपमा नियुक्ति गरियो। साथै उहाँलाई विद्यार्थीहरूलाई हेरचाह गर्ने जिम्मेवारी पनि दिइयो। यी सबैको साथ उहाँले आफ्नो स्नातकोत्तरको पढाइलाई पनि अगाडि बढाउनुभयो। सन् १७२७ फेब्रुअरी महिना आफ्नो स्नातकोत्तर पढाइलाई पनि पूरा गर्नुभयो। (लिन्कन उच्च विद्यालयको प्रशासनिक सदस्य भएकाले जोन वेस्लीलाई धेरै ठाउँमा प्रचार गर्न दिइयो, र उच्च विद्यालयहरूमा हुने सभाहरूमा सहभागी बन्नुहुन्थ्यो, र सन् १७२६ – सन् १७३५ सम्म उच्च विद्यालयमा विभिन्न विषयको प्राध्यापकको रूपमा विभिन्न समयमा काम गर्नुभयो।)

## वेस्लीलाई बुवाले आफूलाई सघाउन घर बोलाएको

उहाँको बुवाले दुई वटा मण्डलीलाई हेर्नुपरेको थियो, एउटा एप्वोर्तमा अर्कोचाहिँ व्रुट भन्ने गाउँमा थियो, जुनचाहिँ एप्वोर्तबाट सात किलोमिटर टाढा थियो। बुवाले जोनलाई आएर व्रुटमा भएको मण्डलीको हेरचाह गर्न बिन्ती

गर्नुभयो। विश्वविद्यालयको अधिकृतले जोन वेस्लीलाई बुवालाई सघाउन विशेष बिदा दिनुभयो, साथै लिन्कन उच्च विद्यालयमा प्रशासनिक समितिको वरिष्ठ सदस्यको कामलाई पनि गरिरहन अनुमति दिनुभयो, जसद्वारा उहाँले वार्षिक चालिस पाउन्ड तलब पाइरहनुभएको थियो। जोन वेस्ली अब प्रायः एप्वोर्तमा रहन थाल्नुभयो, र बेला बेलामा अक्सफोर्डमा आउने–जाने गर्नुभयो।

यतिखेरको समयमा जोनले योर्कसयरमा भएको एउटा विद्यालयबाट असल तलब पाउने एउटा शिक्षक काम पाउनुभयो। त्यो ठाउँले दिने एकान्त वातावरणमा जोन वेस्ली आकर्षित हुनुभएको थियो। यद्यपि उहाँकी आमाले परमेश्वरले उहाँको लागि अझै काम राख्नुभएको छ भनी बताएर त्यसलाई स्वीकार नगर्न सल्लाह दिनुभयो। वेस्लीले त्यो सल्लाहलाई मानेर त्यो कामलाई इन्कार गर्नुभयो।

## चार्ल्स वेस्लीको उच्च विद्यालयको प्रवेश

सन् १७२६ मा जोन वेस्ली अक्सफोर्डबाट निस्केको त्यही साल उहाँको भाइ चार्ल्स वेस्ली क्राइष्ट चर्चको उच्च विद्यालयमा प्रवेश गर्नुभयो। चार्ल्स वेस्ली लन्डनमा भएको वेस्टमिन्स्टर विद्यालयमा पढ्नुभएको थियो। उहाँको अन्तिम वर्षको अध्ययनमा उहाँ विद्यालयको कप्तान बन्नुभएको थियो, साथै राजकीय छात्रवृत्ति कार्यक्रमबाट छात्रवृत्ति पाउने पाँच जना विद्यार्थीहरूमा उहाँ पहिलो स्थानमा हुनुहुन्थ्यो, र त्योद्वारा अक्सफोर्ड विश्वविद्यालयमा प्रवेश गर्नुभयो।

## सबै कुरालाई त्यागेर ख्रीष्टलाई पछयाउने निर्णय

सन् १७२९ मा जोन वेस्लीले आफ्नो दैनिकीमा यसरी लेख्नुभयो, “विलियम लले लेखेको ‘ख्रीष्टियन पेर्फेक्सन एन्ड सिरिएस कल (इसाई परिपक्वता र गम्भीर बोलावट)’ भन्ने किताब पढेको एक दुई वर्षपछि मैले बुझेँ, कि आधा इसाई भएर जिउनु असम्भव हो, र मेरो सम्पूर्ण प्राण, शरीर र सम्पत्तिलाई परमेश्वरमा अर्पण गर्ने निर्णय मैले गरेँ।”

# अध्याय - ३

# होली क्लब र सेवाको विस्तार

### चार्ल्स वेस्लीको आत्मिक जीवन

यति नै खेर क्राइष्ट चर्चको उच्च विद्यालयमा दोस्रो वर्षको अध्ययनमा हुँदा चार्ल्स वेस्लीले एउटा सानो विद्यार्थी समूहलाई जम्मा गरेर उच्च विद्यालयभित्र भएको गिर्जाघरमा प्रभु–भोजमा सहभागी हुनको लागि साथमा लान थाल्नुभयो।

चार्ल्स वेस्लीको पल्लो कोठामा बस्ने विलियम मोर्गन भन्ने विद्यार्थी खराब विद्यार्थीहरूको सङ्गतमा पर्नुभयो। मोर्गन एउटा असल परिवारबाट आउनुभएको थियो, र धार्मिक जीवन जिउन इच्छुक हुनुहुन्थ्यो। तर आफ्ना खराब साथीहरूको सङ्गतलाई छोड्न सक्नुभएन। चार्ल्सले यस कुरामा जितेर खराब सङ्गतबाट छुटाउनुभयो। उहाँलाई त्योबाट बाहिर आउन सहायता गर्नुभयो, र उहाँको वास्ता गर्नुभयो।

### प्रार्थना सभाको सुरुवात

त्यही नै साल चार्ल्सले एउटा ठुलो कदम उठाउनुभयो। उहाँले आफ्नो कोठामा बाइबल अध्ययन सुरु गर्नुभयो, र हरेक दिन बेलुकी आफूसँग बाइबल अध्ययन र प्रार्थनामा सहभागी हुनको लागि विलियम मोर्गनलाई निम्तो दिनुभयो। चाँडै नै अर्को एउटा परमेश्वरप्रति भय राख्ने रबेर्ट किरकम, जो मेटन उच्च विद्यालयमा पढिरहनुभएको थियो, उहाँहरूसँग जोडिनुभयो।

### जोन वेस्लीको आगमन

सन् १७२९ मा विश्वविद्यालयको अधिकृतले जोन वेस्लीलाई लिन्कन उच्च विद्यालयमा आफ्नो पूरै समयलाई प्राध्यापक काममा दिन अनुरोध गर्नुभयो। जोन वेस्लीले यो अनुरोधलाई स्वीकार गरेर व्रुटमा भएको

मण्डलीको सेवक पदलाई राजीनामा दिएर लिन्कन उच्च विद्यालयमा फर्किनुभयो। जोन वेस्ली त्यहाँ रहनको लागि एउटा कोठा पनि दिइयो।

चार्ल्स वेस्ली, मोर्गन र किरकमले जोन वेस्लीको आगमनको लागि उत्सुकतापूर्वक पर्खिरहेका थिएन। अब यो समूह लिन्कन उच्च विद्यालयमा रहेको जोन वेस्लीको कोठामा भेला हुन थालियो। सुरुमा हप्तामा एकपल्ट आइतबार बेलुकी जम्मा हुन थालेका थिए, त्यसपछि हप्तामा दुई पल्ट जम्मा हुन थाले; केही समयपछि हरेक दिन बेलुका छ बजेदेखि नौ बजेसम्म उहाँहरू जोन वेस्लीको कोठामा जम्मा हुन थाले। यी सभाहरू प्रार्थनामा सुरु हुन्थे र रात्रि भोजनमा अन्त हुन्थे। साथीहरू सबै मिलेर ग्रिक नयाँ करार र रोमी र ग्रिक लेखहरूलाई अध्ययन गर्थे; साथै दिनभर गरेका कामहरूको बारेमा छलफल गरेर र भोलिको बारेमा बातचित गरेर योजनाहरू बनाउँथे। अन्तमा एउटा किफायती भोजन लिएर छुट्थे। उहाँहरू हप्तामा एकपल्ट प्रभु–भोज लिन्थे; हप्तामा दुई पल्ट उपवास बस्थे, र सबै कुरालाई परमेश्वरको इच्छाअनुसार मात्रै गर्ने र असल काममा जोसिलो हुने निर्णयको साथ आफूलाई जाँच्ने एउटा विस्तृत प्रणालीलाई प्रयोग गर्थे।

### वेस्ली दाजुभाइहरूले विद्यार्थीहरूलाई खराब विद्यार्थीहरूबाट बचाउनु

रेभरेन्ड गमबोल्डले पवित्र समाजको बारेमा यसरी व्याख्या गर्नुभएको थियो – "जोन र चार्ल्स वेस्ली विद्यार्थीहरूको बिचमा गएर जवान विद्यार्थीहरूसँग बातचित गर्नुहुन्थ्यो। उहाँहरूले विश्वविद्यालयका नयाँ विद्यार्थीहरूलाई सम्पर्क गर्नु र उनीहरूलाई खराब सङ्गतबाट उद्धार गर्नुमा ठुलो कष्टसहित परिश्रम गर्नुहुन्थ्यो। उहाँहरूले विद्यार्थीहरूलाई सचेत रहन र आफ्नो पढाइमा ध्यान दिन उत्साह दिनुहुन्थ्यो। उहाँहरूले विद्यार्थीहरूलाई आफूसँग चिया–नास्ता खान निम्तो दिएर उहाँहरूको जीवनको असल उद्देश्यको बारेमा ध्यान फर्काउन आफूले सक्ने सबै गर्नुहुन्थ्यो। तिनीहरूलाई राम्रो स्वभावका विद्यार्थीहरूको सङ्गतमा जोड्नुहुन्थ्यो, र तिनीहरूको पढाइमा सहायता गरेर उहाँहरूलाई अति नरमतासहित वास्ता गर्नुहुन्थ्यो।"

### चार्ल्स र उहाँको समूहले मेथोडिस्ट भन्ने नाम पाउनु

चाँडै नै क्राइष्ट चर्चको उच्च विद्यालयको एक जना विद्यार्थीले उहाँहरू गम्भीरतासहित परमेश्वरलाई खोजेको र प्रभु–भोज लिएको र सबै कुरामा विधिपूर्वक (Method) चलेको देखेर जिस्काएर उहाँहरूलाई मेथोडिस्ट (Methodists–विधिपूर्वक चल्नेहरू) भनी बोलाउन थाले। यो नयाँ र अनौठो नाम सन् १७२९ को अन्तमा सधैँको लागि उहाँहरूको परिचय बन्न पुग्यो। सबैले त्यही नामद्वारा उहाँहरूलाई चिन्न थाले – "र त्यो समयदेखि यी चार जना जवानहरू र उहाँहरूसँग कुनै पनि धार्मिक सम्बन्ध भएको अन्य सबै मेथोडिस्ट भन्ने यही नामद्वारा चिन्ने भए।"

### होली क्लब (पवित्र समाज) बढ्न थाल्नु

जोन वेस्लीले होली क्लबको वृद्धिको बारेमा यसरी व्याख्या गर्नुभएको छ, "पछिका चार पाँच वर्षका समयहरूमा नयाँ विद्यार्थीहरू एक पछि अर्को गरी थपिन थाले, र सन् १७३५ को अन्तमा नियमित रूपमा भेला हुनेहरूको सङ्ख्या चौध पुगिसकेको थियो। यसमध्येमा तीन जना शिक्षकहरू थिए; बाँकी अरूचाहिँ स्नातक तहमा पढिरहेका विद्यार्थीहरू थिए। धेरै जना पछि गएर अगुवाहरू बन्न पुगे, जस्तैः जेम्स हेर्वे, जर्ज ह्वाइटफिल्ड, जोन क्लेटन र रबेर्ट मोर्गन।

"उहाँहरू अति नै अनुशासित विद्यार्थीहरू थिए, जो आज्ञा पालन गर्नुमा दृढतापूर्वक लागिरहने खालका थिए। उहाँहरू कठोरतासहित मण्डलीको हरेक नियमलाई पालन गर्थे, र आफ्नो विश्वविद्यालय र त्यसमा रहेको उच्च विद्यालयका कानुनहरूलाई पनि ध्यानसित पछ्याउँथे। उहाँहरू हरेक कुरामा कट्टरवादी थिए। तीन वटा विश्वासका सारहरूलाई मात्र नभएर चर्च अफ इङ्गल्यान्डको सिद्धान्तभित्र पर्ने भनी उनीहरूले थाहा पाएका सबै कुरालाई बलियो रूपले विश्वास गर्थे। आजको दिनमा जिउनुपर्छ भन्ने कुराको इच्छामा भोलिको बारेमा कहिल्यै तिनीहरूले सोचेनन्। सुरुको प्रेरितीय मण्डलीले अभ्यास गरेझैँ तिनीहरूका सबै थोक साझा राख्ने गर्थे, र होली क्लबको कुनै पनि विद्यार्थीले अरूलाई प्रशस्त भएको चिज आफूलाई खाँचो परेको अवस्थामा जिउन परेन।"

**कैदीहरूलाई भेट्न जानु र उनीहरूको ऋण तिरिदिनु**

विलियम मोर्गन भन्ने त्यो आयरल्यान्डको विद्यार्थी, जो उहाँहरूको झुन्डको पहिलो सदस्य बन्नुभएको थियो, उहाँ अक्सफोर्डको छेउमै भएको एउटा कारागारमा कैदीहरूलाई भेट्न जानुभयो। त्यहाँ एउटा मानिसलाई भेट्नुभयो, जो आफ्नी श्रीमतीलाई हत्या गरेको कारण मृत्युदण्ड पाएर कारागारमा थियो, साथै उहाँले अन्य केही कैदीहरूलाई भेट्नुभयो, जो आफ्नो ऋणको कारणले मात्रै कारागारमा थिए। यी मानिसहरूको दुःखदायी अवस्थालाई देखेर उहाँ अति व्याकुल हुनुभयो। केही महिनाहरूपछि जोन वेस्ली, चार्ल्स वेस्ली र उहाँहरूको समूहका अन्य सदस्यहरू मिलेर कारागारमा कैदीहरूलाई भेट्न जानुभयो, र तिनीहरूसित बातचित गर्नुभयो। यो अति नै महत्त्वपूर्ण काम भन्ने महसुस उहाँहरूलाई त्यहाँ हुँदा भयो, र कैदीहरूलाई सक्दो सबै सहायता गर्न हप्तामा दुई दिन कारागारमा जाने निर्णय गर्नुभयो। उहाँहरू सबैले तिनीहरूको लागि पुस्तक र औषधि किन्न र साना ऋण भएकाहरूको ऋण तिरिदिन पैसा जम्मा गर्न यथाशक्य योगदान गरे। जोन वेस्लीले हरेक सिक्का बचाउन सक्ने प्रयास गर्न थाल्नुभयो। उहाँले मासु खान छोड्नुभयो, र हजामकहाँ पनि जान छोड्नुभयो। अक्सफोर्डदेखि घरसम्म हिँडेर नै जानुभयो, र त्यो पैसालाई पनि जोगाउनुभयो। शिक्षकको रूपमा उहाँको तलब वार्षिक २८ पाउन्ड थियो, जसबाट उहाँले दुई पाउन्ड परोपकारको लागि दिनुभयो। दोस्रो वर्ष उहाँको तलब बढेर ६० पाउन्ड पुग्यो, र उहाँले ३२ पाउन्ड परोपकारको लागि दिनुभयो। तेस्रो वर्ष उहाँको तलब बढेर ९० पाउन्ड पुग्यो, जसबाट अझै २८ पाउन्ड मात्र आफूसँग राखेर बाँकी ६२ पाउन्डलाई दिनुभयो। चौथो वर्ष उहाँको तलब १२० पाउन्ड पुग्यो, र उहाँले ९२ पाउन्ड दिनुभयो। जोन वेस्लीले यो मितव्ययी जीवनको अभ्यास उहाँको जीवनको अन्तसम्म नै गर्नुभयो, र जसद्वारा उहाँले जीवनभरि ३०,००० पाउन्ड पैसा बाँड्नुभएको थियो, जुनचाहिँ अहिलेको समयमा दस करोड डलर बराबर हुन्छ। (मृत्युको लागि तोकिएका कैदीहरूलाई भेट्न वेस्लीले अक्सफोर्डको बिशपलाई अनुमति माग्नुभयो। बिशपले आफू यो सेवामा प्रसन्न भएको कुरा बताएर अनुमति दिनुभयो। जोन वेस्ली र उहाँको समूहले त्यति बेलादेखि साढे चार वर्षसम्म हप्तामा दुई पल्ट कारागारमा

कैदीहरूको बिचमा सेवा गरे। सन् १७३१ मा उहाँको दैनिकीको अगाडि पानामा उहाँले आफ्नो साप्ताहिक तालिकामा सोमबार र शुक्रवार बोक्यार्डो कारागारमा र मङ्गलवार र शनिवार क्याजल कारागारमा जाने योजनालाई लेखिराख्नुभएको थियो। जोन र चार्ल्स वेस्ली दुवैले नै जीवनको अन्तसम्म जेलखानामा कैदीहरूको बिचमा गरिने सेवालाई गरी नै रहनुभयो।)

### रोगी र कमजोरीहरूलाई भेट्नु

एक दिन विलियम मोर्गन आफ्नो विश्वविद्यालयको छेउमा भएको एक जना रोगी मानिसलाई भेट्न जानुभयो। होली क्लबले नियमित रूपमा रोगीहरूलाई पनि भेट्न जानुपर्छ भनी मोर्गनलाई लाग्न थाल्यो। जोन वेस्लीले यो योजनालाई लिनुभयो, र तुरुन्तै हप्तामा दुई पल्ट रोगीहरूलाई भेट्न गएर उनीहरूसित प्रार्थना गर्ने एउटा योजना बनाउनुभयो।

### गरिब बच्चाहरूको लागि विद्यालयको व्यवस्थापन

जोन वेस्लीले विश्वविद्यालयको वरिपरि भएका गाउँहरूमा भएका गरिब बच्चाहरूको लागि एउटा सानो विद्यालय खोल्नुभयो, र त्यसमा शिक्षक नियुक्त गरेर तलब पनि आफैले दिनुभयो। होली क्लबका सदस्यहरूले बारम्बार स्वेच्छाले त्यहाँका बच्चाहरूलाई पढाउन जानुभयो।

### विश्वविद्यालयमा सतावट

यतिखेर विश्वविद्यालयका अन्य प्राध्यापकहरूले यो मेथोडिस्ट भन्ने सम्प्रदायको बारेमा नकारात्मक कुराहरू बोल्न थाले, जसले गर्दा केही सदस्यहरू होली क्लबलाई छोडेर गए। शिक्षकहरू, विद्यार्थीहरू र अभिभावकहरू जोन वेस्लीले आफ्नो सिद्धान्तमा अरूलाई खिच्न सक्छ भनी डराए, र शिक्षकको रूपमा उहाँको इज्जत पनि घट्न थालियो।

बारम्बार विश्वविद्यालयका विद्यार्थीहरूले जोन वेस्ली र उहाँको समूहलाई गिल्ला गर्न थाले। केही विद्यार्थीहरू तिनीहरूलाई देखेपछि 'मेथोडिस्ट, बाइबलका कीराहरू र हठधर्मी' जस्ता शब्दहरू गिल्लाको रूपमा चिच्च्याउँथे।

### परमेश्वरलाई पूर्ण रूपमा प्रेम गर्ने निर्णय

सन् १७३० मा वेस्लीले आफ्नो दैनिकीमा यसरी लेख्नुभयो: "म बाइबल धर्मशास्त्रलाई मेरो जीवनको नियमको रूपमा लिने निर्णय गरिसकेको छु, र परमेश्वरलाई मेरो सारा हृदयले प्रेम गर्न सकूँ, र मेरो सारा बलले उहाँको सेवा गर्न सकूँ भनी उहाँको अगाडि म व्याकुल भएँ।"

### विवाहलाई इन्कार गर्नु

उहाँ लिन्कन उच्च विद्यालयमा हुँदा आफ्नो साथी रबेर्ट किरकमकी बहिनी सुश्री बेटी किरकमसँग उहाँ परिचित हुनुभयो। उनी एउटी सेवककी छोरी थिइन्। बेटीको मन पनि जोनप्रति भएको देखिन्थ्यो। तिनी वेस्लीले विवाहको लागि निर्णय गर्नको लागि पर्खिरहेकी थिइन्। आफ्नो जीवनको बारेमा परमेश्वरको इच्छा के छ भनी नजानेकाले उहाँले विवाहलाई इन्कार गर्नुभयो।

### अति गम्भीर परीक्षा

सन् १७३३ मा जोन वेस्लीले एउटा कठिन परीक्षालाई सामना गर्नुपर्ने भयो। उहाँको बुवा मृत्युको ओछ्यानमा हुनुहुन्थ्यो, र उहाँले जोन वेस्लीलाई आफूले चालिस वर्ष सेवा गरेको एप्वोर्त मण्डलीको जिम्मा लिन आग्रह गर्नुभयो। उहाँको बुवाले मण्डलीको सेवक भएकाले उहाँहरूले पाउनुभएको घरलाई आफ्नी श्रीमतीको लागि छोडेर जाने इच्छा गर्नुभएको थियो, जुन कुरा जोन वेस्लीले मण्डलीको जिम्मा लिए मात्र सम्भव हुन्थ्यो, किनभने उहाँहरूको निजी घर थिएन। यो एउटा अति कठिन परीक्षा थियो, तर जोन वेस्लीले अक्सफोर्ड छोड्न सहमत हुनुभएन, जहाँ उहाँले परमेश्वरको लागि यथाशक्य गर्न सक्छु भनी महसुस गर्नुभयो।

### जर्ज ह्वाइटफिल्ड होली क्लबको सदस्य हुनु

सन् १७३५ मा जर्ज ह्वाइटफिल्ड अक्सफोर्डको पेम्ब्रोक कलेजका विद्यार्थी हुनुहुन्थ्यो। एक दिन चार्ल्स वेस्लीले उहाँलाई भेट्नुभयो, र उहाँलाई बिहानको खाजा खान बोलाउनुभयो। ह्वाइटफिल्डले उहाँबाट आत्मिक

सल्लाह लिने आफ्नो इच्छाबारे पनि कुरा गर्नुभयो। चार्ल्सले उहाँलाई थुप्रै आत्मिक पुस्तकहरू र निर्देशन दिनुभयो, र होली क्लबमा परिचित गराउनुभयो। त्यसपछि ह्वाइटफिल्ड नियमित तवरमा तिनीहरूसँग सामेल हुन थाल्नुभयो, र होली क्लबको सदस्य हुनुभयो।

## बुवाको मृत्यु (१६६३ - १७३५)

सन् १७३५ अप्रिल महिनामा जोन वेस्लीका बुबा रेभ. शमूएल वेस्लीको निधन भयो। उहाँ ७२ वर्षका हुनुहुन्थ्यो। जोन वेस्ली र चार्ल्स वेस्लीले आफ्नो कामको सबैभन्दा ठुलो समर्थक गुमाएकोमा दुःखी भए। आफ्नो विश्वासको साथी गुमाएकोमा सुसन्ना वेस्ली दुःखित हुनुभयो।

## अध्याय - ४

# मिसनरी जीवन र त्यसको प्रभाव

**अमेरिकामा मिसनरी भएर जानको लागि जोन वेस्लीले पाएको अनुरोध**

जोन वेस्ली प्राध्यापकको रूपमा लिन्कन कलेजमा काम गरिरहेको बेला उहाँले कर्पस क्रिस्टी कलेजका डा. बर्टनबाट एउटा पत्र प्राप्त गर्नुभयो, जो सोसाइटी फर प्रोपेगेसन अफ गास्पल, एस.पी.जी. (एक मिसनरी समाज) का अध्यक्ष पनि हुनुहुन्थ्यो। डा. बर्टनले जोन वेस्ली र उहाँका भाइ चार्ल्स वेस्लीलाई अमेरिकाको जर्जियामा स्थापित भएको नयाँ उपनिवेशमा मिसनरीको रूपमा एस.पी.जी. मा सामेल भएर जान आग्रह गर्नुभयो। सुसमाचारको पुस्तक अमेरिकाका आदिवासीहरूकहाँ लैजानु पनि यस मिसनमा समावेश थियो। डा. बर्टनले अमेरिकाको जर्जियामा भएको नयाँ उपनिवेशका जनरल जेम्स ओग्लेटहोर्पसँग पनि वेस्लीलाई परिचित गराउनुभयो। जर्जियामा नयाँ उपनिवेशको स्थापना ऋण तिर्न नसक्ने एक मात्र अपराधको लागि बेलायतको विभिन्न जेलमा रहेका हजारौँ कैदीहरूलाई मदत गर्ने एउटा उत्कृष्ट काम थियो। यो नयाँ उपनिवेशको स्थापना यी कैदीहरूलाई नयाँ जीवन सुरु गर्ने अवसर प्रदान गर्नको लागि थियो।

जोन वेस्ली र चार्ल्स वेस्ली अमेरिकामा मिसनरीको रूपमा सेवा गर्न अक्सफोर्डको आरामदायी शिक्षण पद छोडेर गए

सन् १७३५ मा जोन वेस्लीले आफ्नी आमा, दुई भाइ र आत्मिक साथीहरूसित सल्लाह गर्नुभयो। धेरै प्रार्थनापछि उहाँले मिसनरीको रूपमा जर्जियाको नयाँ स्थापित उपनिवेशमा जाने प्रस्ताव स्विकार्ने निर्णय गर्नुभयो। उहाँले चार्ल्स वेस्लीलाई पनि साथ दिन आग्रह गर्नुभयो। चार्ल्स वेस्ली त्यति बेला अक्सफोर्डको क्राइस्ट चर्च कलेजका प्राध्यापक हुनुहुन्थ्यो। उहाँ विश्वविद्यालयको आरामदायी वातावरणमा काम गर्ने व्यक्ति हुनुहुन्थ्यो। तर चार्ल्सले विश्वविद्यालयको सुख सुविधा छोडेर अमेरिकामा मिसनरीको

रूपमा आफ्नो दाइलाई साथ दिने निर्णय गर्नुभयो। जोन वेस्लीले होली क्लबका अन्य सदस्यहरूलाई आफूसँग सम्मिलित हुन अनुरोध गर्नुभयो, र तिनीहरूमध्ये दुई जना क्वीन्स कलेज अक्सफोर्डका बेन्जामिन इन्गाम(Benjamin Ingham) र लन्डनको एक व्यापारीका छोरा चार्ल्स डेलामोट्टे (Charles Delamotte) उहाँहरूलाई साथ दिन आए।

वेस्ली यसो भन्नुहुन्छ, "हाम्रो देश छोड्नुपछिको हाम्रो लक्ष्य अभावबाट बच्नु थिएन, (परमेश्वरले हामीलाई प्रशस्त अस्थायी आशिष्हरू दिनुभएको छ) न त धन वा सम्मानको गोबर वा मैला प्राप्त गर्नु थियो; तर यही कुराको लागि मात्र हो:  हाम्रो जीवन बचाउन सकौं र परमेश्वरको महिमाको लागि उहाँको महिमाअनुसार जिउन सकौं।"

## वेस्लीले आफूलाई दिइने तलब लिन इन्कार गर्नु

वेस्लीलाई एस.पी.जी. ले वार्षिक ५० पाउन्ड तलब दिने प्रस्ताव राख्यो। जोनले लिन्कन कलेजको वरिष्ठ प्रशासनिक सदस्यको रूपमा वार्षिक ४० पाउन्ड तलब प्राप्त गरिरहेको बेला कुनै थप तलबको आवश्यकता नपर्ने कुरा तुरुन्तै बताउनुभयो। यो उहाँको लागि पर्याप्त थियो, र उहाँलाई एक पैसा पनि बढी आवश्यक थिएन।

## जोन वेस्ली र उहाँका साथीहरू जर्जियाको यात्रा सुरु गर्नु

सन् १७३५ अक्टोबर १४ मा जोन वेस्ली, चार्ल्स वेस्ली, चार्ल्स डेलामोट्टे र बेन्जामिन इन्गाम सिम्मोन्ड्स अमेरिका जान जहाज चढ्नुभयो।

## मोराभिहरूसँगको पहिलो सम्पर्क

जहाजमा वेस्लीले जर्मनीको हर्नहुटबाट आएका २६ जना मोराभियाली इसाईहरूको एउटा समूह भेट्टाउनुभयो, जो पनि आफ्ना पत्नी र छोराछोरीहरूसँग जर्जिया गइरहेका थिए। तिनीहरूको एक जना बिशप डेविड निचम्यानले यस समूहको नेतृत्व गर्नुभएको थियो। जर्जियामा बसाइँ सरेका मोराभिहरूको दोस्रो समूह यिनीहरू नै थिए। जनरल ओग्लेटहोर्पले मोराभिहरूलाई यस बस्तीमा बस्न निम्तो दिएका थिए।

मोराभिहरू इसाईहरूको अनुपम समूह थिए, र तिनीहरू युरोपका महान् आत्मिक अगुवा तथा शहीद जोन हसका अनुयायीहरू थिए। मोराभियाली एल्डर ए.जी. स्पेन्गेनबर्गले मोराभिहरूको पहिलो समूहको नेतृत्व गर्नुभएको थियो।

अमेरिकातिरको यात्रामा हुँदा समुद्रमा भयानक आँधी चल्यो, र जहाज दुर्घटनाग्रस्त हुने खतरा थियो। मोराभिहरू उपासनाको बिचमा थिए, र निकै तीव्रतासाथ परमेश्वरको प्रशंसा गरिरहेका थिए। वेस्ली डराउनुभएको थियो। वेस्ली लेख्नुहुन्छ, "भजनसंग्रह पढेर तिनीहरूको सेवा सुरु हुँदा समुद्र उर्लेर आयो, मुख्य पाललाई टुक्रा-टुक्रा पारेर जहाजलाई छोपेर जहाजको अगाडि भागमा पानी खन्यायो, त्यो ठुलो गहिराइले हामीलाई निलिसकेको जस्तो भइसकेको थियो। अङ्ग्रेजहरूमाझ डरलाग्दो चिच्याहट सुरु भयो। जर्मनीहरूले शान्तपूर्वक भजन गाए। मैले तिनीहरूमध्ये एक जनालाई सोधेँ; 'डराउनु भएन?' उहाँले जवाफ दिनुभयो, 'होइन, म परमेश्वरलाई धन्यवाद चढाउँदै छु।' मैले सोधेँ: 'तर के तपाईंका स्त्री र केटाकेटीहरू डराएनन् र?' उहाँले हल्कासँग जवाफ दिनुभयो: 'होइन, हाम्रा स्त्री तथा केटाकेटीहरू मर्न डराउँदैनन्।' तर मोराभिहरूले परमेश्वरको प्रशंसा गरी नै रहे। अन्ततः आँधी थम्यो। जर्जिया पुगेपछि वेस्लीले मोराभियाली बिशप ए.जी. स्पेन्गेनबर्गलाई (Spangenberg) आत्मिक सल्लाह माग्नुभयो। बिशपले वेस्लीलाई उहाँको नयाँ जन्म र मुक्तिको निश्चयबारे छानबिन गर्नुभयो।

**जर्जियामा पहिलो बस्ती बसाल्ने मानिसहरू**

सन् १७३५ मा जर्जियाको उपनिवेशमा केटाकेटीलगायत ५०० भन्दा कम युरोपेली मानिसहरू थिए। जर्जियामा पहिलो बस्ती बसाल्ने मानिसहरू वेस्ली आउनुभन्दा तीन वर्षअघि सन् १७३२ मा आइपुगेका थिए। तिनीहरूको सङ्ख्या केटाकेटीलगायत १२६ जना थियो। त्यसपछिका वर्षहरूमा २० जना यहूदी परिवार र ४० जना आइरिस कैदीहरूको समूह आइपुग्यो। [जर्जिया एउटा नयाँ उपनिवेश थियो, र सन् १७३३ मा पहिलो ११६ जना उपनिवेशवादीहरू त्यहाँ आइपुगे। सन् १७३७ मा ५१८ जना त्यहाँ थिए, जसमध्ये १४९ जना सोह्र वर्षमुनिका र लगभग १८० जना नाम मात्रका


एङ्‌िलकन इसाई थिए।]

**स्थानीय भारतीयहरू**

स्थानीय आदिवासीहरूको जनसङ्ख्या लगभग २५,००० थियो। जर्जियाली आदिवासीहरूको कुनै साहित्य, धर्म र नागरिक सरकार थिएन। स्थानीय भारती भनिने यी चोक्टौ नामका आदिवासीहरूको अधीनतामा धेरै भूमि थियो; जर्जियाको सवान्हदेखि आठ–नौ सय किलोमिटर पश्चिममा व्यवस्थित रूपमा स्थापित भएको धेरै सङ्ख्याका मानिसहरू बस्ने सहरहरू थिए; अनि त्यहाँ ६,००० योद्धाहरू थिए।

**अमेरिकामा वेस्लीको काम**

जोन भन्नुहुन्छ, "मैले जर्जियामा पाइला टेक्ने बित्तिकै हरेक दिन बिहान पाँच बजे प्रचार गर्न थालेँ। अनि सहरका हरेक गम्भीर व्यक्तिहरू वर्षभरि नियमित तवरमा सेवामा सहभागी हुन्थे।" यसबाहेक उहाँ दिनहुँ घर–घरमा मानिसहरूलाई भेट्न जानुहुन्थ्यो। अनि उहाँले हरेक शनिवार दिउँसो विद्यालयमा बच्चाहरूलाई सिकाउनुहुन्थ्यो।



**स्थानीय भारतीहरूलाई प्रचार गर्दै जोन वेस्ली**

**अमेरिकामा जोन वेस्लीको आइतबारको दिनको तालिका**

उनको आफ्नै विवरण यस्तो छ– “म बिहान ५ बजे पहिलो अङ्ग्रेजी सेवा सञ्चालन गर्छु, र यो ५ देखि ६:३० सम्म चल्थ्यो। त्यसपछि मैले भाडोइसहरूको लागि एउटा इटाली सेवा सुरु गरेँ, जुन बिहान ९ बजे सुरु हुन्थ्यो। प्रवचन र प्रभु–भोजसहित अङ्ग्रेजीहरूको लागि दोस्रो सेवा बिहान १०:३० बजेदेखि १२:३० बजेसम्म सञ्चालन भयो। फ्रान्सेली सेवा दिउँसो १ बजे सुरु भयो। दुई बजे मैले बच्चाहरूलाई सिकाउन सुरु गर्थें। लगभग ३ बजेतिर मैले अङ्ग्रेजी सेवा सुरु गर्थें। यो काम सकेपछि मेरो ठुलो कोठाले अटाउन सक्नेसम्मको मानिसहरूसँग मिलेर अध्ययन, प्रार्थना र प्रशंसामा समय बिताउने आनन्द प्राप्त गर्थें। अनि लगभग ६ बजेतिर मोराभिहरूको सेवा सुरु हुन्थ्यो: त्यहाँ म शिक्षकको रूपमा नभई प्रशिक्षार्थीको रूपमा उपस्थित हुन पाएकोमा खुसी हुन्थेँ।”

**जोन वेस्ली र चार्ल्स वेस्ली युद्ध र सांसारिक व्यापारको सिकार हुनु**

जर्जियाको उपनिवेश सन् १७३३ मा स्थापना भएदेखि नै त्यो बेलायत र स्पेन बिचको विवादित इलाका थियो। स्पेनले फ्लोरिडाको आफ्नै उपनिवेशको लागि उक्त इलाकाको दाबी गर्‍यो, र बेलायती बासिन्दाहरूले गैर कानुनी रूपमा कब्जा गरेको भनी विवाद गर्‍यो। पादरीलगायत सबै प्रवासीलाई आधारभूत सैन्य प्रशिक्षण दिइन्थ्यो, र स्पेनिया सेना वा अन्य कुनै देशको आक्रोशमा लड्न तयार हुनुपर्थ्यो। जर्जियामा काम गर्नु एकदमै कठिन थियो। जोन र चार्ल्स वेस्लीले हर प्रकारको कडा परिश्रम गर्नुपर्थ्यो। उहाँहरूले रूख काट्नुपर्थ्यो, जङ्गल सफा गर्नुपर्थ्यो, घर बनाउनुपर्थ्यो, युद्ध गर्न तयार भएर बस्नुपर्थ्यो, जङ्गली जनावर तथा गोहीहरूको बिचमा रहनुपर्थ्यो। यसरी तिनीहरूले अमूल्य तालिम पाए, र यसो गर्दा भविष्यमा आफूहरूको लागि परमेश्वरले राख्नुभएको महान् कामको लागि तयार हुन थाले।

**बेलायत फर्किने निर्णय - सन् १७३७**

जोन वेस्ली चर्चका नियमहरू पालन गर्नुमा अत्यन्तै परम्परावादी र कट्टर

थिए। जर्जियाका मानिसहरूको एउटा सानो समूहलाई, जसलाई न्यायाधीश श्रीमान् कास्टनले नेतृत्व गर्नुभयो, जोन वेस्लीको कठोर र कडा प्रशासन मन परेन, र उहाँको विरुद्ध थुप्रै आरोपहरू लगाएपछि तिनीहरूले उहाँको सम्झौता रद्द गरे। जोन वेस्लीले आफ्नो पदबाट राजीनामा दिनुभयो, र बेलायत फर्किनुभयो।

### बेलायतमा आइपुग्नु

सन् १७३८ फेब्रुअरीको सुरुतिर वेस्ली बेलायत आइपुग्नुभयो, र सीधै लन्डन जानुभयो। यात्राको क्रममा उहाँले पौवाहरूमा र आफूले भेटेका सबै मानिसहरूलाई प्रचार गर्नुभयो। चार्ल्स वेस्ली आफ्नो दाइलाई भेट्न पाउँदा आनन्दित हुनुभयो, जोन अप्रत्याशित रूपमा आइपुग्नुभएको थियो, र उहाँका भाइ चार्ल्स र जनरल ओग्लेटहोर्प असाध्यै छक्क पर्नुभयो।

### लन्डनमा हटनको घरमा बस्दै - सन् १७३८

लन्डन आइपुगेपछि उहाँ आफ्ना साथी श्रीमान् हटनको परिवारसँग लन्डनको वेस्टमिनिस्टरस्थित ग्रेट कलेज स्ट्रिटमा बस्नुभयो। श्रीमान् हटन र उहाँकी श्रीमतीले जोन र चार्ल्स वेस्लीलाई आफ्नै छोराहरूजस्तै माया गर्थे।

### वेस्लीले सेवकाई सुरु गर्नुभयो

सन् १७३८ मा जोन वेस्लीले सार्वजनिक ठाउँमा प्रचार गर्न थाल्नुभयो। उहाँले आफूले भेट्ने सबैलाई प्रचार गर्नुभयो। उहाँले आफू बसेको पौवाका कामदारहरूसित कुरा गर्नुभयो। आफूसित खाना खान बसेका मानिसहरूलाई प्रचार गर्नुभयो। यात्रामा हुँदा उहाँले आफ्नो नजिकै बसेका यात्रुहरूलाई प्रचार गर्नुभयो। कसैले उहाँलाई अभिवादन गरेमा उहाँले तिनीहरूलाई परमेश्वरको खोजी गर्न सल्लाह दिएर अभिवादन फर्काउनुहुन्थ्यो।

### जोन वेस्लीका शब्दहरू सुनेर मानिसहरू प्रभावित हुनु

वेस्लीले घोडाको रेखदेख गरिरहेको एक जना मानिससँग कुरा गरेको सुनेर एक अपरिचित व्यक्तिले उहाँलाई पछ्याएर घरभित्र पस्यो। उसले भन्यो, "हजुर, म तपाईंलाई मेरो जीवनको अलिकति कुरा भन्न चाहन्छु,"

उसका आँखाबाट आँसु बग्यो, र उसले वेस्लीलाई आफ्नो जीवन बतायो, र उहाँको सल्लाह माग्यो।

अर्को ठाउँमा होटेलमा एउटी समलैंगिक युवतीले उहाँहरूको सेवा गरिन्, जसले उहाँहरूको कुरालाई पूर्ण भावशून्यताका साथ सुनिन्। यद्यपि उहाँहरू त्यहाँबाट निस्कँदा "तिनका आँखाबाट आँसु बगिरहेको थियो, र तिनी आफ्नो पापको महसुस गहिरो रूपमा गरिरहेकी थिइन्।"

अर्को ठाउँमा जोन वेस्लीसामु एक जना मानिस एकदमै गर्वसाथ बसिरहेका थिए। जोन वेस्लीले प्रार्थना गर्न थाल्नुभयो। अचानक उनी साह्रै गम्भीर भए, र आफू गम्भीर पापी भएको कुरा उहाँसामु स्विकारे, र अब ऊ परमेश्वरतिर फर्केर गम्भीर रूपमा बढ्न चाहन्थ्यो।

TOG Ministries

## अध्याय - ५

# नयाँ गरी जन्मिनु र जागृतिको विस्फोट

### जोन वेस्ली एक महान् आत्मिक सङ्कटमा

वेस्लीले आफ्नो सारा हृदयले परमेश्वरको सेवा गरिरहेको भए तापनि सन् १७३८ मा आफ्नै जीवनमा ठुलो आत्मिक सङ्कटबाट गुज्रिरहनुभएको थियो। अमेरिकाबाट फर्किंदै गर्दा उनले साधारण मोराभियन इसाईहरूले पाएको प्रभुको आनन्द आफूसँग नभएको महसुस गर्नुभयो। उहाँले आफ्नो सेवकाईमा कुनै फल नरहेको पनि महसुस गर्नुभयो। त्यति बेला उहाँ रुनुभयो – 'म अमेरिकामा मानिसहरूलाई धर्म परिवर्तन गर्न गएँ, तर मलाई कसले धर्म परिवर्तन गर्ने?' अघिल्लो वर्ष जब उहाँ मोराभियनहरूसँग अमेरिका जाँदै हुनुहुन्थ्यो, उहाँले महसुस गर्नुभएको थियो, कि उहाँसँग मोराभियन इसाईहरूमा भएको मुक्तिको निश्चय छैन।

### जोन वेस्लीले येशू ख्रीष्टद्वारा मात्र पाइने मुक्तिको रहस्य बुझ्नु

यस महत्त्वपूर्ण समयमा एक मोराभियन मिसनरी पिटर बोहेलर, जो मिसनरीको रूपमा अमेरिका जाने बाटोमा हुनुहुन्थ्यो, छोटो समयको लागि लन्डन आइपुग्नुभएको थियो। जोन वेस्लीले उहाँलाई स्वागत गर्नुभयो, र लन्डनमा उहाँको बसाइँको व्यवस्था गर्नुभयो। वेस्लीले उहाँलाई अक्सर भेट्नुहुन्थ्यो, र उहाँलाई आफ्नो आत्मिक लडन्तबारे खुलस्त बताउनुभयो। पिटर बोहेलरले उहाँको कुरा सुनेपछि भन्नुभयो, "श्रीमान् वेस्ली, तपाईं उद्धार पाउनुपर्छ, अर्थतः नयाँ गरी जन्मनुपर्छ।" वेस्लीले यो आफूलाई लागू हुँदैन भनी उहाँलाई जवाफ दिनुभयो, किनभने उहाँले आफ्नो युवावस्थाबाट परमेश्वरको सेवा गरिरहनुभएको थियो, र उहाँले आफ्नो जीवन पूर्ण रूपमा परमेश्वरमा समर्पण गर्नुभएको थियो, र एङ्गिलकन मण्डलीको पादरी बन्नुभएको थियो, र अब बेलायतमा एक आत्मिक अगुवा हुनुहुन्थ्यो। तर बोहेलरले फेरि दोहोऱ्याउनुभयो, कि उहाँ महान् इसाई भए तापनि उहाँलाई

अझै पनि परिवर्तन वा नयाँ गरी जन्मिने अनुभव चाहिन्छ। यसलाई अनुग्रहबाट येशूको प्रायश्चित्तमाथिको विश्वासद्वारा मात्र पाइने मुक्तिको सिद्धान्त भनिन्छ। उहाँले यो पनि भन्नुभयो, कि परिवर्तनको अनुभव तुरुन्तै पाइन्छ। वेस्लीले यो शिक्षालाई स्वीकार गर्न सक्नुभएन। उहाँले यो शिक्षालाई स्वीकार गर्न निकै सङ्घर्ष गर्नुभयो। सङ्घर्ष पछि उहाँले बोहेलरलाई यो परिवर्तनको अनुभवलाई कसरी प्राप्त गर्न सकिन्छ भनी सोध्नुभयो। बोहेलरले भन्नुभयो, कि वेस्लीले केवल विश्वासका साथ प्रभु येशूलाई प्रार्थना गर्नुपर्छ, र प्रभु येशू ख्रीष्टमा आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्ने सबैलाई मुक्तिको यो उपहार दिइनेछ। यो सिद्धान्त जोन वेस्ली र चार्ल्स वेस्लीलाई अज्ञात थियो, जो एङ्लिकन मण्डलीमा हुर्किनुभएका थिए, र सधैँ आफ्नै प्रयासले विशेष गरी असल कामहरूद्वारा मुक्ति प्राप्त गर्नुमा विश्वास गर्नुहुन्थ्यो। [सित्तैमा धर्मी तुल्याउनेबाट हुने उद्धार – यो परमेश्वरको एकल कार्य हो,जसलाई पवित्रीकरणले पछ्याउँछ। यो येशूको प्रायश्चित्तमा विश्वासद्वारा मात्र आधारित छ, र असल कामहरूद्वारा प्रकट हुन्छ।]

## जोन वेस्ली र चार्ल्स वेस्लीले आत्मिक नयाँ जन्मको अनुभव गर्नु (एल्डर्सगेटको अनुभव) सन् १७३८ मे २४

तुरुन्तै जोन वेस्लीले मुक्तिको लागि यो विश्वासको खोजी ख्रीष्टमा मात्र गर्न थाल्नुभयो। चाँडै नै (सन् १७३८ मे २४) वेस्ली लन्डनको एल्डर्सगेट स्ट्रीटमा धार्मिक सङ्गतिमा उपस्थित हुँदा उहाँले आत्मिक रूपमा नयाँ गरी जन्मिनु भन्ने कुरालाई अनुभव गर्नुभयो। उहाँले आफ्नो दैनिकीमा यसको वर्णन यसरी गर्नुभएको छ – "साँझमा म एल्डर्सगेट–स्ट्रिटको एउटा सङ्गतिमा गएँ, जहाँ एक जनाले रोमीहरूलाई लेखेको पावलको पत्रको लुथरको प्रस्तावना पढेर सुनाउँदै हुनुहुन्थ्यो। करिब नौ बज्न पन्ध्र मिनेट बाँकी हुँदा, जब उहाँले ख्रीष्टमा विश्वासद्वारा हृदयमा काम गर्ने परिवर्तनको वर्णन गर्दै हुनुहुन्थ्यो मैले मेरो हृदयमा अनौठो रूपमा न्यानो महसुस गरेँ। मैले मुक्तिको लागि ख्रीष्ट, ख्रीष्टमा मात्र भरोसा गरेको महसुस गरेँ: र मलाई एक निश्चय दिइयो, कि उहाँले मेरा पापहरू हटाइदिनुभयो, म जस्तोको पापलाई पनि, र मलाई पाप र मृत्युको व्यवस्थाबाट बचाउनुभयो।" एकै समयमा चार्ल्स वेस्लीले पनि यो आत्मिक नयाँ जन्म वा परिवर्तनको अनुभव प्राप्त गर्नुभयो।

ख्रीष्टमा मात्र विश्वास गरेर पाइने मुक्तिको यो अनुभवले जोन वेस्ली र उहाँका भाइमा ठुलो परिवर्तन ल्यायो। अब उहाँहरू दुवैले यो सन्देश बेलायतमा सबैलाई दिन चाहन्थे। तिनीहरू आत्माहरूको लागि अलौकिक प्रेमले जल्न थाले। ["किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– कर्महरूद्वारा होइन, नत्र त मानिसले घमन्ड गर्नेछ।" (एफिसी २:८–९)।]

[मुक्तिः मुक्ति भनेको प्रभु येशू ख्रीष्टमा बालकले जस्तै विश्वास गरेर परमेश्वरकहाँ आउने सबैका लागि परमेश्वरको उपहार हो। कुनै पनि राम्रो काम वा मानवीय प्रयासले यसलाई प्राप्त गर्ने ठाउँ छैन। राम्रो कामको लागि पक्कै पनि परमेश्वरले इनाम दिनुहुन्छ। तर यसले कहिल्यै मुक्ति कमाउन सक्दैन। मुक्ति विशुद्ध रूपमा परमेश्वरको अनुग्रह हो, जो प्रभु येशू ख्रीष्टमा साँचो विश्वासका साथ परमेश्वरकहाँ आउने जो कोहीलाई पनि दिइन्छ।]

## जागृतिको विस्फोट

आफ्नो आत्मिक परिवर्तनपछि चार्ल्स वेस्लीले प्रभु येशूमा विश्वास गरेर पापबाट मुक्ति पाउने सन्देश सुन्ने सबैलाई प्रचार गर्न थाल्नुभयो। ठुलो जागृति सुरु भयो। उहाँले प्रचार गरेका सभाहरूमा सहभागी भएका मानिसहरूमध्ये एक महिनामा तीस जना व्यक्तिहरूले विश्वासद्वारा पाइने शान्ति र आनन्द प्राप्त गरेको दाबी गरे। यीमध्ये रोमन क्याथोलिक मण्डलीका सेवक रेभ. हेन्री पियर्स पनि हुनुहुन्थ्यो। श्रीमान् पियर्सले वेस्लीलाई सोरेहम मण्डलीका सेवक रेभ. विन्सेन्ट पेरोनेटसँग परिचय गराउनुभयो, जो पछिका समयहरूमा वेस्लीका साथीहरूमध्ये सबैभन्दा मूल्यवान् र विश्वासी साथी बन्नुभयो।

## चार्ल्स वेस्ली मृत्युको मुखमा, सन् १७३८

सन् १७३८ मेमा चार्ल्स वेस्ली प्लेरिसी (Pleurisy–एक घातक फोक्सोको रोग) को गम्भीर बिरामी हुनुभयो, र मृत्युको मुखमै पुग्नुभयो। जोन वेस्ली र उहाँका साथीहरूले उहाँलाई धेरै नरमतापूर्वक वास्ता गर्नुभयो, र उहाँको लागि धेरै प्रार्थना गर्नुभयो, र उहाँ यस रोगबाट धेरै अचम्म तरिकाले परमेश्वरको चङ्गाईद्वारा निस्कनुभयो। यो उहाँको नयाँ गरी जन्मिने

अनुभवभन्दा पहिले भएको थियो।

## जोन वेस्लीको जर्मनीतिरको यात्रा

आफ्नो नयाँ पाएको उद्धारको सन्देशलाई प्रचार गर्न सुरु गर्नुभन्दा अघि जर्मनीमा भएको हेर्न्हट(Herrnhut)मा जिन्जेन्डोर्फ(Nicolaus Zinzendorf)को नेतृत्वमा रहेको बस्तीलाई भ्रमण गर्न जोन वेस्लीले इच्छा गर्नुभयो, जुन भाग सम्पूर्ण मोराभि कामहरूको केन्द्र थियो।

जुन ७ तारिखमा आफ्नो दैनिकीमा जोन वेस्लीले यसरी लेख्नुभयो: "केही समय जर्मनीमा बिताउने सङ्कल्प मैले गरेँ, र विश्वासको पूर्ण शक्तिको जिउँदो गवाहीहरू भएर जिइरहेका र यद्यपि कमजोरहरूलाई सहन पनि सकेका यी पवित्र मानिसहरूसँग बातचित गर्दा मैले मेरो प्राणलाई स्थिर गराएर एउटा विश्वासको नापबाट अर्को नापमा जान सक्छु भन्ने आशा राखेँ।"

सन् १७३८ जुनदेखि सेप्टेम्बरसम्म जोन वेस्लीले यात्रा गर्नुमा र सिन्सेन्डोर्फलाई भेट्नुमा बिताउनुभयो, जहाँ उहाँले मोराभिहरूको कामलाई देख्ने मौका पाउनुभयो, साथै उहाँहरूको जीवनलाई नजिकबाट नियाल्न पनि पाउनुभयो। मोराभिहरूको बिचमा आत्मिक रूपमा अगि भएको ख्रीष्टियन डेविड र जोहन मार्टिन डोबेर दुवैले उहाँहरूको भक्ति र समर्पणद्वारा अझै जोन वेस्लीलाई प्रभाव पारे।

यद्यपि पछिल्ला समयहरूमा जोन वेस्लीको "इसाई सिद्धता"को सिद्धान्त मोराभिहरूको अगुवा सिन्सेन्डोर्फको भन्दा फरक हुन गएकाले दुवै आफ्नै तरिकाले अगाडि बढे। मेथोडिजम वृद्धि भएर विश्वभरि फैलियो, र मोराभिहरूको सेवा पनि अगाडि बढी नै रह्यो। मोराभिहरू एक सय वर्षसम्म हरेक दिन निरन्तर सञ्चालनमा रहेको चौबीस घण्टाको प्रार्थना स्थापना गर्नुभएको कुराको लागि र विश्वभरि मिसनरी पठाउने कामको लागि प्रचलित छन्। यथार्थमा जोन र चार्ल्स वेस्लीको आत्मिक जन्म पनि त्यही २४ घण्टाको प्रार्थनाको परिणाम नै हो।

साथै मेथोडिस्ट सम्प्रदायको झुन्ड सङ्गति र ब्यान्ड सङ्गतिका प्रणालीहरू मोराभिहरूबाट नै प्रभावित भएर जोन वेस्लीले स्थापना गर्नुभयो। पिटर बोहेलरले वेस्लीलाई मोराभिहरूको जस्तो समाज स्थापना गर्न सल्लाह दिनुभएको थियो। जोन वेस्ली हेर्न्हटबाट फर्किंदा समाजको सदस्य सङ्ख्या ३२ पुगेको थियो।

यस्ता समाजहरू बेलायतमा अनौठा कुरा थिएनन्। प्रायः समाजहरू चर्च अफ इङ्गल्यान्डको मुनि रहेर चल्थे, तर योचाहिँ मोराभिहरूको सिद्धान्तअनुसार चलिरहेको थियो।

## लन्डनमा प्रचार गर्नको लागि जोन वेस्लीलाई अत्यधिक रूपमा निमन्त्रणा आउन थाल्नु - सन् १७३८

अमेरिकाबाट फर्किसकेपछि यथार्थमा जोन वेस्ली अक्सफोर्डमा गएर आफ्नो प्राध्यापकको काममा फेरि लाग्ने विचारमा हुनुहुन्थ्यो। उहाँ अमेरिकाको जर्जियाबाट फर्किसकेपछि भन्नुहुन्छ, “म अक्सफोर्डमा फर्केर विद्यार्थीहरूको बिचमा काममा डुब्ने हतारमा थिएँ, र परमेश्वरले घटनाहरूलाई विपरीत दिशामा चलाउन थाल्नुभएको थियो। जर्जियामा रहेको उपनिवेशको जिम्मेवार मानिसहरूले मलाई हरेक हप्ता ढिलो गर्न थाले। त्यति नै खेर मलाई कुनै न कुनै मण्डलीमा प्रचार गर्ने अनुरोध जोरसहित आइरह्यो; आइतबारको बिहान, मध्याह्न र रातका समयहरूमा मात्र नभएर हप्ताको अन्य दिनहरूको लागि पनि निम्तो आयो।” चाँडै नै वेस्लीले लाखौँ सर्वसाधारण मानिसहरूलाई परमेश्वरकहाँ ल्याउनु आफ्नो काम हो भनी बुझ्न थाल्नुभयो।

## जोन वेस्लीले नयाँ गरी जन्मनु र पवित्रीकरणको सन्देश प्रचार गर्न थाल्नु; र ठुलो भीड उहाँको प्रचार सुन्न भेला हुनु

उहाँको प्रचार सुन्न धेरै मानिसहरू भेला हुन थाले भनी उहाँ आफैले भन्नुहुन्छ – “म भर्खरै मात्र अमेरिकाबाट फर्केको छु, तर विशाल जमात मेरो प्रचार सुन्न भेला हुन थालियो।”

## वेस्लीका चार वटा सङ्कल्पहरू

"मेरो व्यक्तिगत व्यवहारको बारेमा मैले मेरो पुराना सङ्कल्पहरूलाई नवीकरण गरेँ, र त्यसलाई लेखिराखेँ।

१. मैले बातचित गर्नुपर्ने सबैसित पूर्ण खुलस्तता र निस्सङ्कोचविना बोल्ने बानी अपनाउने।

२. स्वेच्छाले कुनै पनि खेलबाडको व्यवहार अथवा हाँस खेल गर्नु भन्ने कुराहरूमा क्षणिकको लागि पनि आनन्द नलिईकन निरन्तर रहने गम्भीरतासहित परिश्रम गर्ने।

३. परमेश्वरलाई महिमा नल्याउने एक शब्द पनि नबोल्ने, विशेष गरी सांसारिक कुराहरूको बारेमा बातचित नगर्ने। अरूले गर्छन् होला, होइन, गर्नुपर्छ होला, तर तिमीलाई त्यसमा के मतलब भयो।

४. परमेश्वरलाई महिमा नल्याउने कुनै पनि कुरामा आनन्द नलिने; र मैले गर्ने सबै कुराको लागि परमेश्वरलाई धन्यवाद दिने र त्यसैले मैले धन्यवाद दिन सक्दिनँ भनी मलाई महसुस हुने हरेक प्रकारका र स्थानका कुराहरूलाई इन्कार गर्ने।"

**मण्डलीहरूबाट बहिष्कार गरिनु**

वेस्ली भन्नुहुन्छ, थोरै समयमै एक वर्षभन्दा कम अवधिभित्रै लन्डनमा भएका मण्डलीहरूले उहाँलाई निम्तो दिन छोडे। उहाँ प्रचार गरिरहेको ठाउँमा उहाँलाई पछ्याउने ठुलो भिड र उहाँको नयाँ गरी जन्मनु र पवित्रीकरणको बारेमा प्रचार गरिने क्रान्तिकारी सन्देश जसलाई मण्डलीहरूले मन पराएनन्, यी नै यसको कारण भनी उहाँ भन्नुहुन्छ। सन् १७३८ सेप्टेम्बर महिनादेखि उहाँको दैनिकीमा लेखिएका कुराहरूले देखाउँछन्, कि उहाँलाई झन् झन् थोरै मण्डलीहरूले स्वागत गरे। सन् १७३८ को अन्ततिर एङ्लिकन मण्डलीहरूले जोन वेस्ली र चार्ल्स वेस्लीको लागि पूर्ण रूपमा ढोका बन्द गरे, तर परमेश्वरले नयाँ ढोकाहरू खोल्न थाल्नुभयो।

**जोन वेस्ली मोरफिल्डमा साझा मैदानहरूमा हजारौँ मानिसहरूलाई प्रचार गर्न थाल्नु**

वेस्ली भन्नुहुन्छ, "मण्डलीहरूले मेरोसामु ढोका बन्द गरिदिए, म मौन

रहने आँट गर्न सकिनँ, तर लन्डनको मोरगेट भन्ने ठाउँको नजिक रहेको मोरफिल्ड भन्ने एउटा खुला मैदानमा गएँ, र मेरो कुरा सुन्न भेला भएको ठुलो भिडलाई प्रचार गर्न थालेँ। यहाँ हजारौँ मानिसहरू भेला भए, र प्रायः मानिसहरू कहिल्यै पनि मण्डलीमा नगएकाहरू थिए। परमेश्वरको उपस्थिति मानिसहरूमाथि ओर्लियो, र मानिसहरू आफ्नो पापको बारेमा गहिरो महसुस गर्न थाले। धेरैको मुटु छेडियो, र अति ठुलो गम्भीरता र आँसुसहित आफूहरूले के गर्नुपर्छ भनी सोध्न मकहाँ आए।"

### धार्मिक समाजहरूको बिचमा नयाँ गरी जन्मिनु र पवित्रीकरणको बारेमा वेस्लीले प्रचार गर्न सुरु गर्नु

सन् १७३८ मा बेलायतमा थुप्रै धार्मिक समाजहरू थिए, ती समाजहरू अहिलेका हाम्रो स्वतन्त्र मण्डलीहरूजस्तै हो। यी समाजहरू बाइबल अध्ययन र परोपकारी कार्यहरूको लागि गम्भीर इसाईहरूद्वारा गठन भएका थिए। बेलायतभरि यस्ता १५० वटा धार्मिक समाजहरू थिए, तर लन्डनमा मात्रै ४० वटा जति थिए। लन्डनमा भएका यस्ता समाजहरू प्रायः हरेकले वेस्लीलाई प्रचार गर्न निम्तो दिए। सन् १७३८ सेप्टेम्बरदेखि १७४० जुलाईसम्म झन्डै ३२ वटा लन्डनमा रहेका यस्ता समाजहरूमा वेस्लीले प्रचार गर्नुभयो।

### जोन वेस्ली मृत्युको मुखमा

सन् १७३८ को अन्ततिर जर्जियामा उहाँ हुँदा लागेको एउटा रोगले उहाँलाई फेरि पनि आक्रमण गरेर कमजोर तुल्यायो। जोन वेस्ली यो रोगले मर्नुहुन्छ जस्तो देखियो। चार्ल्स वेस्ली डराउनुभयो, र भन्नुहुन्थ्यो, जोन वेस्ली जिउन थोरै वर्षहरू मात्र बाँकी छन्। यद्यपि परमेश्वरले यो रोगमाथि विजय दिनुभयो, र उहाँलाई निको पार्नुभयो। जोन वेस्लीले अचम्म तरिकाले पूर्ण रूपमा आफ्नो स्वस्थ फिर्ता पाउनुभयो।

### नयाँ प्रकारको सेवाको जग बसालिनु

जोन वेस्लीले आफूले पिटर बोहेलरको सल्लाहमा स्थापना गर्नुभएको समाजलाई ध्यान दिन थाल्नुभयो, र उहाँको सन्देशले त्यो समाजलाई प्रभाव

पार्न थाल्यो। त्यो समाजका मानिसहरू प्रार्थना र छलफलको लागि हप्तैपिच्छे भेला हुन्थे। सन् १७३८ को डिसेम्बर ३१ तारिख राति नयाँ वर्षको सङ्गतिको लागि उहाँहरू भेला भए। जोन वेस्लीले त्यो सभाको बारेमा यसरी लेख्नुभएको छ, "बिहान ३ बजेतिर हामी प्रार्थना गरिरहँदा परमेश्वरको शक्ति बलियो रूपमा हामी माथि आयो, यतिसम्म कि कति जना अति ठुलो आनन्दले चिच्याउन थाले, र कति भुइँमा लडे। हामी त्यो आश्चर्य र विस्मयबाट फर्किने बित्तिकै उहाँको उपस्थितिमा हामीले ठुलो स्वरले भन्यौँ, 'हे परमेश्वर, हामी तपाईंलाई प्रशंसा गर्छौं, हाम्रो प्रभुको रूपमा तपाईंलाई स्वीकार गर्छौं।'" यो सभाले नै जोन वेस्लीलाई एउटा नयाँ प्रकारको सेवातिर लग्यो।

## चार्ल्स वेस्ली कुनै पनि स्थायी कामको जिम्मेवारी लिन इन्कार गरी पूर्ण-समय प्रचारक बन्नु

चार्ल्स वेस्ली, जो पहिले प्राध्यापक हुनुहुन्थ्यो, त्यो कामलाई छोडेर जोन वेस्लीसँग प्रचारमा लाग्नुभयो। जोन वेस्ली र उहाँका साथीहरूले चार्ल्स वेस्लीलाई आफ्नो पुरानो काममा फर्किजान अथवा कुनै मण्डलीको जिम्मा लिन सल्लाह दिए। तर उहाँ अडिग भएर इन्कार गर्नुभयो, र भन्नुभयो कि परमेश्वरले आफूलाई एक ठाउँमा रहेर काम गर्ने निर्देशन दिनुभएको छैन। उहाँले प्रेरितहरूले जस्तै खानेकुरा र लुगाफाटा मात्र भए पुग्छ भन्ने जीवन जिउने निर्णय गर्नुभएको थियो।

## चार्ल्स वेस्ली लन्डनको न्युगेट कारागारमा प्रचार गर्नु र जागृतिको सुरुवात

जुलाई १० तारिखमा एङ्लिकन मण्डलीको पास्टर श्रीमान् स्पार्र्कले, जो कैदीहरूको जिम्मा पाउनुभएको थियो, चार्ल्स वेस्लीलाई बेलायतको सबैभन्दा ठुलो कारागार भएको न्युगेट कारागारमा प्रचार गर्न निम्तो दिनुभयो। चार्ल्स वेस्ली श्रीमान् ब्रे र श्रीमान् बर्न्हमको साथ कारागारमा जानुभयो, र मृत्युदण्ड पाएका १० जना कैदीहरूलाई प्रचार गर्नुभयो। उहाँले ठुलो बोझसहित यो गर्नुभएको थियो। चार्ल्सले मृत्युको मुखमा पश्चात्ताप गर्ने कुरामा कहिल्यै विश्वास गर्नुहुन्न थियो। तर उहाँले बोल्न थाल्दा उहाँ भन्नुहुन्छ, "एउटा नयाँ विश्वास ममा आयो। यदि तिनीहरूले यो अन्तिम

घडीजस्तै भइसकेको समयमा पश्चात्ताप गरेर सुसमाचारलाई विश्वास गरेको खण्डमा मैले तिनीहरूलाई ख्रीष्ट येशूको नाउँमा क्षमा पाउने प्रतिज्ञा दिएँ।" भोलिपल्टको दिनमा उहाँले अति तीव्रतासाथ फेरि कैदीहरूलाई प्रचार गर्नुभयो, र तिनीहरूमध्ये एक–दुई जना गहिरो रूपमा प्रभावित हुनुभएको देख्नुभयो। त्यति बेलादेखि यसरी दोषी ठहराएका मानिसहरूलाई ख्रीष्टमा ल्याउने आफ्नो प्रयासलाई उहाँले दोबर बनाउनुभयो। कैदीमध्ये अफ्रिकी वंशावली भएको एक जना कालो मानिस थिए, जसले आफ्नो मालिकलाई लुटेको कारण मृत्युदण्ड पाएका थिए। चार्ल्स वेस्लीले तिनलाई येशू ख्रीष्टमाथि विश्वास राख्न भन्नुभयो, र एक दिनमै ऊ ख्रीष्टमा आए। मृत्युदण्ड पूरा गरिने दिन नजिकिँदा अझै दुई जना कैदीहरूले चार्ल्स वेस्लीलाई भेटे, र चार्ल्स वेस्ली र उहाँको साथमा रहेको जेम्स हटनले तिनीहरूसित बातचित गरे, र तिनीहरूले ख्रीष्टलाई ग्रहण गरेको देख्ने मौका पाए। मृत्युदण्ड पूरा गर्ने दिनको अघिल्लो रात चार्ल्स वेस्ली र ब्रे दुवै जना ती दस जना कैदीहरूको साथ, जसलाई भोलि फाँसी दिइन्छ, कारागारमा नै रात बिताए। पूर्ण बलसहित प्रार्थनामा परमेश्वरको उपस्थितिमा लडिसकेपछि वेस्लीको बुवाले लेख्नुभएको भजनलाई गाउन थाले:

*"हेर मानवको उद्धारकर्ता लज्जास्पद काठमा टाँगिएको !*
*कति विशाल त्यो प्रेम थियो, कि उहाँ तिम्रो लागि रगत बगाउन र मर्न तयार हुनुभयो !"*

दसै जना कैदीहरूले ख्रीष्टलाई पाए, र थोरै समयमा स्वर्गलोकमा ख्रीष्टसँग हुन गइरहेको निश्चयसहित आनन्दसाथ फाँसी स्वीकार गर्न गए।

### जर्ज ह्वाइटफिल्डले वृस्टलमा आउन जबरजस्ती गर्नु

सन् १७३९ मार्च १५ तारिख जोन वेस्ली यसरी लेख्नुहुन्छ, "म लन्डनमा रहँदा पूर्ण रूपमा व्यस्त थिएँ, हाम्रो आफ्नै समाजहरू र अन्य समाजहरूमा प्रचार गर्न निरन्तर मौका पाइरहेँ। मैले लन्डन छोड्ने कुराको बारेमा सोचेको थिइनँ। श्रीमान् ह्वाइटफिल्ड र श्रीमान् सिवार्डबाट ढिलो नगरी वृस्टल आउन ढिपीसहितको चिठी आउँदा लन्डन छोड्न म अनिच्छुक थिएँ, तर परमेश्वरले मलाई वृस्टल जान अगुवाइ गर्नुभयो।

**वेस्लीको यात्राको सुरुवात**

वृस्टल बेलायतको दोस्रो ठुलो सहर थियो, र १७२ किलोमिटर टाढा थियो। वेस्ली दैनिक ६० किलोमिटरको हाराहारीमा घोडसवार गर्नुभयो, र बाटोमा भएका सहरहरूमा प्रचार गर्नुभयो। सन् १७३९ मार्च २९ तारिख उहाँ लन्डनबाट यात्रा सुरु गर्नुभयो, र ३१ तारिख बेलुकी उहाँ वृस्टल पुग्नुभयो। ह्वाइटफिल्डले उहाँको प्रचारको लागि सबै तयारी गरिसक्नुभएको थियो। अक्सफोर्डमा हुँदा जर्ज ह्वाइटफिल्ड आफै पनि होली क्लबको सदस्य हुनुहुन्थ्यो। वेस्लीले वृस्टल र वरिपरिका नगरहरूमा प्रचार गर्न थाल्नुभयो, र दस हजारदेखि बीस हजार जनाको सङ्ख्यामा मानिसहरू उहाँको प्रचार सुन्न भेला भए।

**वेस्लीले वृस्टलमा दिनरात प्रचार गर्ने अभियान सुरु गर्नु**

अप्रिल – १: जर्ज ह्वाइटफिल्ड केही दिनहरूमा अमेरिका जाने भएकाले वृस्टलबाट जानुभयो। त्यही दिन बेलुका हप्तामा एक अथवा दुई पल्ट निकोलस गल्लीमा भेला हुने  एउटा सानो समाजमा वेस्लीले प्रचार गर्नुभयो।

अप्रिल – २: करिब बेलुकी चार बजेतिर उहाँ नजिकै एउटा सहरमा एउटा उच्च स्थानमा उभिएर प्रचार गर्न थाल्नुभयो, र तीन हजार भन्दा बढी मानिसहरू परमेश्वरको वचन सुन्न भेला भए।

अप्रिल – ८, आइतबार: बिहान सात बजेतिर उहाँले वृस्टलमा हजार जनाको बिचमा प्रचार गर्नुभयो, र त्यसपछि किङ्सउडमा भएको हनम पहाडको टुप्पोमा झन्डै पन्ध्र सय जनालाई प्रचार गर्नुभयो। दिउँसो रोस ग्रीन भन्ने ठाउँमा झन्डै पाँच हजार जना उहाँको प्रचार सुन्न आए, जसको बिचमा उभिएर उहाँले “यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार ‘त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्’।” भनी चिच्च्याउनुभयो।

अप्रिल – १७, बेलुकी पाँच बजेतिर ब्याक लेन भन्ने ठाउँमा भएको एउटा

घरमा मानिसहरू प्रवचन सुन्न भेला भएका थिए। हामी जम्मा भएको कोठा मुनि खाँबाहरूले थामिएको थियो, तर भिडको वजनले गर्दा तल थाम्नको लागि भएको खाँबा प्रचार सुरु गर्ने बेलामा ठुलो आवाजसहित भाँचियो। मानिसहरू बसिरहेको भाग सुरुमा अलि तल झरे तापनि त्यसपछि त्योभन्दा बढी तल गएन। मानिसहरू सुरुमा चकित भए तापनि त्यसपछि चुपचाप प्रचार सुनिबसे।

## खानीको कामले गर्दा कठोर भएको अशिक्षित मजदुरहरूको बिचमा जागृति सुरु हुनु - सन् १७३९

बेलायतमा भएको औद्योगिक क्रान्तिले गर्दा कोइलाका खानीहरू तीव्र रूपमा बढे। कोइला खानीमा काम गर्ने मानिसहरू प्रायः समाजको तल्लो वर्गका मानिसहरू थिए, र परमेश्वर र उहाँका विधिहरूलाई जान्न क्षमता नभएकाहरू भनी तिनीहरूलाई मानिन्थ्यो। उच्च वर्गका मानिसहरूले तिनीहरूलाई असभ्य मानिसहरू भनी ठान्थे। जोन वेस्लीको सहकर्मी जर्ज ह्वाइटफिल्ड नै किङसउडमा भएको कोइला खानीमा प्रवेश गरेर खानीका मजदुरहरूलाई प्रचार सुन्न निम्तो दिने पहिलो व्यक्ति हुनुहुन्थ्यो। खुला ठाउँमा उहाँले पहिलो पल्ट प्रचार गर्दा दुई सय जना मजदुरहरू सुन्न जम्मा भए, र दोस्रो दिनमा दुई हजार भेला भए। चाँडै नै दसदेखि बीस हजार मानिसहरू उहाँको कुरा सुन्न भेला हुन थाले।

## वेस्लीले बृटलमा दिनरात प्रचार गर्ने अभियान सुरु गर्नुभयो

मे १३ तारिख उहाँले आफ्नो दैनिकीमा लेख्नुहुन्छ, “सार्वजनिक रूपमा मैले गर्ने कामहरू अहिलेका समयहरूमा निम्न अनुसार थिए: हरेक बिहान म प्रार्थना पढेर सुनाउँथे र न्यु गेटमा प्रचार गर्थें। हरेक दिन बेलुकी एक अथवा त्योभन्दा बढी समुदायहरूको बिचमा धर्मशास्त्रका केही भागहरूलाई व्याख्या गर्ने गर्थें। सोमवारको दिन बृस्टलको छेउमा भएका सहरहरूमा प्रचार गर्थें; मङ्गलवारको दिन बात र टु माइल हिलमा प्रचार गर्थें; बुधवारको दिन ब्याप्टिस्ट मिल्समा; र बिहीबारको दिन पेन्सफोर्डको वरिपरि र हरेक शुक्रवारको दिनमा किङसउडमा प्रचार गर्थें; शनिवारको बेलुकी र आइतबारको बिहान सहरमा प्रचार गर्थें; आइतबारको दिन एघार बजेतिर

ह्याङहम माउन्टको छेउमा प्रचार गर्थें, दुई बजेतिर क्लिफ्टनमा र पाँच बजेतिर रोस ग्रीनमा प्रचार गर्थें।"

## वेस्लीको प्रचार सुनेर मानिसहरू चट्याङले हानेजस्तै प्रहारको अनुभव गर्नु

वेस्लीको दैनिकीमा यस्तो लेखिएको छ, "तुरुन्तै एउटा र अर्को र अर्को गरी भुइँमा पछारिए; तिनीहरू सबै दिशामा चटयाङले हानेजस्तै भुइँमा लडे। तिनीहरूमध्ये एक जना ठुलो स्वरले रुन थाले। हामीले तिनको लागि परमेश्वरलाई बिन्ती गऱ्यौँ, र उहाँले तिनको दुःखलाई आनन्दको रूपमा बदल्नुभयो। त्यस्तो अवस्थामा भएको दोस्रो मानिसको लागि पनि हामीले परमेश्वरलाई पुकाऱ्यौँ र परमेश्वरले तिनको आत्मामा शान्ति दिनुभयो। न्यु गेट कारागार परमेश्वरको वचनले मुटु छेडिएकाहरूको रुवाइले भरियो: देख्नेहरू चकित हुने गरी तिनीहरूमध्ये दुई जना एकै छिनमा आनन्दले भरिए।" दोषी ठहरिनु भन्ने कुराले मानिसलाई छुरी अथवा गोलीले झैँ प्रहार गरियो, र उसलाई पीडामा पाऱ्यो, जुन पीडाको स्थानलाई प्रायः थोरै समयमा अति ठुलो आनन्दले लियो। अप्रिल १७ तारिख बाल्डविन सडकमा, "चार जना मानिसहरू मृत्युको वेदनामा परेझैँ उच्च वेदनामा ठुलो स्वरले रोए।"

## भूतात्माको बन्धनमा परेका मानिसहरूको ठुलो समूहको लागि जोन वेस्लीले प्रार्थना गरेको

जोन वेस्लीले आफ्नो सेवामा धेरै सङ्ख्यामा भूतात्माको बन्धनमा परेकाहरूलाई सामना गर्नुपरेको थियो। यो उहाँको सेवाको भागमा सबैभन्दा गाह्रो भाग थियो। उहाँले यो सेवामा धेरै वटा भूतात्माहरूको बन्धनमा रहेकाहरूको लागि प्रार्थना गर्नुपरेको थियो, जो हिंस्रक र खतरापूर्ण थिए। उहाँको आफ्नै शब्दले लेखेको घटनालाई हेरौँ, सन् १७३९ अक्टोबर २३, "किङसउडमा भएको एउटी जवान युवतीलाई भेट्न जान मलाई कर गरिइयो। मैले तिनलाई दुई तीन जनाले समातिरहेको अवस्थामा ओछ्यानमा भेटाएँ। पीडा, निराश र त्रास व्याख्या गर्न नसक्ने गरी तिनको पहेँलो अनुहारमा देखियो। तिनको शरीरमा देखा पर्ने हजारौँ बटारबुटुरहरूले नरकका कुकुरहरूले कसरी तिनको हृदयलाई सताइरहेछ भन्ने कुरालाई देखायो। बिच–

बिचमा आउने चिच्च्याइहरू असहनीय थियो। तिनी चिच्च्याएर भनिन्, “म दोषी ठहरिएकी छु, म दोषी ठहरिएकी छु; सधैँको लागि नष्ट भएकी छु ! छ दिन अगि आएको भए तपाईंले मलाई सहायता गर्न सक्नुहुन्थ्यो, तर अहिले त्यो बितिसक्यो। अहिले म सैतानको भएकी छु। मैले आफूलाई तिनलाई दिएकी छु: म तिनकी हुँ, तिनकै सेवा मैले गर्नुपर्छ, तिनीसँगै म नरकमा जानुपर्छ; म तिनकी नै हुनेछु। म तिनको सेवा गर्नेछु, म तिनीसँगै नरकमा जानेछु। मलाई बचाउन सक्दैन, म बाँच्नेछैनँ। म दोषी ठहरिनुपर्छ, म दोषी ठहरिने छु !” फेरि तुरुन्तै तिनले सैतानलाई प्रार्थना गर्न थालिन्। हामीले खीष्ट येशूको नाममा प्रार्थना गर्न सुरु गऱ्यौँ, तिनी तुरुन्तै गहिरो निद्रामा परिन्, तर हामी त्यो ठाउँबाट जाने बित्तिकै फेरि पनि तिनका कामहरू व्यक्त गर्न नसक्ने आवेगको साथ सुरु भयो। त्यसपश्चात् तिनी आफ्ना आँखाहरूलाई छानाको एउटा कुनामा अडाएर भनिन्, “उता हुनुहुन्छ। आउनुहोस्, असल सैतान आउनुहोस्। तपाईंले मेरो दिमागलाई फुटाएर निकालिदिन्छु भन्नुभएको थियो, आउनुहोस् छिटो गर्नुहोस्। म तपाईंकी हुँ, तपाईं मेरो हुनुहुनेछ।” हामीले तिनलाई रोकेर परमेश्वरको नामलाई पुकार्न थाल्यौँ, त्यसो गर्ने बित्तिकै ऊ फेरि पहिले जस्तै गहिरो निद्रामा गइन् र अर्की जवान युवती तिनी जस्ती नै ठुलो स्वरले गर्जिन थालिन्। त्यतिखेर मेरो भाइ पनि भित्र आए, र समय नौ बजिसकेको थियो। हामीले एघार बजेभन्दा उतासम्म प्रार्थना गरिरह्यौँ, र एक छिनमा परमेश्वरले त्यो प्राणमा शान्ति ल्याउनुभयो, पहिलेदेखि सताइएकीले पहिले शान्ति पाइन् र त्यसपछि अर्कीले पनि। अब ती दुई जना मिलेर “शत्रु र प्रतिपक्षीलाई चुप गराउनेलाई” गीतद्वारा प्रशंसा गर्न थाले।

## भिडको लागि ठाउँको अभाव

निकोलस सडक र बाल्डविन सडकमा भएका धार्मिक संस्थाहरूमा नयाँ थपिनेहरूको सङ्ख्या बढ्यो, र नयाँ मानिसहरूको लागि ठाउँको अभाव भयो।

## बढिरहेका नयाँ सदस्यहरूको लागि ठुलो भवन किन्नु - सन् १७३९ मे ९

यतिखेरका समयहरूमा जोन वेस्लीलाई कुनै आयस्रोत थिएन, र उहाँले

साथीहरू र अपरिचित मानिसहरूको अतिथि सत्कारको भरमा जिइरहनुभएको थियो। तर उहाँले बृस्टलको छेउमा एउटा असल जमिन देख्नुभयो, र त्यसलाई किन्न कुरा सुरु गर्नुभयो। उहाँ भन्नुहुन्छ, "हो सत्य हो, मसँग केही पैसा थिएन। न त कुनै ठाउँबाट आउने सम्भावना थियो अथवा तयार पार्न सकिन्थ्यो; तर मलाई थाहा छ, 'पृथ्वी र त्यसमा भएका यावत् थोकहरू सबै परमप्रभुकै हुन्,' र उहाँको नाममा विनाशङ्का अगाडि बढेँ।" नयाँ भवनको कुने ढुङ्गा सन् १७३९ मे ९ तारिख राखियो, र जोन वेस्लीले त्यसको नाम 'नयाँ कोठा' भनी राख्नुभयो। (यही नै विश्वको पहिलो मेथोडिस्ट प्रचार–भवन हो।)

एक महिना पछि जुन ३ तारिख आइतबारको दिन बेलुकी बनिँदै गरेको नयाँ कोठा भवन भिडले भरियो। करिब २००० जना मानिसहरू भेला भए।

**वरिपरिका ठाउँहरूमा पनि उहाँको प्रचार सुन्न ठुलो भिड जम्मा हुनु**

वेस्ली आफ्नो दैनिकीमा लेख्नुहुन्छ, कि जुन ३ तारिख उहाँले पिथे बौलिङ ग्रीनमा प्रचार गर्दा ६००० जना मानिसहरू त्यहाँ भेला भए, र उहाँ त्यहाँबाट ह्यानम माउन्ट जानुभयो र त्यसपछि रोस ग्रीनमा जानुभयो, जहाँ करिब ९००० जना मानिसहरू आराधना सेवामा उहाँ सँगसँगै सहभागी भए।

**वेस्लीको चार बुँदे सन्देश**

मैले मुख्यतः जोड दिने चार वटा कुराहरू:

१. पहिलो कि सही विचार र सही शिक्षा धर्मको एकदम सानो भाग हो, न त धर्म विभिन्न कुरालाई इन्कार गर्नु र कुनै पनि प्रकारको हानि नगर्ने मात्र हो। असल काम गर्नु अथवा अनुग्रहको माध्यमद्वारा भक्तिको काम अथवा परोपकारको काम गर्नु जस्ता बाहिरी कुराहरू मात्र धर्म होइन।

२. साँचो धर्मचाहिँ ख्रीष्ट येशूमा भएको जस्तै मन हुनु हो; परमेश्वरको स्वरूपको छाप हृदयमा लगाएर भित्रीय धार्मिकताले ल्याउने परमेश्वरको शान्ति र पवित्र आत्माको आनन्दमा जिउनु हो।

३. यो धर्म प्राप्त गर्नको लागि रहेको एउटा मात्र बाटो चाहिँ परमेश्वरको अगि पश्चात्ताप गर्नु र हाम्रा प्रभु ख्रीष्ट येशूमाथि विश्वास गर्नु हो।

४. यो विश्वासद्वारा परमेश्वरले ख्रीष्ट येशूमा भएको उद्धारलाई प्रयोग गरी आफ्नो अनुग्रहद्वारा अधर्मीलाई धर्मी तुल्याउनु हुन्छ। उहाँको यो विश्वासद्वारा धर्मी ठहरिएर हामी पुग्न गइरहेको स्वर्गलाई चाखेर हेर्छौं; हामी पवित्र र खुसी हुन्छौँ; हामीले पाप र डरलाई कुल्चिनेछौँ र ख्रीष्ट येशूसँग स्वर्गीय स्थानहरूमा बस्छौँ।"

## वेस्लीले 'नयाँ कोठा' भवनमा विद्यालय सुरु गर्नु

वेस्ली र ह्वाइटफिल्ड दुवैले गरिब बच्चाहरूलाई इसाई शिक्षा दिने ठुलो इच्छा बोक्नुभएको थियो। ह्वाइटफिल्डले निकोलस सडकमा भएको कोठामा विद्यालय सुरु गरिसक्नुभएको थियो। वेस्लीले पनि 'नयाँ कोठा' मण्डली भवनमा विद्यालय सुरु गर्नुभयो।

विद्यालयमा बच्चाहरू धेरै सङ्ख्यामा भर्ना हुन थाले। सङ्ख्या यति छिटो वृद्धि भयो कि पाँच जना शिक्षकहरू नियुक्त गर्नुपर्ने भयो। विद्यालय वयस्क र बच्चाहरू दुवैलाई लाभदायी हुने योजनामा सञ्चालन गरिएको थियो, र वयस्कहरूलाई उहाँहरूको दैनिक कामहरूमा बाधा नहुने गरी बिहान अथवा बेलुका शिक्षा दिइन्थ्यो।

# अध्याय - ६

# “संसार नै मेरो मण्डली हो”

## संसार नै मेरो मण्डली हो

यतिखेरको समयमा नै होली क्लबको सदस्य हुनुभएको जेम्स हेर्वेले पत्र लेखेर किन अरूहरूको मण्डलीमा प्रचार गर्नुहुन्छ भनी वेस्लीलाई सोध्नुभयो। वेस्लीले उत्तर दिनुभयो, “विश्वास भए तापनि अथवा अभ्यास भए तापनि पवित्र धर्मशास्त्र बाहेक अरू कुनै नियमअनुसार म चल्दिनँ। यी कुराहरूमा मेरा नियमहरूको बारेमा म तपाईंलाई बताउँछु। म सारा संसारलाई मेरो मण्डलीको रूपमा देख्दछु। यतिसम्म म यो कुरालाई मान्छु कि म संसारको जुनसुकै भागमा भए तापनि उद्धारको सुसन्देशलाई सुन्न मन भएका सबैलाई सुनाउनु मेरो नैतिक कर्तव्य हो भनी म ठान्दछु। यही कामको लागि मेरा परमेश्वरले मलाई बोलाउनुभएको छ भनी मलाई थाहा छ र म पक्का छु, कि उहाँको आशिष् यसमा परिरहेको छ।”

बृस्टलमा चार महिनाको दिनरातको परिश्रमपछि उहाँ जुन ११ तारिख लन्डन फर्किनुभयो।

## चार्ल्स वेस्ली ह्वाइटफिल्डसँग मिलेर खुला ठाउँहरूमा प्रचार गर्न सुरु गर्नु

जोन वेस्ली लन्डनमा अनुपस्थित भएको बेलामा जर्ज ह्वाइटफिल्ड लन्डनमा हुनुहुन्थ्यो र चार्ल्स वेस्ली ह्वाइटफिल्ड जहाँ–जहाँ जानुभयो त्यहाँ उहाँको साथ जानुभयो। यतिखेरको समयमा प्रायः मण्डलीहरूले ह्वाइटफिल्ड र चार्ल्स वेस्लीको लागि आफ्नो ढोका बन्द गरिदिए। ह्वाइटफिल्डले चार्ल्सलाई खुला ठाउँहरूमा प्रचार गर्न उत्साह दिनुभयो। ह्वाइटफिल्डले जहाँ–जहाँ प्रचार गर्नुभयो त्यहाँ ५,००० देखि १०,००० सम्म मानिसहरू भेला हुन्थे। जुन २४ तारिख आइतबारको दिनमा ह्वाइटफिल्डले चार्ल्स वेस्लीलाई मोर्फिल्डमा प्रचार गर्न अनुरोध गर्नुभयो। १०,००० जना जतिको एउटा ठुलो

भिड परमेश्वरको वचन सुन्नलाई भेला भयो। लन्डनमा भएको ठुला मैदानहरू मोर्फिल्ड्स, केन्निङ्टनको मैदान र ब्ल्याकहितमा ह्वाइटफिल्ड र जोन वेस्लीको प्रचार सुन्नको लागि ठुलो भिड भेला भयो।

### जोन वेस्ली लन्डनमा प्रचार गर्नु

जोन वेस्ली जुन १३ तारिख लन्डनमा आइपुग्नुभयो। भोलिपल्ट उहाँ ह्वाइटफिल्डले प्रचार गर्ने ब्ल्याकहित मैदानमा जानुभयो, जहाँ १२,००० देखि १४,००० मानिसहरू भेला भएका थिए। ह्वाइटफिल्डले जोन वेस्लीलाई त्यो दिनको सेवालाई लिन अनुरोध गर्नुभयो, थोरै आनाकानीको साथ वेस्लीले स्वीकार गर्नुभयो। त्यसपछिको आइतबारको दिन अप्पर मोर्फिल्डमा ६,००० देखि ७,००० जनालाई प्रचार गर्नुभयो। बेलुकी पाँच बजेतिर वेस्लीले केन्निङ्टन कमनमा १५,००० जनालाई प्रचार गर्नुभयो।

### वेस्लीको लन्डन र बृस्टल बिचको ओहोरदोहोर

सन् १७३९ देखि सन् १७४२ सम्म वेस्लीले लन्डन र बृस्टलमा परिश्रम गर्नुभयो। बृस्टल उहाँको यात्री सेवामा दोस्रो मुख्य ठाउँ बन्न पुग्यो, विशेष पश्चिम र दक्षिण–पश्चिम भेगहरूको सेवाको लागि। झन्डै ५० वर्षसम्म जोन वेस्लीले त्यसलाई आफ्नो मुख्य केन्द्रको रूपमा ठान्नुभयो, र वर्षमा कमसेकम दुई पल्ट त्यहाँ पुग्नुहुन्थ्यो। पश्चिम बेलायतमा मेथोडिजमको लागि त्यो ठाउँ एउटा गढ बन्न पुग्यो।

जोन वेस्लीले सन् १७३९ मा लगातार दुई महिनासम्म किङ्सउडमा क्रमशः सभाहरू चलाउनुभयो। खानीमा काम गर्ने हजारौँ मजदुरहरू उद्धार पाए। वेस्लीले हरेक दिन बिहान पाँच बजे अति जाडो मौसममा सभा सञ्चालन गर्नुहुन्थ्यो, र मजदुरहरू उहाँको पाँच बजेको प्रचार सुन्नको लागि चार बजेदेखि नै पर्खिरहन्थे।

### दोस्रो विद्यालयको सुरुवात

खानीमा काम गर्ने मजदुरहरूले अर्को विद्यालय बनाउनको लागि जमिन दिए, र जोन वेस्लीले भवन निर्माणको काम सुरु गर्नुभयो। सन् १७४० मा

निर्माणको काम सम्पन्न भयो, र  सयौँ मजदुरका बच्चाहरूले त्यहाँ अध्ययन गर्न थाले। पछिका समयहरूमा यो ठाउँ सबै सुविधा भएको विद्यालयको रूपमा स्थापित भयो, साथै यात्रामा भएका मेथोडिस्ट प्रचारकहरू बस्ने ठाउँको रूपमा पनि स्थापित भयो। यो विद्यालय चाहिँ शिक्षाको लागि मात्र नभएर सुसमाचारको लागि पनि केन्द्र बन्न पुग्यो। बच्चाहरूलाई शिक्षा दिने कुरामा वेस्लीको दर्शन ठुलो थियो, र उहाँले निर्माण गरेका मेथोडिस्ट मण्डली भवन प्रायः सबैमा हप्ताका अन्य दिनहरूमा विद्यालय सञ्चालन हुन्थ्यो। वेस्लीको हृदय एउटा शिक्षकको हृदय थियो। उहाँ अक्सफोर्ड विश्वविद्यालयमा हुँदा नै आफ्ना साथीहरूसँग मिलेर गरिब बच्चाहरूको लागि विद्यालय सञ्चालन गर्नुभएको थियो। उहाँका विचारहरू सधैँ असल इसाई शिक्षा दिने ठाउँहरू स्थापना गर्नुमा थियो, जहाँ बच्चाहरूलाई पहिले परमेश्वरको भय मान्न सिकाइन्छ।


**लन्डनमा मण्डलीको लागि जमिन किन्नु**

"सन् १७३९ नोभेम्बर महिना उति बेला मैले नचिनेको दुई जना श्रीमान् बल र श्रीमान् वाटकिन्स मकहाँ आएर मोर्फिल्डको नजिक भएको फाउन्डरी भन्ने ठाउँमा प्रचार गर्न अनुरोध गर्नुभयो। मैले धेरै अनिच्छुकतासहित सहमति दिएँ। सन् १७१६ मा यहाँ चलेको एउटा धातु बनाउने कारखानामा भएको एउटा विस्फोटले गर्दा यहाँ रहेका भवनहरू भग्नावशेष भए, र १७ जना मरेका पनि थिए। यसैले कारखाना यो ठाउँबाट अर्को ठाउँमा सऱ्यो, र १२० फिट चौडाइ र १०० फिट गहिराइमा बनाएको एउटा भवन त्यहाँ थियो।

वेस्ली यो भवनलाई किन्नुपर्छ भन्ने कुरामा प्रभावित हुनुभयो, र मूल्यचाहिँ ११५ पाउन्ड थियो। तर भवनमा धेरै नै मर्मत गर्नुपरेको देखियो। वेस्लीले तुरुन्तै भाउ मिलाउन वार्ता गर्नुभयो, र आफूसँग भएका सबै रकमलाई लगानी गर्नुभयो। श्रीमान् बल र श्रीमान् वाटकिन्ससहित उहाँका केही साथीहरूले बाँकी पैसाको लागि सहायता गर्नुभयो। जोन वेस्ली अभिनवनमा सिपालु हुनुहुन्थ्यो। उहाँले तुरुन्तै सिकर्मीहरू र डकर्मीहरूलाई भाडामा लिनुभयो र त्यो भत्केको भवनलाई मर्मत गर्ने योजनाहरू दिनुभयो।

पहिलो वर्षमा २०० पाउन्ड खर्च गरेर भग्नावशेष भवन भएको ठाउँमा १५०० जना बस्न सक्ने सुन्दर मण्डली भवनको निर्माण भयो। यो नै वेस्ली र मेथोडिस्ट चर्चको मुख्यालय बन्न पुग्यो। यो लन्डन मेथोडिस्ट चर्चको लागि कोक्रो बन्न पुग्यो।

त्यो भवनको एकपट्टि भागलाई विद्यालयको कोठाको रूपमा तयार गरियो, अर्को भागलाई मेथोडिस्ट किताबहरू बिक्री गर्ने किताब कोठाको रूपमा तयार गरियो। सङ्गीत सामग्री राख्ने कोठाभन्दा माथि वेस्लीको कोठा पनि तयार भयो। भवनको अन्तिम भागमा प्रचारकहरू बस्नको लागि कोठाहरू तयार भए, र घोडागाडी र घोडा राख्नको लागि बनाएका कोठाहरूसहित यो ठाउँ सबै सुविधाले पूर्ण भयो।



**भीडको बिचमा प्रचार गर्दै जोन वेस्ली**

## अध्याय - ७

# मेथोडिस्ट सोसाइटीको स्थापना र सतावट

### पहिलो मेथोडिस्ट सोसाइटीको स्थापना

पहिलो मेथोडिस्ट सोसाइटी सन् १७३९ मा लन्डनमा स्थापना भयो। सन् १७३८ देखि सन् १७३९ भित्र वेस्लीले सञ्चालन गरेको साजा सभामा सयौँ मानिसहरू प्रभावित भए। त्यसमध्ये केही मानिसहरू सल्लाह र प्रार्थनाको लागि वेस्लीकहाँ आउन थाले। वेस्लीले हरेक बिहीबार बेलुकी नियमित सभा सञ्चालन गर्ने निर्णय गर्नुभयो। वेस्लीले आफ्नो दैनिकीमा यसरी लेख्नुभएको छ: "पहिलो हप्ता बेलुकी बाह्र जना जति आए, त्यसपछिको हप्ता तीसदेखि चालिस जना जति आए। सङ्ख्या सय जना जति पुगिसकेपछि मैले समय र परिस्थिति मिलेको बेलामा उहाँहरूलाई घरमै भेट्ने विचारमा उहाँहरूको नाम र ठेगाना टिपिराखेँ।" यसरी कुनै पूर्व योजना र तयारीविना मेथोडिस्ट सोसाइटी बेलायतमा सुरु भयो। यही नै सबैभन्दा पहिलो सुरु भएको मूल सोसाइटी थियो, जसबाट युनाइटेड सोसाइटीस सुरु भयो, जुनचाहिँ पछिका समयहरूमा विश्वभरि मेथोडिस्ट चर्च बन्न पुग्यो।

### नियमित सभा सञ्चालन हुनु

धातु बनाउने कारखानाको भवनलाई पुनः निर्माण गरिसकेपछि नियमित सभा सन् १७३९ नोभेम्बर ११ तारिख सुरु भयो। त्यो मण्डली भवनलाई 'फाउन्डरी' भनी अरूले चिन्थे। हरेक हप्ता फाउन्डरीमा सयौँ मानिसहरू भेला हुन थाले। जोन वेस्ली र चार्ल्स वेस्लीको बसाइँ त्यहीँ नै भयो। उहाँले आफ्नी आमालाई पनि त्यहीँ रहनको लागि बोलाउनुभयो। जोन वेस्लीले सन् १७४६ मा पूर्ण समय त्यहीँ रहेर काम गर्ने चिकित्सकसहितको एउटा स्वास्थ्य केन्द्र गरिबहरूको लागि खोल्नुभयो। त्यसपछिको सालमा साठी जना बच्चाहरू पढ्ने दुई जना शिक्षक भएको निःशुल्क विद्यालय खोल्नुभयो। त्यसपछिको सालमा ब्याजविना गरिबहरूलाई ऋन दिने एउटा

संस्था खोल्नुभयो। सन् १७४८ मा गरिबहरूलाई खाना दिने एउटा दान–घर सुरु गर्नुभयो।



फाउन्डरी मण्डली

## विरोधहरू र विरोधमा छापिएका पर्चाहरू

सन् १७३९ मा मेथोडिस्ट मण्डली सुरु गरेको त्यही सालमा जोन वेस्ली र उहाँको भाइको विरुद्धमा झन्डै बीस वटा पर्चाहरू छापिए। स्काट्स पत्रिकामा यसरी उल्लेख भएको थियो, "ह्वाइटफिल्ड र दुई जना दाजुभाइ वेस्लीहरूले बिशपहरूको आज्ञा र धारणा विपरीत प्रचार गरेर ख्रीष्टिय मण्डलीको नियम विपरीत काम गर्दै छन्।" ईश्वरशास्त्र पण्डित हेन्री स्टेब्बिङ्गले वेस्लीहरूको विरोधमा पर्चाहरू प्रकाशन गर्नुभयो। उहाँले भन्दा बढी विरोध गर्नेचाहिँ अर्को ईश्वरशास्त्र पण्डित जोसेप ट्र्याप थिए, जसले सन् १७३९ मा वेस्लीहरूको विरुद्धमा ६९ पानाको पर्चा प्रकाशित गर्नुभयो। अर्को शत्रुचाहिँ ट्रिस्टम ल्यान्ड थिए, जसले ३९ पानाको पर्चा जोन वेस्लीको विरुद्धमा प्रकाशित गर्नुभयो। वेस्लीले यसको बारेमा यसरी लेख्नुभएको छ: "हामीमाथि चारैतिरबाट आक्रमण र दुर्व्यवहार भइरहेको छ। हामीलाई बौलाहा कुकुरहरूको रूपमा गनिएको छ, र त्यो अनुसारको व्यवहार हामीसँग गरिन्छ। सडकहरूमा हामीलाई ढुङ्गाले हानिन्छ र केही पल्ट हामी मृत्युको मुखैनिर पुगेर उम्केका छौँ। प्रचारहरू, पत्रिकाहरू, पर्चाहरू र त्यस्ता

अन्य सबै कुराहरूमा कहिल्यै नदेखिएको राक्षसहरूको रूपमा उल्लेख गरिन्छ।"

## जोन वेस्लीको विरुद्धमा बृस्टलमा हुलदङ्गा मच्चिनु

सन् १७४० मार्च महिनाभरि धेरै ठाउँहरूमा जोन वेस्लीको विरुद्धमा समस्याहरू भयो। अप्रिल १ तारिख उहाँले प्रचार गरिरहेको ठाउँको वरिपरि भएको सडक र गल्लीहरूलाई उत्तेजित भएको एउटा भिडले घेऱ्यो, र चिच्च्याएर सराप्न र डरलाग्दो तरिकाले गाली गर्न थाल्यो। यस्तो देखिन्थ्यो कि तिनीहरू उग्रता र क्रोधले जमिनलाई निल्न तयार थिए। नगर प्रमुखले तिनीहरूलाई तितरबितर पार्न आदेश पठाए, तर तिनीहरू त्यहाँबाट गएनन्। प्रमुख हवलदार आफै आए, तर उनीहरूले उनलाई पनि अपमान गर्न थाले। अन्तमा नगर प्रमुखले आफ्ना अधिकृतहरू पठाए, जसले भिडको नेतृत्व गर्नेहरूलाई हिरासतमा लिए र बाँकी सबै तितरबितर नभएसम्म त्यहाँबाट गएनन्। हुलदङ्गा मच्चाउनेहरूमध्ये केही मानिसहरूलाई गिरफ्तार गरियो; दुई हप्ताभित्र तिनीहरूमध्ये एक जनाले झुन्डिएर आत्महत्या गऱ्यो; दोस्रो एक जनालाई गम्भीर रोगले भेट्यो र तिनले वेस्लीको प्रार्थनाको अपेक्षा गरेर मानिसहरू पठाए। तेस्रो एक जना वेस्लीकहाँ आएर आफूलाई यो काम गर्नको लागि मानिसहरूले भाडामा लिएको र बाधा ल्याउनको लागि रक्सी खुवाएको तर ठाउँमा आइसकेपछि त्यस्तो गर्न बोली र शक्तिको अभाव भएको आफूले अनुभव गरेको कुरालाई स्वीकार गरे।

## वेल्समा काम विस्तार हुनु

जोन वेस्लीले वेल्समा पहिलो पल्ट सन् १७३९ अक्टोबर १५ तारिख प्रचार गर्नुभयो। त्यसपछि बारम्बार त्यो ठाउँमा जान थाल्नुभयो, प्रायः आयरल्यान्ड जाने यात्रामा वेल्स जाने गर्नुभयो। उहाँ सुरुमा आफ्नै समाजहरू खडा गर्न सोच बोक्नुभएको थिएन, किनभने उहाँ होवल ह्यारिससँग नजिक रहेर काम गर्नुभएको थियो। तर पहिलो अङ्ग्रेजी बोल्ने ख्रीष्टिय समाज सन् १७४० अप्रिल महिना कारडिफमा स्थापना भयो, तर आउने सालमा त्यो समाज ह्यारिससँग जोडिनुको सट्टामा वेस्लीसँग जोडियो।

## सहायताको लागि मानिसहरू थपिनु

किङसउड विद्यालयलाई जिम्मा लिने र त्यहाँ पढाउने असल व्यक्तिको खोजीमा वेस्ली हुनुहुन्थ्यो। त्यति बेला एउटा सक्षम जवान मानिस जोन चेन्निक उहाँलाई सहायता गर्न अगि आए। वेस्लीले तिनलाई किङसउड विद्यालयको जिम्मा लिएर गरिब बच्चाहरूलाई पढाउन अनुरोध गर्नुभयो। पछिल्ला समयहरूमा वेस्लीले तिनलाई बृस्टल र किङसउड क्षेत्रहरूमा हुने सभाहरूमा सहायता गर्न बोलाए। चाँडै वेस्लीको अनुपस्थितिमा किङसउडमा जोन चेन्निकले प्रचार गर्न थाले।

बृस्टलमा भएका सभाहरूमध्ये एउटामा उद्धार पाएको थोमस म्याक्सफिल्ड उहाँलाई सहायता गर्न आए, वेस्लीले तिनलाई लन्डनमा भएको फाउन्डरी चर्चको जिम्मा दिनुभयो।

यति नै खेर जोन नेल्सन भन्ने एउटा सिपालु डकर्मी लन्डनमा आए, र वेस्लीको एउटा सभामा उद्धार पाए। तिनी योर्कसयरमा भएको बृस्टलमा फर्केर गएर आफ्ना छिमेकीहरूलाई प्रचार गर्न थाले। जोन नेल्सनले आफ्नो जीविका चलाउनको लागि दिनमा डकर्मी काम गरे, र रातका समयहरूमा सभाहरू सञ्चालन गरे। तिनी जोन वेस्लीको एउटा विश्वासयोग्य कामदार बने। काम विस्तार हुँदै जाँदा वेस्लीको अधीनतामा रहेर असामान्य जोस र भक्तिसहित काम गर्ने समर्पित मानिसहरूलाई परमेश्वरले खडा गर्नुभयो। वेस्लीले तिनीहरूलाई सक्षम प्रचारक र अगुवाहरूको रूपमा काम गर्न तालिम दिनुभयो।

## वेस्लीसँग काम गर्न आएका तीन जना सामान्य प्रचारकहरू

वेस्लीले यसरी लेख्नुभएको छ, "केही समयपछि थोमस म्याक्सफिल्ड भन्ने एक जना जवान मानिस सुसमाचारमा एउटा छोराको रूपमा मलाई सहायता गर्न आए। चाँडै नै दोस्रो मानिस थोमस रिचर्डस आए, र त्यसपछि तेस्रो थोमस वेस्टल पनि आए। यिनीहरूले छोराको रूपमा मैले भनेको समयमा र भनेको ठाउँमा सेवामा सहायता गर्न इच्छा व्यक्त गरे।" त्यति बेलादेखि सयौँ जना मानिसहरू उहाँसँग जोडिए, स्थानीय प्रचारकहरूलाई

पनि जोड्यौ भने हजारौँ जना मानिसहरू यो महान् काममा उहाँसँग मिलेर काम गर्न थाले।

## पहिलो मेथोडिस्ट सहिद

विलियम सीवार्ड एउटा मेथोडिस्ट प्रचारक हुनुहुन्थ्यो। उहाँ उल्लेखनीय सम्पत्ति भएको मानिस पनि हुनुहुन्थ्यो। एक दिन उहाँ होवल ह्यारिसको साथमा ग्लामोर्गनसयरमा प्रचार गरिरहँदा एक जना मानिसले उहाँलाई टाउकोमा प्रहार गरे, त्यो घातक प्रहार थियो, र त्यसैले विलियम सीवार्ड बित्नुभयो। सन् १७४१ अक्टोबर २२ तारिख आफ्नो ३८ वर्षको उमेरमा उहाँ पहिलो मेथोडिस्ट सहिद हुनुभयो। यो घटना घट्नु केही हप्ताहरू अघि न्युपोर्टमा एउटा भिडले ह्यारिसको लुगालाई च्यातेर टुक्रा टुक्रा पाऱ्यो, र उसको नक्कली कपाललाई चोऱ्यो, र उहाँ र उहाँका साथमा भएकाहरूलाई स्याउ, ढुङ्गा र फोहोरहरूले हिर्कायो। कार्लियोनमा कुहिएका अण्डाले उहाँहरूलाई प्रहार गरियो, त्यति बेला विलियम सीवार्डको आँखामा चोट लाग्यो, र केही दिनपछि उहाँ पूर्ण रूपमा अन्धो हुनुभएको थियो। मानमाउथमा पनि त्यसरी नै उहाँहरूप्रति व्यवहार गरियो, तर सीवार्डले त्यति बेला साहससहित चिच्च्याएर भन्नुभयो, "नरकलाई सहनुभन्दा यो सहनु असल हो।"

## वेस्ली घातक रोगले बिरामी हुनु

सन् १७४१ मा वेल्समा हुँदा वेस्ली एउटा गम्भीर रोगले बिरामी हुनुभयो। आठ दिनसम्म उहाँ जीवन र मृत्युको बिचमा छटपटिनुभयो र त्यसपछिका तीन हप्तासम्म उहाँ ओछ्यानमा नै रहन बाध्य हुनुभयो।

## जोन वेस्ली र ह्वाइटफिल्ड छुट्टिनु

सन् १७४० मा जर्ज ह्वाइटफिल्डले अमेरिकाको विभिन्न भागहरूमा प्रचार गर्दै एउटा महान् जागृति ल्याउनुभयो। आफ्नो परिश्रमहरू पछि उहाँ बेलायत फर्किने निर्णय गर्नुभयो र सन् १७४१ मार्च महिना उहाँ बेलायत फर्कनुभयो। उहाँ बेलायतमा आउँदा एउटा सिद्धान्तको विवादलाई पनि साथमा ल्याउनुभएको थियो। जोन वेस्ली र होली क्लबको सदस्यहरूसँग "अघिबाटै

चुनिनु" भन्ने सिद्धान्तमा जर्ज ह्वाइटफिल्डको धारणाहरू फरक थिए। ह्वाइटफिल्ड अमेरिकाको सेवामा रहँदा त्यहाँका क्याल्भिनिजम(Calvinism) सिद्धान्तको प्रभावमा परेर त्यो सिद्धान्तको पक्षमा लड्ने एउटा सिपाही भएर उहाँ बेलायत आउनुभयो।

जोन वेस्ली र जर्ज ह्वाइटफिल्डको बिचमा विवाद चर्कियो। जर्ज ह्वाइटफिल्डको विवादको उत्तर दिने गरी जोन वेस्लीले "सित्तैको अनुग्रह" भन्ने किताब प्रकाशन गर्नुभयो। अर्मेनियनिजम(Arminianism) सिद्धान्तलाई पछ्याउने जोन वेस्ली पनि आफ्नो विश्वासमा अडिग रहनुभयो। अन्तमा दुई जना दाजुभाइहरू एक–अर्काबाट छुट्टिए।

तर समयले हन्टिङटनको अधिकृत सेलिनाद्वारा दुई जना बिचको बिछोडलाई निको पार्‍यो। जर्जले आफ्नो साथीलाई लेख्नुभयो, "परमेश्वरले हाम्रो एकताको बाधाको रूपमा रहेको सबै कुरालाई हटाइदिउन्, हाम्रो सबै विवादहरू अन्त भएको होस् र हामी दुवैले येशूको बारेमा र उहाँ क्रूसमा टाँगिएको बारेमा बाहेक अरू कुनै कुराको बारेमा बातचित नगरौँ..... म सधैँ जति प्रेम तिमीलाई गरेँ त्यति नै धेरै प्रेम अहिले पनि गर्दै छु।"

सन् १७५६ मा ह्वाइटफिल्ड लन्डनमा टयाबरनेकल मण्डली खोलेर सेवामा अगाडि बढ्दै जानुभयो। सन् १७७० सेप्टेम्बर ३० तारिख ह्वाइटफिल्डको निधन हुँदा ह्वाइटफिल्डले इच्छा गरेअनुसार नै टयाबरनेकल मण्डलीमा भएको अन्तिम संस्कारको सेवामा जोन वेस्लीले प्रचार गर्नुभयो।

त्यो सेवाको पछिल्लो दिन एउटी स्त्रीले वेस्लीकहाँ आएर सोध्नुभयो, "प्रिय श्रीमान् ह्वाइटफिल्डलाई स्वर्गमा भेट्न सकिन्छ भन्ने आशा तपाईंलाई छ त?" तुरुन्तै जोन वेस्लीले जवाफ दिएर भन्नुभयो, "होइन महोदय !"

चकित भएकी ती स्त्रीले भनिन्, "ओहो, तपाईं त्यस्तो भन्नुहुन्छ भनेर नै म डराएकी थिएँ।"

जोन वेस्लीले फेरि भन्नुभयो, "मलाई गलत नबुझ्नुहोस्, परमेश्वरको

महिमाको आकाशमा जर्ज ह्वाइटफिल्ड ताराजस्तो अति चम्किलो हुनुहुन्थ्यो र उहाँ सिंहासनको यति नजिक उभिनुहुन्छ कि म जस्तै सानाहरूभन्दा पनि सानो मानिसले उहाँको एक झलक पनि देख्न सक्दैन।"

यसरी बिछोड निको भयो र त्यसको दाग पनि रहेन। दुवै जना आफ्नै क्षेत्रमा महान् काम गरेका मानिसहरू थिए।

**वेस्लीको सभामाथि आक्रमण भएको**

सन् १७४१ मा वेस्लीले कठोर सतावटलाई सामना गर्नुपरेको थियो। डेब्टफोर्ड भन्ने ठाउँमा उहाँ प्रचार गरिरहेको हुँदा एउटा भिडले प्रचारको अवधिभरि कराइरह्यो। लन्डनमा भएको एउटा सभामा खराब स्वभाव भएका केही मानिसहरूले सभाको दिदी–बहिनीहरू बस्ने भागमा पसेर अति अभद्र व्यवहार गरे। हाक्सटनमा रहेको चार्ल्स स्क्वाएरमा सभा भइरहेको हुँदा केही मानिसहरूले एउटा गोरुलाई लिएर आएर त्यसलाई सभाको बिचमा कुदाउन प्रयास गरे।

स्फिन्डनमा एउटा भिडले सभालाई घेरेर दमकलको घण्टी र हर्न बजाए, र दमकलबाट पानी फ्याँकेर उहाँ र भेला भएका अरू सबैलाई पूरै भिजाइदिए। मानिसहरूको शिरमाथिबाट जाने गरी गोली चलायो, र कुहिएका अण्डाहरू प्रशस्त मात्रामा फ्याँकियो। ह्याम्पटनमा विशेष सिपाहीहरू बढी भएको एउटा भिडले उहाँलाई दिक्क पार्नको लागि ड्रमहरू बजाए र पटकाहरू पड्काए। उहाँ र सभामा भएका सबै जना आँखा बन्द गरेर हातहरू स्वर्गतिर उचालेर उभिएको अवस्थामा प्रार्थना गरिरहँदा सुँगुर पखालेको पानी र अर्को एउटा अति दुर्गन्धित पानी उहाँहरूमाथि झन्डै डेढ घण्टासम्म फ्याँकियो। स्ट्राटनमा एउटा आक्रोशित भिड लाठो र अन्य हतियारहरूको साथमा सभा भइरहेको ठाउँमा आयो। सभामा जम्मा भएकाहरूमाथि दयाहीन लाठोहरू प्रयोग भयो। सभामा भएका केही मानिसहरूको टाउकोबाट मुहारमा रगत बग्यो। अरू कसैलाई विशेष दिदी–बहिनीहरूलाई कपाल समातेर तिनीहरूलाई तानेर लगे। सिलवेस्टर कीनले जोन चेन्निककी बहिनीको मुखमा थुके, र तिनलाई मार्न लागेजस्तै हिर्काए।

त्यो भिड ठुलो स्वरले पागल भएजस्तै गर्जियो, तर आफूलाई बलपूर्वक तल तान्ने बेलासम्म जोन चेन्निक प्रचार गर्दै प्रार्थना गर्दै रहनुभयो। उहाँ र उहाँका साथीहरू भजन गाउँदै लाइनहामतिर जान थाल्दा त्यो भिड यसो भन्दै उहाँहरूको पछिपछि गयो, "तिमीहरू छल गर्ने कुकुरहरू, लुट्ने बेइमानहरू, हामीलाई आधा सिक्काको भजनहरू बेच्छौ !" यस्तो प्रकारको दुर्व्यवहारको बिचमा मेथोडिजम अगाडि बढ्दै वृद्धि हुँदै गयो।

सन् १७४१ मा जोन वेस्ली लाङ लेनमा प्रचार गरिरहँदा भिडले उहाँमाथि ढुङ्गा हान्न थाल्यो। एउटा ठुलो ढुङ्गा टाउकोको छेउमै भएर गयो। साथै मेरिलबोन मैदानमा जथाभाबी हतियारहरू फ्याँकियो।

## कठोर आरोपहरूलाई सामना गर्नु

वेस्लीको विरोधमा धेरै प्रकारका आरोपहरू लगायो, त्यसमध्येमा एउटा चाहिँ उहाँ जेनिभाको रक्सी बेच्दै हुनुहुन्छ। अर्को एउटा चाहिँ जोन वेस्लीले आफ्नो घरमा दुई जना रोमन क्याथोलिक फादरहरूलाई रहन दिनुभएको छ (त्यस बेला एङ्लिकन मण्डलीहरू(चर्च अफ इङ्गल्यान्ड) रोमन क्याथोलिक मण्डलीहरूको विरुद्धमा थिए।), र गरिबहरूको बिचमा नयाँ राजनीतिक दल गठन गर्न स्पेनबाट ठुलो रकम प्राप्त गर्नुभएको छ; र स्पेनका मानिसहरू बेलायतमा आउँदा जोन वेस्ली आफ्नो साथमा बीस हजार मानिसहरू लिएर उहाँहरूसँग मिल्न गइरहनुभएको छ। यी आरोपहरू उहाँका शत्रुहरूले फैलाइरहेको थुप्रै आरोपहरूको सूचीको उदाहरण मात्र हुन्।

## ब्यान्ड सङ्गति र झुन्ड सङ्गतिहरूको सुरुवात

मेथोडिस्ट समाज सन् १७३९ मा सुरु भयो, तर सन् १७४२ सम्म त्यसलाई सानो समूहहरूको बिचमा विभाजन गरिएको थिएन। हरेक व्यक्ति एउटा आत्मिक अगुवाको मुनि रहेर आत्मिक उन्नति गर्नुमा सहायता गर्नको लागि वेस्लीले झुन्ड सङ्गतिहरू सुरु गरिदिनुभयो। सन् १७४२ मा बृस्टलको मेथोडिस्ट समाजलाई बाह्र जना सदस्य र उहाँहरूको आत्मिक उन्नतिको लागि जिम्मेवार व्यक्ति एक जना भएको सानो समूहहरूको रूपमा विभाजन

गरियो। वेस्लीले त्यसको प्रभावलाई देख्नुभयो, र केही महिनाहरूभित्र लन्डन मेथोडिस्ट समाजलाई पनि झुन्डहरूको रूपमा विभाजन गर्नुभयो। यसरी नै अरू ठाउँमा भएका समाजहरूलाई पनि विभाजन गरियो, र झुन्डको अगुवाको अधीनतामा झुन्डहरू सङ्गति गर्ने गरी एउटा प्रणाली स्थापित भयो। यस्ता झुन्ड सङ्गतिहरूको महत्त्व बढ्दै गयो, र मेथोडिस्ट समाजको सदस्य हुनको लागि यस्ता झुन्ड सङ्गतिमा सहभागी हुनु सर्त बन्न पुग्यो। झुन्ड सङ्गतिका सदस्यहरूको नाम झुन्डको कागजमा लेखिन्थ्यो, त्यसपश्चात् झुन्डको किताबमा लेखिन्थ्यो, र त्रैमासिक रूपमा सदस्य प्रमान–पत्र (झुन्ड टिकट) बाँडिन्थ्यो।

मेथोडिस्ट सिद्धान्तलाई पछ्याउनेहरूको बिचमा चेलापनको विकास गर्नको लागि जोन वेस्लीले स्थापना गरेको साना समूहहरूको प्रणाली मेथोडिस्ट आन्दोलनको बल बन्न पुग्यो। जोन वेस्लीको 'आउन लागेको क्रोधबाट भाग्नु' भन्ने निमन्त्रणालाई स्वीकार गर्नेहरूलाई ठुलो समूहको रूपमा सङ्गठन गरिन्थ्यो, जसलाई "समाज" भनिन्थ्यो। यी समाजहरू अझै साना झुन्डहरूको रूपमा ब्यान्ड र झुन्ड सङ्गतिहरूको रूपमा विभाजन गरिन्थ्यो। यी साना समूहहरूले त्यसमा नियुक्ति भएका अगुवाहरूमार्फत मेथोडिस्ट आन्दोलनमा भएका हरेक सदस्यहरूको आत्मिक उन्नतिको बारेमा ध्यान दिन जोन वेस्लीलाई सहायता गरे।

## झुन्ड सङ्गतिको सहभागिता अनिवार्य हुन पुग्नु

सन् १७४२ मा आफ्नो सेवामुनि रहेको हरेक मेथोडिस्ट झुन्ड सङ्गतिमा सहभागी हुनै पर्छ भन्ने निर्णय जोन वेस्लीले गर्नुभयो। साना झुन्डहरूले वेस्ली अक्सफोर्डमा १३ वर्ष बिताएका समयहरूदेखि नै उहाँ मिसनरी भएर जर्जियामा जाने समयसम्म उहाँमाथि ठुलो प्रभाव पारेका थिए। वेस्लीको सन् १७३८ मा अल्डर्सगेटमा भएको अनुभव पछिको थोरै समयदेखि नै सुरुका मेथोडिस्टहरू त्यही मोराभि दाजुभाइहरूको सङ्गति जसरी नै झुन्ड सङ्गतिमा अति नजिक आत्मिक घनिष्ठ सम्बन्धमा रहे। तर सन् १७४२ मा स्वेच्छामा सहभागी हुन सक्छ भन्ने कुरालाई बदलेर वेस्लीले यो झुन्ड सङ्गतिको सहभागितालाई अनिवार्य बनाउनुभयो।

मेथोडिस्ट समाजको सदस्यतालाई कायम राख्नको लागि झुन्ड सङ्गतिमा सहभागी हुनु आवश्यक बन्न पुग्यो। यी झुन्ड सङ्गतिहरू सुरुका समयहरूमा सभा सञ्चालन हुने घरमाथि परेको ऋणलाई हटाउनको लागि सुरु गरिएको थियो, जहाँ साप्ताहिक रूपमा बाह्र जना मेथोडिस्ट सदस्यहरू सामान्य अगुवाद्वारा वास्ता पाइरहेका हुन्छन्। यसरी अनिवार्य रूपमा सहभागी हुन पर्ने गरी स्थापना गरिएको वेस्लीको यो झुन्ड सङ्गति झन्डै १५० वर्षसम्म सञ्चालित भइरह्यो। यसको फल पनि पर्याप्त थियो। झुन्ड सङ्गतिहरू मेथोडिस्ट जागृतिको लागि यति महत्त्वपूर्ण थियो कि पछिका समयहरूमा यसलाई मेथोडिजमको "कीटाणु कोशिका" र "मेथोडिस्ट जागृति शक्तिको बिरुवा- घर" भनिन्थ्यो।

## विरोधहरुलाई सामना गर्नु

सुरुमा झुन्ड सङ्गतिको अनिवार्य सहभागितालाई मानिसहरूले विरोध गरे। वेस्लीले यसको विरोधमा आएका सबै आरोपहरूलाई सामना गर्नुपर्ने भयो र उहाँ आफ्नो निर्णयमा अडिग रहनुभयो, तर उहाँले यो धर्मशास्त्रमा भएको अथवा कसैले स्थापित गरेको नियमचाहिँ होइन भनी भन्नुभयो। यो अनिवार्य कुराको बारेमा वेस्लीको भनाइचाहिँ झुन्ड सङ्गतिको सहभागिता विवेकको आधारमा गरिनुपर्ने कुरा हो। पवित्रताको वृद्धिको लागि सानो झुन्डको प्रभावको लाभ उठाउँदै मोराभिहरू र एङ्गिलकन धार्मिक समाजहरूको प्रभावलाई पछ्याएर आफ्नो जीवनमा चेलापनमा बढ्न काम गरेको प्रणालीलाई मेथोडिस्ट समाजमा आदेशको रूपमा दिनुभयो। वेस्लीले पछिका समयहरूमा झुन्ड सङ्गतिहरू र ब्यान्ड सङ्गतिहरूलाई मेथोडिस्ट समाजका नसाहरू भनी उल्लेख गर्नुहुन्थ्यो। यी साना झुन्डहरूले वेस्लीको शिक्षालाई 'अभ्यास गर्नु' भन्ने ठोस माध्यमद्वारा सुदृढ पारेर उहाँको ईश्वरशास्त्र दृष्टिकोणमाथि मासु थप्ने काम गरे, र वेस्लीले यी झुन्डहरूमा अगुवा नियुक्ति गर्नु भन्ने प्रणालीद्वारा मेथोडिस्ट आन्दोलनका हरेक सदस्यलाई आत्मिक निरीक्षण दिन सक्नुभयो। वेस्लीको निधन हुँदा मेथोडिस्ट समाजका सदस्यहरूको सङ्ख्या एक लाख नाघिसकेको थियो, बेलायत र वेल्समा मात्रै पचासी हजार सदस्यहरू थिए।

# अध्याय - ८

# कामको विस्तार

### फाउन्डरी चर्चको वृद्धि

सन् १७४२ मा लन्डन मेथोडिस्ट समाजको सदस्य सङ्ख्या चाहिँ एघार सय थियो।

### योर्कसयरमा कामको विस्तार

जोन नेल्सन योर्कसयरको एउटा डकर्मी हुनुहुन्थ्यो। उहाँ लन्डनमा काम गरिरहेको हुँदा सन् १७३९ मा मुर्फिल्डमा भएको जोन वेस्लीको सभामा उद्धार पाउनुभयो। उहाँ योर्कसयरमा फर्कनुभयो र आफ्नो घरमा सभा राख्न थाल्नुभयो। उहाँको प्रचारद्वारा धेरै जनाले उद्धार पाए, र उहाँले जोन वेस्लीलाई त्यहाँ आएर आफूलाई सहायता गर्न निम्तो पठाउनुभयो।

सन् १७४२ मा जोन वेस्ली जोन नेल्सनको अनुरोधलाई स्वीकार गरेर तीन सय अठार किलोमिटर यात्रा गरेर योर्कसयर पुग्नुभयो। जोन वेस्ली त्यहाँ आएको खबर चाँडै नै फैलियो। सयौँ मानिसहरू उहाँको प्रचार सुन्न आए। भवनभित्र सभा सञ्चालन गर्न नसक्दा वेस्लीले खुला मैदानहरूमा प्रचार गर्न थाल्नुभयो। उहाँले आफ्नो दैनिकीमा सन् १७४२ मे २६ तारिख लेख्नुभएको छ, "मध्याह्नको समयमा म बिर्स्टल हिलमा सयौँ साधारण मानिसहरूलाई प्रचार गरेँ, र अपराह्नमा व्यक्तिगत रूपमा भेट्न आएकाहरूलाई सल्लाह दिएँ।"

जुन १; "बिर्स्टलमा ठुलो भिड प्रचार सुन्न भेला भयो।"

जुन ३; "बेलुकीको समयमा बिर्स्टलदेखि एक माइल टाढा रहेको अड्वल्टनमा एउटा फराकिलो राजमार्गमा प्रचार गरेँ, किनभने भिडलाई अटाउन सक्ने कुनै घर त्यो सहरमा थिएन। प्रचारपछि भोलिपल्ट म व्यक्तिगत

रूपमा सल्लाह दिनुमा समय बिताएँ।"

मध्याह्नको समयमा बिर्स्टलमा फेरि एकपल्ट प्रचार गर्नुभयो। श्रोताहरू सबै गहिरो रूपमा प्रभावित भए, त्यसमध्येमा तेइस वर्षको नेथनिएल ह्यारिसन पनि हुनुहुन्थ्यो। उहाँ वेस्लीसँग जोडिनुभयो, र पछिको बीस वर्षसम्म इमानदारीपूर्वक वेस्लीको अधीनतामा रहेर काम गर्नुभयो, साथै आफ्नो जीवनकालमा अति क्रूर सतावटहरूलाई सामना गर्नुभयो। उहाँको बुवाले उहाँलाई घरबाट निकाल्नुभयो, साथै उहाँको जेठो दाइले उहाँलाई घोडा हिर्काउने कोर्राले हिर्काउनुभयो। भिडले उहाँलाई टाउकोमा प्रहार गरियो, र एकपल्ट उहाँ रक्ताम्मे हुनुभयो।

वेस्लीको प्रचार सुनेर पछिका समयहरूमा उहाँको अधीनतामा रहेर इमानदारीपूर्वक काम गरेको अर्को एक जना व्यक्ति तन्तुकार जोन मर्गाट्राइड, जसले पछिका ६३ वर्षहरूसम्म सुसमाचार प्रचार गर्नुभयो। उहाँको दस जना छोराछोरी भए, ५१ जना नातिनातिनाहरू र २१ जना पनाति पनातिनीहरू भए।

मेथोडिजम बिर्स्टलबाट पश्चिमको अन्य भागहरूमा फैलियो, र सन् १७६२ मा बिर्स्टल एउटा केन्द्र भयो।

### न्युक्यासलमा काम विस्तार हुनु

यही समयहरूमा हन्टिङ्डनको प्रमुखले, जो मेथोडिस्ट आन्दोलनद्वारा उद्धार पाउनुभएको थियो, जोन वेस्लीलाई न्युक्यासलमा आएर खानीमा काम गर्ने मजदुरहरूलाई प्रचार गर्न बिन्ती गर्नुभयो।

सन् १७४२ मा उत्तर बेलायतमा भएको न्युक्यासलतिर वेस्ली जानुभयो। न्युक्यासल बृस्टलदेखि ४७९ किलोमिटर टाढा छ। सन् १७४२ मा उहाँले त्यहाँ एउटा समाज स्थापना गर्नुभयो। त्यसपछिका समयहरूमा उहाँले झन्डै पचास पल्ट जति त्यो भूभागहरूमा भ्रमण गर्नुभयो, र धेरै पल्ट हप्तौँ त्यहाँ रहनुभयो। योचाहिँ जोन वेस्लीको उत्तरी कुने ढुङ्गो भनी चिनिन पुग्यो।

बृस्टल र लन्डनको साथ न्युक्यासल थपिँदा त्योचाहिँ 'वेस्ली त्रिकोण' बन्न पुग्यो, जसभित्र वेस्लीले आफ्नो पचास वर्षसम्मको घुमफिरको सेवा गर्नुभयो।

आफू पहिलो पल्ट न्युक्यासल आएको बारेमा जोन वेस्लीले आफ्नो दैनिकीमा यसरी लेख्नुभएको छ: "सन् १७४२ मे २८ तारिख। हामी (वेस्लीको साथ जोन टेइलर पनि आउनुभएको थियो) छ बजेतिर न्युक्यासल आइपुग्यौँ, र थोरै समय विश्राम गरिसकेपछि सहरतिर हिँड्यौँ। अति धेरै मतवालापन, सराप्नु, छाडा शब्दहरूले गाली गर्नु (साना बच्चाहरूले समेत) देखेर म छक्क परेँ। यति थोरै समय अवधिभित्र यति धेरै कुराहरूलाई कहिल्यै देखेको सुनेको सम्झना मलाई छैन। 'धर्मी जनलाई होइन तर पापीलाई पश्चात्तापको लागि बोलाउन आएको छु' भनी भन्नुभएको उहाँको लागि यो ठाउँ निश्चय नै पाकिसकेको अवस्थामा छ।"

आइतबार: "सात बजेतिर म स्यान्डगेटतिर गएँ, जुनचाहिँ त्यो सहरको अति दरिद्र र तुच्छ ठाउँको रूपमा थियो। जोन टेइलरको साथ गल्लीको अन्तिम भागमा उभेर भजनसंग्रह १०० लाई गाउन थाल्यौँ। तीन अथवा चार जना मानिसहरू के भइरहेछ भनी हेर्न आए, एक छिनमा त्यो चार सयदेखि पाँच सयको भिड भयो, र केही समयपछि १५०० जनाको भिड भयो। मैले उनीहरूको बिचमा 'उहाँ हाम्रो अधर्मको निम्ति छेडिनुभयो' भन्ने शब्दहरूबाट प्रचार गरेँ। प्रचार सकिँदा मानिसहरूले मलाई आश्चर्यसहित एकोहोरो हेरिरहे। मैले तिनीहरूलाई भनेँ, 'यदि तपाईंहरूले म को हुँ भनी चिन्न चाहनुहुन्छ भने मेरो नाम जोन वेस्ली हो। परमेश्वरको सहायताले बेलुकी पाँच बजे म फेरि यो ठाउँमा प्रचार गर्छु।' बेलुकी पाँच बजे म जुन डाँडामा प्रचार गर्नुपरेको थियो त्यो डाँडा माथिदेखि तलसम्म मानिसहरूले भरिएको थियो। मैले यति धेरै मानिसहरूको भिडलाई कहिल्यै देखेको थिइनँ, न त मुर्फिल्डमा न त केन्निङ्टनमा। प्रचार सकिँदा म झन्डै मानिसहरूको भिडले पेलिएँ, किनभने तिनीहरू मप्रति शुद्ध प्रेम र निगाहले भरिएका थिए। भिडबाट निस्कनलाई मलाई केही समय लाग्यो, र आएको बाटोलाई छोडेर अर्को बाटो हुँदै गएँ, तर पनि हामीभन्दा अगाडि हामी बस्ने होटेलमा

मानिसहरू आइपुगे, र हामीलाई कमसेकम अझै थोरै दिनहरू उनीहरूसँग रहन आग्रह गरे।"

जोन वेस्ली त्यहाँबाट गइसकेपछि चार्ल्स वेस्ली सेप्टेम्बर महिनातिर न्युक्यासलमा आउनुभयो, र एउटा मेथोडिस्ट समाज सुरु गर्नुभयो। जोन वेस्ली आफ्नो पचास वर्षको सेवकाईको अन्तरालमा पचास पल्ट भन्दा बढी न्युक्यासल आउनुभयो। वेस्लीले एउटा अनाथ आश्रम त्यहाँ स्थापना गर्नुभयो, जसको नाम 'अनाथहरूको घर' राख्नुभयो (यो एउटा बहुमुखी भवन थियो, र यसको नामचाहिँ हेलमा भएको हेर्मन फ्रान्के(August Hermann Francke)को अनाथ आश्रमको सम्झनामा राखियो।) यो चाहिँ उहाँको उत्तरीय केन्द्र बन्न पुग्यो।

## सन् १७४२ मा वेस्लीले गरेका यात्राहरू

सन् १७४२ मा वेस्ली दिन-रात यात्रा गर्दै प्रचार गर्दै हुनुहुन्थ्यो। त्यो साल उहाँले २४ हप्ताहरूलाई लन्डनमा र त्यसको वरिपरि भएका ठाउँहरूमा बिताउनुभयो; १४ हप्ताहरूलाई बृस्टल र त्यसको आसपासका ठाउँहरूमा बिताउनुभयो; एक हप्ता वेल्समा, र १३ हप्ताहरू न्युक्यासल र त्यसको वरिपरि भएका ठाउँहरूमा बिताउनुभयो।

## मेथोडिस्ट मण्डलीको प्रगति सन् १७४२ - १७४३ सम्म

- मेथोडिस्ट समाजहरू झुन्डहरूको रूपमा छुटाइयो, र झुन्ड अगुवाहरूको स्थानहरू स्थापित गरियो – सन् १७४२ फेब्रुअरी १५।
- ब्यान्ड सभाहरू स्थापित भयो (अर्को एक प्रकारको झुन्ड सङ्गति)।
- दोस्रो भजन किताबको प्रकाशन भयो।
- त्रैमासिक रूपमा जाँच्ने तरिका लन्डनमा भएका झुन्ड सङ्गतिहरूमा स्थापना गरियो, र आधिकारिक रूपमा स्विकारिएको प्रमाण स्वरूप प्रमाण पत्रहरू (टिकट) बाँड्ने काम सुरु भयो – सन् १७४२ मार्च।
- पहिलो रात्रि प्रार्थना लन्डनमा सुरु गरियो – सन् १७४२ अप्रिल ९।
- बाह्र जना प्रचारकहरू जोन वेस्लीसँग जोडिए – सन् १७४२।
- 'युनाइटेड सोसाइटीस' भन्ने मेथोडिस्ट समाजहरूका विधिहरू जोन

वेस्लीद्वारा प्रकाशन गरियो – सन् १७४३ मे।

- बाह्र जना सेवकहरू जोन वेस्लीसँग जोडिए, र त्यसमध्येमा एक जनालाई मण्डलीको अगुवाको रूपमा अभिषेक गरियो – सन् १७४३।

युनाइटेड सोसाइटीस स्थापना गरेको चार वर्षपछि सन् १७४३ मा जोन वेस्लीले मेथोडिस्ट समाजका सदस्यहरूको लागि सामान्य विधिहरू तयार गर्नुभयो।

**युनाइटेड सोसाइटीस भन्ने मेथोडिस्ट समाजका विधिहरू प्रकाशित हुनु**

मेथोडिस्ट समाजको परिभाषा यसरी दिइन्थ्यो, "भक्तिको रूप भएको र त्यसको शक्तिलाई खोज्ने मानिसहरूको दल, जुनचाहिँ एक साथ प्रार्थना गर्न, अर्तीको वचन स्वीकार गर्न र प्रेममा एक अर्काको हेरचाह गर्न एकत्रित भएको हुन्छ, ताकि तिनीहरूले एक–अर्कालाई आफ्नो मुक्तिको काम पूरा गर्न सहायता गर्न सकुन्।"

मेथोडिस्ट समाजमा सदस्य बन्नको लागि एक मात्र सर्त छ, त्योचाहिँ "आउने क्रोधबाट भाग्ने र पापबाट मुक्ति पाउने इच्छा।" तर जहाँ यो साँच्चै नै आत्मामा गाडिएको हुन्छ त्यहाँ त्यो फलहरूद्वारा देखिनेछ।

त्यस कारण यसमा लागिरहने सबैबाट आफ्नो मुक्ति पाउने इच्छाको प्रमाण दिइरहनुपर्नेछ भनी आशा गरिन्छ।

**पहिलो: कुनै खराबी नगर्नू**

सबै किसिमका खराबबाट अलग रहनू, विशेष गरी सामान्य रूपमा अभ्यास गरिने खराब कुराहरू जस्तै:

१. परमेश्वरको नामलाई व्यर्थमा लिनु।
२. प्रभुको दिनलाई अपवित्र तुल्याउनु – सामान्य कामहरू गरेर अथवा किनबेच गरेर।
३. मतवालापन अथवा मात लाग्ने कुराहरू पिउनु (अत्यावश्यक अवस्था

बाहेक)।

४. झगडा गर्नु, वादविवाद गर्नु र बाझाबाझ गर्नु; एउटा भाइ अर्को भाइको विरुद्धमा अदालतमा जानु; खराबीको सट्टामा खराबी गर्नु, अपमानको सट्टामा अपमान गर्नु; किन्दा बेच्दा धेरै शब्दहरू प्रयोग गर्नु।
५. कर नतिरी सामान किनबेच गर्नु।
६. ब्याजमा पैसा लिनु दिनु अर्थात् गैर कानुनी ब्याज।
७. प्रेमहीन र बेफाइदापूर्वक बातचित, विशेष गरी शासकहरू र सेवकहरूको बारेमा खराब बोल्नु।
८. अरूले हामीलाई जे गरेको चाहँदैनौ, सो तिनीहरूलाई गर्नु।
९. परमेश्वरलाई महिमा नहुने कुरा भनी थाहा भएको काम गर्नु, जस्तैः सुन अथवा महँगो वस्त्र लगाउनु।

प्रभु येशूको नामलाई प्रयोग गर्न नसक्ने खालको मोड लिनु।

- परमेश्वरको ज्ञान र प्रेम नल्याउने खालका गीतहरू गाउनु अथवा किताबहरू पढ्नु।
- आफूप्रति नरम हुनु र अनावश्यक रूपमा अनियन्त्रित भएर आफ्नो इच्छालाई पूरा गर्नु।
- संसारमा सम्पत्ति थुपार्नु।
- तिर्ने सम्भावनाविना उधारो लिनु अथवा तिर्ने सम्भावनाविना उधारोमा सामान किन्नु।

त्यस कारण यसमा लागिरहने सबैबाट आफ्नो मुक्ति पाउने इच्छाको प्रमाण दिइरहनुपर्नेछ भनी आशा गरिन्छ।

**दोस्रोः असल हुनू**

आफ्नो सामर्थ्यअनुसार सबै किसिमले दयालु हुनु; अवसर पाएअनुसार सबै प्रकारको भलाइ गर्नु, सम्भव भएसम्म सबै मानिसहरूका लागि।

१. तिनीहरूको शरीरलाईः परमेश्वरले दिनुभएको क्षमताअनुसार

भोकोलाई भोजन दिनु, नाङ्गोलाई वस्त्र दिनु र बिरामी अथवा झ्यालखानामा परेकाहरूलाई भेट्न जानु।

२. तिनीहरूको प्राणलाई: हामी बातचित गर्ने हरेकलाई शिक्षा, अर्ती र हप्काइ दिनु। "भलाइ गर्न हाम्रो हृदय स्वतन्त्र नहुन्जेल हामीले भलाइ गर्नु हुँदैन" भन्ने सिद्धान्तलाई खुट्टामुनि कुल्चिनुपर्छ।

३. भलाइ गर्नु, विशेष गरी जो विश्वासका घरानाका हुन्, अथवा त्योभित्र हुन सुस्केरा हाल्दै गरेकाहरूलाई; रोजगारीमा तिनीहरूलाई प्राथमिकता दिएर; एक–अर्काबाट किनमेल गरेर; काममा एक–अर्कालाई सघाएर, र अझै धेरै कुराहरूद्वारा, किनभने संसारले आफ्नोलाई प्रेम गर्छ र आफ्नोलाई मात्र।

४. सुसमाचारलाई कलङ्कित हुन नदिन सक्दो पूर्ण सजगता र मितव्ययिता अपनाउनु।

५. आफ्नो अगाडि राखिएको दौडलाई धैर्य साथ दौडनु, आफूलाई इन्कार गर्नु, र दैनिक रूपमा क्रूस उठाउनु; संसारको फोहोर र पृथ्वीको कसिङ्गर हुनु भन्ने ख्रीष्टको निम्ति निन्दित हुने कुरालाई सहन समर्पित हुनु; र प्रभुको खातिर मानिसहरूले आफ्नो बारेमा सबै प्रकारको खराबी बोल्नेछन् भन्ने कुराको लागि तयार हुनु।

त्यस कारण यसमा लागिरहने सबैबाट आफ्नो मुक्ति पाउने इच्छाको प्रमाण दिइरहनुपर्नेछ भनी आशा गरिन्छ।

**तेस्रो: परमप्रभुका विधिहरूलाई पालन गर्नू, जस्तै:**

१. आराधना सेवामा सहभागी हुनु।
२. वचनको सेवकाईमा सहभागी हुनु: पाठ गरेर अथवा व्याख्या गरेर।
३. प्रभु–भोजमा सहभागी हुनु।
४. पारिवारिक र व्यक्तिगत प्रार्थनामा सहभागी हुनु।
५. धर्मशास्त्रलाई खोजतलास गर्नु।
६. उपवास बस्नु, र व्रत बस्नु (सीमित समयको लागि केही वस्तु मात्र खाने वा कुनै वस्तु उपभोग गर्ने वा नगर्ने नियमको पालन। )

यी नै हाम्रो समाजका नियमहरू हुन्, जो परमेश्वरले हामीलाई पालन गर्न सिकाउनुभएको छ, जुन उहाँको वचनमा पनि लेखिएको छ, जुनचाहिँ हाम्रो विश्वास र अभ्यासको लागि पर्याप्त र एक मात्र नियम हो। हामीलाई थाहा छ कि यी कुराहरूलाई उहाँको आत्माले साँचो रूपमा जागृत हृदयहरूमा लेख्नुहुन्छ। हामीमध्येमा यसलाई नपछ्याउने र भङ्ग गर्ने बानी भएको कोही छ भने तिनीहरूलाई यो थाहा होस् कि प्राणहरूको रक्षा गर्नेलाई तिनीहरूले लेखा बुझाउनु पर्नेछ। त्यस्ता मानिसलाई तिनको गल्तीको बारेमा हामीले अर्ती दिन्छौँ; केही समयसम्म तिनलाई हामीले सहन्छौँ; तर यदि तिनले पश्चात्ताप गरेनन् भने हाम्रो बिचमा तिनलाई ठाउँ छैन; हामीले आफ्नो प्राणलाई बचायौँ।

यसरी असल जगमाथि मेथोडिजमको जग बसालियो।

### बेलायतको उत्तरी भूभागतिर काम विस्तार हुनु

सन् १७४३ देखि जोन वेस्ली न्युक्यासल र त्यसको आसपासका ठाउँहरूमा भ्रमण गर्न थाल्नुभयो। उहाँले हार्स्ले, पेल्टन, कौडेन, दक्षिण बिड्डिक, टयानफिल्ड, बिट्र्ले र श्वाल्वेलमा प्रचार गर्नुभयो। न्युक्यासलमा ठुलो जागृति सुरु भयो। वेस्लीले प्रचार गरिरहँदा सयौँ मानिसहरू आफ्नो बल गुमाएर भुईंमा लडे, र अति ठुलो पीडामा थिए। एउटा तलवार आफ्नो बिचमा गएको जस्तो अनुभव भयो भनी कसैले भने। अरू कसैले आफूमाथि ठुलो गह्रौँ भारी भएको अनुभव गरे। कसै–कसैलाई सास फेर्न पनि गाह्रो भयो, र अरू कसैले आफ्नो शरीर टुक्रा टुक्रा परेको जस्तै अनुभव गरे। वेस्ली लेख्नुहुन्छ: "मैले यी लक्षणहरूलाई परमेश्वरको आत्माभन्दा बढी अरू कुनै पनि प्राकृतिक कारणहरूबाट भएको भनी ठहराउन सक्दिनँ। तर मलाई कुनै शङ्का छैन, कि तिनीहरूलाई टुक्रा टुक्रा पारिरहेको चाहिँ सैतान हो, जब तिनीहरू ख्रीष्टमा आउँदै थिए। यसैले नै त्यो दुःखपूर्ण चिच्च्याइहरू अघि आएका हुन्, जसद्वारा उसले परमेश्वरको कामलाई बदनाम गर्न सकिन्छ, र डराउने खालका मानिसहरूलाई तिनीहरूको आत्मालाई बचाउन सक्ने वचन सुन्नदेखि डराउने बनाउन सकिन्छ।"

### एप्वोर्तमा आफ्नो बुवाको समाधि शिलामाथि उभिएर प्रचार गर्नु



न्युक्यासलबाट जोन वेस्ली आफ्नो बुवाले पचास वर्षसम्म पास्टरीय सेवकाई गरेको एङ्लिकन मण्डली रहेको एप्वोर्ततिर जानुभयो। त्यहाँ एउटा पौवामा रहन जानुभयो। त्यहाँ उहाँको बुवाको एउटा पुरानो सेवक र दुई–तीन जना गरिब दिदी–बहिनीहरूले उहाँलाई चिने। भोलिपल्ट आइतबारको दिन भएकाले उहाँले मण्डलीको अगुवा श्रीमान् रोम्लेलाई प्रचार गरेर अथवा प्रार्थनाहरू पढेर सहायता गर्ने इच्छा व्यक्त गर्नुभयो, तर श्रीमान् रोम्लेले त्यो कुरालाई इन्कार गर्नुभयो। सङ्गति सिद्धिसकेपछि बाहिर निस्किरहेका मानिसहरूलाई श्रीमान् जोन टेइलरले त्यो दिन बेलुकी छ बजे चर्चको कम्पाउन्डभित्र रहेको चिहान–आँगनमा श्रीमान् वेस्लीले प्रचार गर्नुहुन्छ भन्ने सूचना दिनुभयो। त्यसै गरी तोकिएको समयमा उहाँ आफ्नो बुवाको समाधि शिलामाथि (मञ्च नभएकाले) उभिएर प्रचार गर्नुभयो। एप्वोर्तभरिका सबै मानिसहरू उहाँको प्रचार सुन्न आए।

आफ्नो पहिलेको योजना विपरीत उहाँ आठ दिनसम्म एप्वोर्तमा रहनुभयो, र हरेक दिन राति आफ्नो बुवाको समाधि शिलालाई मञ्चको रूपमा प्रयोग गर्नुभयो। साथै उहाँले बर्नहम, औस्टन, बेल्टन, ओवर्थार्प र ह्याक्सेमा पनि प्रचार गर्नुभयो।

बुवाको चिहानमाथि उभिएर वेस्लीले प्रचार गर्दा त्यसमा परमेश्वरको

शक्ति प्रकट भएको थियो। एकपल्ट चारैतिरका मानिसहरू ठुलो स्वरले रुन थाले र अर्को पल्ट धेरै जना मानिसहरू मरेको जस्तै भुईंमा लडे। आत्मग्लानिले रुनेहरूको आवाजको बिचमा वेस्लीको आवाज सुन्न नसक्ने भयो। त्यो पुरानो मण्डलीको आँगनमा धेरै जना परमेश्वरसँग मिलापमा आए र उच्च स्वरले धन्यवाद दिए। एउटा भद्र मानिस जो तीस वर्षदेखि कुनै पनि प्रकारको सेवामा सहभागी हुनुभएको थिएन, प्रतिमा जस्तो निश्चल भएर उभिरहनुभएको थियो। वेस्लीले उहाँलाई सोध्नुभयो, 'साहेब, तपाईं पापी हुनुहुन्छ?' उहाँले जवाफ दिनुभयो, 'पापी भन्दा पुग्छ त !' र माथि एकोहोरो हेरेर उभिरहनुभयो। अन्तमा उहाँकी श्रीमती र नोकर जो दुवै पनि रोइरहेका थिए, उहाँलाई कुर्सीमा बसाए, र पछि घर लगेर गए।



**वेस्लीले २०,००० लाई प्रचार गरेको ग्वेन्नेप पिट (खाडलका गराहरू पछि बनाएको हो )**

## अध्याय - ९

# कठिनाइहरू

### परिवारका सदस्यहरूको मृत्यु

सन् १७३९ मा जोन वेस्लीको जेठो दाइ शमूएल बित्नुभयो। दुई वर्षपछि सन् १७४१ मा उहाँकी कान्छी बहिनी केजिया आफ्नो बत्तीस वर्षको उमेरमा बित्नुभयो।

### आमाको मृत्यु

जोन वेस्ली सन् १७४२ जुन १४ तारिख एप्वोर्तबाट जानुभयो। एक महिनापछि जुलाई महिनामा आफ्नो आमा अस्वस्थ हुनुहुन्छ भन्ने खबर सुन्नुभयो। आमालाई भेट्नको लागि उहाँ बृस्टलबाट लन्डन आइपुग्नुभयो। सन् १७४२ अगस्ट १ तारिख उहाँकी आमा सुसन्ना वेस्ली शान्तिसँग प्रभुमा सुत्नुभयो। अति ठुलो आदरसहित उहाँको अन्तिम संस्कारको सेवा गरियो। जोन वेस्लीले त्यो सेवामा प्रचार गर्नुभयो। सुसन्ना वेस्लीका सबै छोराछोरीहरू उहाँको मृत्युको समयमा साथमा थिए। जोन वेस्लीको लागि आमाको मृत्यु ठुलो घाटा थियो। उहाँको आमा नै उहाँको आत्मिक सल्लाहकार, अगुवा र प्रार्थना–सहयोगी हुनुहुन्थ्यो।

### मेथोडिजमको विरोधमा कलह हुनु

सन् १७४३ मा वेस्लीले आफ्नो परिश्रमलाई बेलायतको पश्चिमतिर स्टाफ्फोर्डसयरसम्म विस्तार गर्नुभयो। सन् १७४२ मा चार्ल्स वेस्ली र जोन वेस्ली दुवै जना पहिलो पल्ट स्टाफ्फोर्डसयरमा रहेको एउटा गाउँ वेड्नेस्बरीमा आउनुभयो। त्यही नै साल त्यहाँ सय जना सदस्य भएको एउटा मेथोडिस्ट समाजको स्थापना भयो।

पछिल्लो वर्ष मे २० तारिख चार्ल्स वेस्ली फेरि त्यहाँ आउनुभयो।

सदस्यहरूको सङ्ख्या तीन सय भन्दा बढी भएको देख्नुभयो। त्यहाँका दाजुभाइका साथमा भजनहरू गाउँदै छेउमा रहेको अर्को एउटा सहर वाल्सल सहरमा जानुभयो। उहाँ त्यहाँ बजार चल्ने घरको सिँढीमा उभिएर प्रचार गरिरहँदा कराउँदै लगातार ढुङ्गा हान्दै एउटा भिड त्यहाँ आइपुग्यो। चार्ल्स वेस्ली त्यहाँबाट उम्कनुभयो। यो घटना घटेको आसपासका समयमा वेड्नेस्बरीको सानो मेथोडिस्ट समूह डार्लस्टनबाट भजनहरू गाउँदै फर्किरहेको हुँदा एउटा भिडले तिनीहरूमाथि ढुङ्गा र फोहोरहरू फ्याँक्न थाले। त्यो भिडले त्यसपछि वेड्नेस्बरी, डार्लस्टन र ब्रोम्विचमा गएर हरेक मेथोडिस्ट घरका सिसाहरूलाई फोऱ्यो। एक ठाउँमा धम्की दिएर पैसाहरू खोसियो। अर्को ठाउँमा फर्निचरहरू फुटायो र चोऱ्यो र गर्भवती महिलाहरूलाई पनि लाठोले हिर्कायो अथवा तिनीहरूसँग दुर्व्यवहार गऱ्यो। यही नै वेड्नेस्बरीमा क्रमशः साथ मेथोडिस्टहरूको विरोधमा बढेको उपद्रवको पहिलो घटना हो।

पछिल्लो महिना जुन २२ तारिख जोन वेस्ली स्टाफ्फोर्डसयरमा आउनुभयो। वेस्ली आउने दिनको अघिको दिन एउटा हिंसात्मक भिड त्यहाँ आएर दुई जना मेथोडिस्ट समर्थकहरू फ्रान्सिस वार्ड र जोन इटनको घरहरूमा ढुङ्गा हानियो। त्यो भिडले झ्यालहरू फुटायो, ढोकाहरूलाई ध्वस्त पारियो, र घडीहरूलाई टुक्रा टुक्रा पारियो। त्यही दिन दुई तीन जना मेथोडिस्टहरू जोन एडम्सको घरमा भजन गाइरहेका थिए। त्यतिखेर त्यहाँ आएको भिडले ढुङ्गाले हानेर झ्यालहरू फुटायो। अझै धेरै मेथोडिस्टहरूका घरहरू आक्रमणमा परेर तोडफोड भयो।

**जोन वेस्लीमाथि आक्रमण**

वेस्लीले सामना गर्नुपर्ने खतरनाक भिडहरू कार्न्वाल र स्टाफ्फोर्डसयरमा थिए। सन् १७४५ को गर्मी याममा सिङ्गो देश आक्रमणको घडीमा हुँदा जोन वेस्लीको बारेमा एउटा झुटो अफवाह फैलायो कि उहाँ पोपको दूत थिए। तुरुन्तै एउटा भिड उहाँ बसेको घरको वरिपरि भेला भयो, र उच्च स्वरले उहाँलाई बाहिर निकाल्नुपर्छ भनी चिच्यायो। भिडले जबरजस्ती गरेर मूल ढोकालाई खोल्यो; र अहिले उहाँ रहेको कोठा र भिडको बिचमा एउटा

पतलो बार मात्रै थियो। त्यति बेला उहाँ आफै पनि आफ्नो जीवन एक घण्टाको लागि किन्न योग्य छैन भनी सोच्न थाल्नुभयो। केही गुन्डाहरू मिलेर आफ्नो काँधले बल लगाएर भित्रीय ढोकालाई पनि खोलिदिए। भित्रीय ढोका खोल्दा जोन वेस्ली शान्तसँग बाहिर निस्कनुभयो र भन्नुभयो, "शुभ साँझ। म यहाँ छु। तपाईंहरूमध्ये कसलाई के भन्नु छ? तपाईंहरूमध्ये कसको विरुद्धमा मैले के गरेको छु? तपाईंलाई? तपाईंलाई? तपाईंलाई?" अनि त्यसरी बोल्दै उहाँ अगाडि बढ्नुभयो र गल्लीको बिचमा पुग्नुभयो र भिडलाई सम्बोधन गर्दै भन्नुभयो, "छिमेकीहरू के तपाईंहरू मेरो कुरा सुन्न चाहनुहुन्छ?" भिडले उच्च स्वरले भन्यो, "हो, हो, तिनलाई बोल्न दे। तिनी बोल्नेछ; कसैले तिनलाई बाधा पुऱ्याउने छैन।" उहाँले बोलेका केही वाक्यहरूले भिडलाई नेतृत्व गर्नेहरूको मनलाई जित्यो; र तिनीहरूले उहाँलाई चोट नपुऱ्याउने प्रतिज्ञा गरे, र भिडमा भएका केही असल मानिसहरूले उहाँलाई आफू बसेको ठाउँमा फर्काए। तर फेरि गल्लीमा जानु उहाँको लागि असुरक्षित मानिएकाले उहाँलाई घरपछाडि भएको नदीमा डुङ्गामार्फत सहरलाई छोडेर जान सल्लाह दिए। उहाँको घोडालाई केही माइलहरू टाढा रहेको उहाँ उत्रिने ठाउँमा छुट्टै लगियो। भिडका केही मानिसहरूले उहाँ भाग्नुभयो भनी थाहा पाएर ओर्लिने ठाउँमा उहाँलाई सामना गर्नको लागि नदीको किनारै किनार दौडेर पछि–पछि गए। जब उहाँ डुङ्गाबाट उत्रिनुभयो एक जना उग्र मानिस पानीबाट उक्लिने बाटोको मुखमा उभिरहेका थिए। वेस्ली सिधै उक्लेर तिनीकहाँ पुग्नुभयो र शान्त रूपमा भन्नुभयो, "महोदय, म तपाईंलाई शुभ रात्रिको कामना गर्दछु।" तिनले रिसले जवाफ दिए, "तिमी नरकमा भएको म चाहन्छु।" वेस्ली घोडामा चढ्नुभयो र आफू प्रचार गर्नुपर्ने अर्को ठाउँमा जानुभयो। यो खतरा र छुटकाराको बारेमा वेस्लीले यसरी टिप्पणी गर्नुभएको थियो, "यो ठाउँमा जसरी स्पष्ट रूपमा परमेश्वरको हातलाई मैले कहिल्यै देखेको थिइनँ।"

सन् १७४३ अक्टोबर २० तारिख सय जना जतिका भिडले जोन वेस्लीलाई उग्र रूपले आक्रमण गरेर उहाँलाई न्यायालयसम्म तानेर लग्यो। भिडले वेस्लीलाई झन्डै पूरै रातभरि नै वर्षाको बिचमा हिँड्न लगायो, र उहाँको प्राण लिनुपर्छ भनी चिच्च्याइरह्यो। त्यो भिडको एक जना नेता थिए,

जो अति बलियो र अति क्रूर मानिस थिए, जसलाई तिनीहरूले मुन्चिन भनी उपनाम दिएका थिए। तिनले बारम्बार वेस्लीको टाउकोमा लौरोले हिर्काउन प्रयास गरे, र हरेक पल्ट लौरो निशानामा लागेन। वेस्लीले पछि भन्नुहुन्थ्यो, कि एक पल्ट लागेको भए त्यतिले नै पुग्थ्यो, टाउको फुट्थ्यो।

जोन वेस्ली मुखमा, मुहारमा र टाउकोमा रगत आउने गरी हिर्काइनुभएको थियो, तर उहाँले पीडाको महसुस गर्नुभएको थिएन। सडकमा घिसारिएर लगिँदै गर्दा एउटा खुला ढोका देखेर जोन वेस्ली त्यहाँ पुग्नुभयो, जुनचाहिँ सहर प्रमुखको घर थियो। जोन वेस्लीलाई भित्र आउन दिएमा आफ्नो घर नाश हुने सम्भावना देखेर तिनले अनुमति दिएनन्।

उहाँले भिडतिर ध्यान दिँदा भिडले "त्यसको गिदी निकालिदेऊ, सिद्ध्याऊ, उसलाई मारिदेऊ" भनी चिच्याइरहेको सुन्नुभयो। अरू कसैले "त्यसको कुरा एकपल्ट सुनौँ" भनी भने। उहाँले बोल्न थाल्दा अचानक उहाँको मुखबाट आवाज आएन, र फेरि भिड उहाँप्रति आक्रोशित भयो। उहाँको बल फर्किंदा उहाँ पूर्ण बलले ठुलो स्वरले प्रार्थना गर्नुभयो। एउटा गुन्डा (मुन्चिन) अगाडि आए र भने, "साहेब, मेरो जीवन तपाईंको लागि दिन्छु। मलाई पछ्याउनुहोस्, र यहाँको एउटा मानिसले पनि तपाईंको टाउकोको एउटा कपाललाई पनि छुँदैन।"

तिनी र तिनका साथीहरू मिलेर उहाँलाई सुरक्षासहित वेड्नेस्बरीमा भएको आफ्नो घरमा लगे। जोन वेस्लीले भन्नुभयो, "मैले एक छिन पनि सोचिनँ; एकपल्ट मात्र मलाई सम्झना आयो कि यदि तिनीहरूले मलाई नदीमा फालिदियो भने मेरो गोजीमा भएका कागजहरू भिज्छन्। मेरो बारेमा मलाई शङ्कै थिएन कि पातलो कोट र हलुका जुत्ता लगाएकाले पौडी खेलेर म नदी पार गर्न सक्छु।

"परमेश्वरको हात हरेक व्यक्ति र हरेक चिजमाथि छ र उहाँले आफूलाई असल देखेबमोजिम सबै कुरालाई बदल्न सक्नुहुन्छ भन्ने कुरालाई विश्वास गर्न सक्ने खालको परमेश्वरले एक पछि अर्को गरी दिएको यस्ता

सहायताहरूलाई मैले कहिल्यै देखेको थिइनँ।"

चार जना मेथोडिस्टहरू कठिनताका समयहरूमा जोन वेस्लीको लागि खडा भएर लड्ने र उहाँको लागि बाँच्न र मर्न सङ्कल्प गरे। जोन वेस्लीले उहाँहरूलाई भिडले हुलदङ्गा मच्चाउन थाल्दा के गर्नुहुन्छ भनी सोध्नुभयो। त्यसमध्ये एक जना भएको विलियम सीट्चले जवाफ दिनुभयो, "हाम्रो लागि मर्नुभएकोको लागि मर्छौं।"

यो घटना घटेको पाँच दिनपछि चार्ल्स वेस्ली वेड्नेस्बरीमा आइपुग्नुभयो। उहाँ लेख्नुहुन्छ: "मानिसहरू उज्यालो हुने बित्तिकै आराधनाको लागि भेला भए। म सहरमा गएर निडरतासहित प्रचार गरेँ।" हुलदङ्गा मच्चाउने मानिसहरूको कप्तान मुन्चिन थिए, जुनचाहिँ उसको घातक बलको लागि स्थानीय रूपमा दिएको उपनाम थियो। तिनी तुरुन्तै आफ्नो ईश्वरहीन साथीहरू भएको गिरोहलाई छोडेर मेथोडिस्टहरूसँग मिल्न आइपुगे। घटना घटेको पाँच दिन मात्र बितेको हुँदा चार्ल्स वेस्लीले तिनलाई सदस्यको रूपमा स्विकार्नुभयो। चार्ल्स वेस्लीले सज्जन भइसकेको मुन्चिनलाई सोध्नुभयो, "मेरो दाइको बारेमा तपाईं के सोच्नुहुन्छ?" मुन्चिनले जवाफ दिए, "म उहाँ परमेश्वरबाट आउनुभएको मानिस भनी ठान्छु, र हामी त्यति धेरै मानिसहरूले त्यो एक जनालाई मार्न सकेनौँ, परमेश्वर उहाँको पक्षमा हुनुहुन्थ्यो।" सज्जन मुन्चिनको खास नामचाहिँ जर्ज क्लिप्टन थियो। तिनी हलोवे ब्याङ्क भन्ने ठाउँमा एउटा सानो घरमा बस्थे, र पछिका दिनहरूमा तिनी कसरी जोन वेस्लीको प्राणलाई लिन लागेको बेलामा परमेश्वरले तिनको हातलाई रोकिदिनुभयो भन्ने कुरालाई बताइरहन थाकेनन्। सन् १७८९ मा तिनी पचासी वर्षको उमेरमा बिर्मिन्हममा बिते, र सन्त पावल मण्डलीको कम्पाउन्डभित्र रहेको चिहानमा गाडिए। जोन वेस्लीलाई सताएकाहरू प्रायः चाँडै मरेर गए तापनि सज्जन मुन्चिन जस्ता मानिसहरू दीर्घायु पाएर शान्तिपूर्ण जीवन बिताए, र आफ्ना नातिहरूसमेत परमप्रभुको डर र भयमा जिएको देख्ने मौका पाए भन्ने कुरा उल्लेखनीय कुरा हो।

### पछिल्लो वर्षको कलह

स्टाफ्फोर्डसयरको हुलदङ्गा यतिमै अन्त भएन। सन् १७४४ फेब्रुअरी २ तारिख चार्ल्स वेस्ली फेरि पनि त्यहाँ प्रचार गर्न आउनुभएको थियो। यो पल्ट एउटा भिड तलवार, लाठो र बन्चरो हातमा लिएर त्यहाँ आयो। एक जना मानिसले मेरी टर्नरको बाइबललाई आफ्नो बन्चरोले टुक्रा टुक्रा पारे। अर्कोले आफ्नो बेल्चाले हिर्काएर श्रीमती सेल्डनको दिमागलाई निकालिदिन्छु भनी चिच्च्याए। जासुअ कन्सटबल यो असंयमी भिडको आक्रमणमा परे। तिनको घर आधा भाग भत्काइयो, सामग्रीहरू फुटाइयो र चोरियो। तिनकी श्रीमतीलाई क्रूर तरिकाले आक्रमण गरियो। छ दिनसम्म यो अनियन्त्रित कलह मच्चिरह्यो।

### मेथोडिजम कार्न्वालसम्म फैलिनु

सन् १७४३ मा जोन वेस्लीले आफ्नो परिश्रमलाई बेलायतको दक्षिण भागमा पर्ने कार्न्वालसम्म विस्तार गर्नुभयो। यो बेलायतको एउटा पुरानो खानी–केन्द्र थियो। टिन खानीको लागि झन्डै ३००० वर्ष इतिहास भएको ठाउँ थियो। खानीमा काम गर्ने मजदुरहरू घातक परिस्थितिहरूमा जमिनभन्दा सयौँ फिट मुनि काम गर्थे, र त्यहाँ पुग्नको लागि दिनैपिच्छे तिनीहरूले लामो भऱ्याङलाई प्रयोग गर्थे, र उज्यालोको लागि मैनबत्ती मात्रै प्रयोग हुन्थ्यो। वैदेशिक प्रतिस्पर्धाले गर्दा टिन र तामाको दाम घट्दा खानीहरू बन्द भयो, र मजदुरहरू बसाइँ सर्नुपर्ने परिस्थिति भयो।

### चार्ल्स वेस्लीमाथि आक्रमण

सन् १७४३ जुलाई १६ तारिख चार्ल्स वेस्ली कार्न्वालको मुख्य सहर सेइन्ट अइव्समा आइपुग्नुभयो। भोलिपल्ट उहाँ बजार लाग्ने भवनतिर गएर भजनसंग्रह १०० लाई गाउन थाल्नुभयो। त्यति बेला एउटा समूह ड्रम बजाएर कराउन थाल्यो। चार दिनपछि उहाँ सभामा प्रचार गरिरहेको हुँदा त्यही उपद्रवी समूह सभामा रहेकाहरूको विरोधमा आयो, र उहाँहरूलाई मारिदिने धम्की दियो। बत्ती राख्ने ठाउँहरूलाई फुटायो, झ्यालहरू फुटायो, र मेचहरू र भित्ताबाहेक अन्य सबै सामग्रीहरूलाई सर्वनाश गरियो। तिनीहरूले जोड

दिएर चार्ल्स वेस्ली फेरि यहाँ प्रचार गर्नुहुँदैन भनी भने, र उहाँलाई कुट्नको लागि हातहरू र लाठोहरू उठाए। दिदी–बहिनीहरूलाई कुटे, र घिसारेर बाहिर निकालेर दयाहीन कुल्चे। ती गुन्डाहरू अन्तमा एक–अर्कासँग झगडा परेर सहरको लेखनदासको टाउको फुटाउन्जेल यो चल्यो र त्यसपछि तिनीहरू त्यो कोठालाई छोडेर गए।

दुई दिनपछि उहाँ वेड्नाकमा प्रचार गरिरहेको हुँदा एउटा सेवकले पठाएको भिड सभालाई आक्रमण गर्न आयो। मण्डलीबाट मानिसहरूलाई लगेकोले र शबाथ दिनमा यस्तो समस्या ल्याएको कारणले तिनीहरूसँग बदला लिइन्छ भनी डरलाग्दो तरिकाले कसम खायो। लौरोहरू र ढुङ्गाहरू प्रयोग भयो, र दस जना कायर गुन्डाहरूले एक जना हतियारहीन मानिसलाई आक्रमण गरे। आफ्नो लाठोले हिर्काए र भुइँमा लडाए। भोलिपल्ट सेइन्ट अइव्समा अण्डाहरू र ढुङ्गाहरू हान्ने भिडले सभालाई रोकिदियो। भवनको भित्ताहरू पनि भत्काइदिन्छु भनी तिनीहरूले कसम खाए, जुन भवनको झ्यालहरू, बेन्चहरू र बत्तीहरूलाई पहिले नै सर्वनाश गरिसकेका थिए। जुलाई २६ तारिख पुल भन्ने ठाउँमा मण्डलीको स्वयंसेवक एक जना सभा भइरहेको बेलामा कराउन थाले, र चिच्च्याएर अरूको ध्यानलाई बिगार्न प्रयास गरे, र चार्ल्स वेस्लीको प्रचारलाई रोक्नको लागि उहाँको मुखमा आफ्नो टोपी राखे। चार्ल्स वेस्ली जोन वेस्लीको सल्लाह मानेर अगस्ट ८ तारिख कार्न्वाल छोडेर जानुभयो।

## चार्ल्स वेस्ली - महान् भजन लेखक

चार्ल्स वेस्ली आफ्नो दैनिकीमा लेख्नुहुन्छ: “मे ३० तारिख मेरो घोडाले मलाई फालिदियो, र घोडा ममाथि पर्‍यो। मेरो साथीले मेरो घाँटी भाँच्यो होला भनी सोच्नुभयो, तर मेरा खुट्टामा चोट लाग्यो, मेरो हात मर्क्यो, र मेरो टाउको स्तब्ध भयो, जुन कुराले गर्दा मैले भजन लेख्न सकिनँ। जुन कुराले मेरो भजन लेख्ने क्षमतालाई गुमाएँ।” उहाँले ठुला भिडहरूको बिचमा प्रचार गर्दा र घोडसवार गरिरहेको बेलामा महान् भजनहरूको रचना गर्नुभएको थियो। चार्ल्स वेस्ली खुला ठाउँमा प्रचार गर्नुमा अति सिपालु हुनुहुन्थ्यो, जसले कोही बेला १०,००० देखि २०,००० मानिसहरूको बिचमा प्रचार

गर्नुभएको थियो। उहाँको "हे परमप्रभुका सेवकहरू हो, आफ्नो मालिकलाई घोषणा गर" भन्ने प्रख्यात भजन समस्याको बिचमा गाउनको लागि बनाएको भजन थियो। चार्ल्स वेस्ली विश्वका महान् कविहरूमध्ये एक जना थिए। उहाँले आफ्नो प्रतिभालाई ईश्वरीय भजनहरू रच्नको लागि प्रयोग गर्नुभयो, जसद्वारा करोडौँ मानिसहरू परमेश्वरको आराधना गर्नुमा र चिन्नुमा आशिषित् भएका छन्। चार्ल्स वेस्लीले ८,९८९ भजनहरू रच्नुभएको थियो। जोन र चार्ल्स वेस्ली मिलेर ५३ वर्षमा ५६ वटा भजनसंग्रह प्रकाशित गर्नुभयो।

## जोन वेस्ली कार्न्वालमा आउनु

दुई हप्तापछि जोन नेल्सन र जोन डव्नेसलाई साथमा लिएर कार्न्वालतिर यात्रा गर्नुभयो। कठिनाइपूर्ण छ दिनको यात्रालाई बोडमिन मुरमा परेको भारी हिउँले अझै कठिनाइपूर्ण बनायो। नेल्सन र डव्नेसको लागि एउटा मात्रै घोडा थियो, त्यसमा तिनीहरू पालै–पालो गर्दै सवार गरे। उहाँहरू अगस्ट ३० तारिख सेइन्ट अइव्समा आइपुगे।

नेल्सनले आफ्नो पेसा भएको डकर्मी कामलाई सुरु गर्नुभयो, र मौका पाएअनुसार वरिपरिका ठाउँहरूमा प्रचार गर्न थाल्नुभयो। जोन डव्नेस ज्वरोले थला पर्नुभयो, र प्रचार गर्नै सक्नुभएन। आफ्नो कठिनाइहरूको बारेमा लेख्दा नेल्सनले यसरी लेख्नुभयो, "यी सबै समयमा श्रीमान् वेस्ली र म भुइँमै सुतिरहेका थियौँ। मेरो ठुलो कोट उहाँको लागि सिरानी थियो, र नयाँ करारको बारेमा बुर्किटले लेखेको टिप्पणी मेरो लागि सिरानी थियो।"

## वचन सुन्नुमा खानी मजदुरहरूको तृष्णा

बिहान पाँच बजेको प्रवचन सुन्नको लागि उहाँ सुतेको कोठाको झ्यालमुनि भजन गाउँदै पर्खिरहेका मजदुरहरूको समूहको आवाजले आफूलाई बिहान तीन अथवा चार बजे नै उठाएको कुरा वेस्ली भन्नुहुन्छ। जोन वेस्ली त्यसपछि अझै बत्तीस पल्ट कार्न्वालमा आउनुभयो, र कार्न्वाल बेलायतमा मेथोडिस्टहरूको गढ बन्न पुग्यो। सन् १७५० तिर खानी मजदुरहरूको चौतीस वटा समुदायहरूमा मेथोडिस्ट समाजको स्थापना भइसकेको थियो। [१७०० को अन्ततिर हजारौँ कोर्निस मानिसहरू मेथोडिस्ट भइसकेका थिए। १८००

मा कार्न्वालमा सङ्गति चल्ने हरेक इलाकामा भवनको निर्माण भयो।]

जोन वेस्ली सन् १७४३ देखि सन् १७८७ सम्म बत्तीस पल्ट कार्न्वाल जानुभयो। लन्डनबाट यो एउटा अति थकाइलो ६ दिनको घोडसवारको यात्रा थियो, र बिचमा धेरै ठाउँमा रोकेर पनि जान परेको थियो। त्यसो रोक्न परेको एक ठाउँ चाहिँ ट्रिविन्ट थियो, त्यहाँ जुन घरमा उहाँहरू वास बस्नुहुन्थ्यो त्यो घरबेटी डिगोरी इस्बेलले उहाँ र उहाँका प्रचारकहरूलाई वास दिनको लागि आफ्नो घरमा अझै दुइटा कोठाहरू थप्नुभयो, ताकि उहाँहरू विश्राम गर्न र अध्ययन गर्न सकुन्, जसको नाम 'अगमवक्ताहरूको कोठा' भनी राखियो। ती कोठाहरूमा मेथोडिस्ट समाज असल तरिकाले मौलायो, तर पछिका समयहरूमा ठुला भवनहरू निर्माण भएकाले त्यो नयाँ थपिएका कोठाहरू प्रयोगमा रहेनन्। सन् १९५० (दुई शताब्दीपछि) मा इस्बेलको घर र जोडिएका दुइटा कोठाहरू पुनर्स्थापन गरियो, र वेस्ली काट्टेज भनी नाम राखेर सार्वजनिक अवलोकनको लागि खोलियो। सन् १७८१ मा जोन वेस्ली ग्वेन्नेप पिटतिरको यात्राको क्रममा ट्रिविन्टमा आइपुगेको हुँदा त्यो दिन बेलुका वातावरण शान्त भएकाले झन्डै २०,००० जनालाई प्रचार गरेको कुराको बारेमा उल्लेख गर्नुभएको छ।

ग्वेन्नेप पिट एउटा १६ फुट गहिराइ भएको ३६० फुट चौडाइ भएको खाडल थियो। झन्डै २,००० जना मानिसहरू त्यसमा आरामसँग बस्न सकिन्थ्यो। जोन वेस्लीले यहाँ झन्डै अठार पल्ट प्रचार गर्नुभयो, विशेष गरी खानी मजदुरहरू, किसानहरू र माझीहरू उहाँका श्रोताहरू थिए। सन् १७७३ मा एकपल्ट सभामा बत्तिस हजार जना मानिसहरू यो ठाउँमा भेला भएका थिए भनी भनिन्छ। सन् १७६२ सेप्टेम्बर ६ तारिख वेस्लीले पहिलो पल्ट यो ठाउँमा प्रचार गर्नुभयो, र सन् १७८९ मा उहाँले यहाँ अन्तिम पल्ट प्रचार गर्नुभयो।

# अध्याय - १०

# अगि बढिरहनु

### लन्डनमा काम विस्तार हुनु र अर्को भवनको स्थापना

लन्डनको मेथोडिस्ट समाजको सदस्य सङ्ख्या बढेर २,२०० पुग्यो। सन् १७४३ मे महिना वेस्लीले साठी वर्षभन्दा अगाडि फ्रान्सेली विद्रोहीहरूद्वारा बनाउनुभएको भवनलाई किन्नुभयो। उहाँले त्यो भवनलाई मेथोडिस्ट आराधनाको लागि खोल्नुभयो। पहिलो सभा त्रिएक परमेश्वर आइतबार (Trinity Sunday- 9th June 1743 ) बिहान दस बजेदेखि सुरु भएर बेलुका तीन बजेसम्म सञ्चालन भयो। पाँच बजेतिर उहाँले अर्को एक ठाउँमा एउटा विशाल सभाको बिचमा प्रचार गर्नुभयो, त्यसपछि उहाँ अगुवाहरूसँग भेटघाट गर्नुभयो, र त्यो सकेपछि ब्यान्ड सङ्गतिमा भएकाहरूसँग भेटघाट गर्नुभयो; यद्यपि विशाल काम भएको त्यो दिनलाई सुरु गर्ने बेलामा जति थकाइको अनुभव थियो त्योभन्दा कम थाकेको अनुभव गरेको कुरा उहाँले राति दस बजे बताउनुभयो।

### तेस्रो भवन किन्नु

जोन वेस्लीले बेर्मान्ड्सेमा युनिटेरियनहरूले बनाएको खाली भवनलाई किन्नुभयो, र त्यसलाई मेथोडिस्ट आराधनाको लागि सन् १७४३ अगस्ट ८ तारिख खोलिदिनुभयो।

### भवनहरूको निर्माण

जोन वेस्लीले बनाएका पहिलो भवनहरूचाहिँ लन्डनमा भएको फाउन्डरी भवन र ब्रिस्टलमा बनाएको एउटा कोठा थिए। चाँडै त्यसपछि उहाँले अनाथ घरको निर्माण न्युक्यासलमा गर्नुभयो। त्यसपछि वेस्लीले लिड्स, मान्चेष्टर, लिवरपूल, योर्क, हल, बिर्मिन्हम र अन्य बाक्लो जनसङ्ख्या भएका सहरहरूमा गिर्जाघरहरू निर्माण गर्नुभयो। सन् १७३९ देखि सन् १७५० सम्म

१० वटा गिर्जाघरहरूको स्थापना भयो, तर पछिल्लो दशकमा ५० वटा गिर्जाघरको निर्माण भयो। सन् १८०० तिर ६० वर्षको अन्तरालमा १२० जना सदस्यहरूको एउटा गिर्जाघरको दरले ९४० वटा गिर्जाघरहरूको निर्माण भयो। हालको समयहरूमा कार्न्वालमा मात्रै ७०० वटा मेथोडिस्ट गिर्जाघरहरू छन्। यी भवनहरू साधारण खालका र पर्याप्त थिए, र गरिबहरूलाई वास दिनको लागि विशाल थिए। पुलपिट भएका मञ्चहरू फराकिलो खालका थिए, र महिनामा दुई पल्ट हुने रात्रि प्रार्थना र त्यस्तो अन्य सभामा पालै-पालो प्रचार गर्ने प्रचारकहरू बस्नको लागि लामो बेन्चहरू राखेका हुन्थे।

## रोगीहरूलाई भेट्नु

सन् १७४३ मा वेस्लीले आफ्नो लन्डनमा भएको मण्डलीबाट ४६ जना स्वयंसेवकहरूलाई लन्डनमा भएका रोगीहरूलाई भेट्न नियुक्त गर्नुभयो। रोगीहरूलाई भेट्नुमा वेस्लीमा ठुलो बोझ थियो। त्यसलाई उहाँले महत्त्वपूर्ण ख्रीष्टिय कर्तव्यको रूपमा मान्नुहुन्थ्यो। आवश्यक पर्ने चिजहरू मात्र पठाएर पुग्दैन भनी उहाँले ठान्नुहुन्थ्यो। त्यति मात्र नभएर यसलाई बेवास्ता गर्नु कर्तव्यलाई बेवास्ता गर्नु मात्र नभएर अनुग्रह पाउनुबाट वञ्चित हुने बाटो भनी मान्नुहुन्थ्यो। उहाँ भन्नुहुन्छ, "अनन्त आगोबाट उम्केर अनन्त राज्यमा हकदार बन्न इच्छा गर्ने सबैले आफ्नो शक्तिअनुसार यो महत्त्वपूर्ण कर्तव्यलाई पूरा गर्नुमा पनि त्यति नै वास्ता गर्ने हुन्छन्।"

## पहिलो मेथोडिस्ट सम्मेलन

सन् १७४४ मा जोन वेस्लीले आफ्ना सहकर्मीहरूलाई वार्षिक सम्मेलनहरूमा भेला हुन बोलाउनुभयो। सम्मेलन सोमबार जुन २५ तारिख सुरु भयो, र पाँच दिनसम्म लगातार चल्यो। यो लन्डनमा भएको फाउन्डरी मण्डलीमा भएको थियो, र सहभागीहरू दुई जना वेस्ली दाजुभाइहरू र चार जना अगुवाहरू जोन हड्जेस, हेन्री पियर्स, शमूएल टेइलर र जोन मेरिटन साथै चार जना अभिषेक नगरिएका साधारण प्रचारकहरू थामस रिचर्ड, थामस म्याक्सफिल्ड, जोन बेन्नेट र जोन डौनेस थिए।

सम्मेलन गम्भीरता साथको प्रार्थनासहित सुरु भयो, र चार्ल्स वेस्लीले

प्रचार गर्नुभयो। त्यति बेला त्यहाँ उद्धार पाएको एक जना मानिसको बप्तिस्माको कार्यक्रम पनि भयो। विवादका तीन वटा विषयहरू यी थिए।

१. के सिकाउनु।
२. कसरी सिकाउनु।
३. सिद्धान्त, अनुशासन र अभ्यासलाई कसरी नियमबद्ध बनाउनु।

## जोन वेस्ली र चार्ल्स वेस्लीका यात्राहरू सन् १७४४

जोन वेस्लीले सन् १७४४ को छ महिनालाई लन्डन र त्यसका आसपासका ठाउँहरूमा बिताउनुभयो। उहाँ छ पल्ट ब्रिस्टल जानुभयो, र तीन महिना कार्न्वाल त्यसपछि योर्कसयर र न्युक्यासल र पछि त्यहाँबाट लन्डनका यात्राहरूमा बिताउनुभयो। चार्ल्स वेस्लीले त्यो वर्षलाई लन्डन, ब्रिस्टल, कार्न्वाल, स्टाफ्फोर्डसयर, योर्कसयर, लिङ्कनसयर, न्युक्यासल, नाटोङ्गहम, सेफ्फफिल्ड र बिचमा पर्ने अन्य ठाउँहरूमा बिताउनुभयो। यी यात्राहरू सबै घोडसवारको रूपमा गर्नुपर्दा अति कठिनाइपूर्ण हुन्थ्यो।

## वेस्लीका प्रचारकहरू

पाँच वर्षभित्र जोन वेस्लीलाई सघाउन चालिस जना समर्पित सुसमाचार प्रचारकहरू तयार भए। हरेक सुसमाचार प्रचारकलाई एउटा भूभाग तोकिन्थ्यो, जसलाई घेरो (Circuit) भनी चिनिन्थ्यो, र तिनी त्यो घेराभित्र पर्ने हरेक गाउँमा नियमित रूपमा गइरहन पर्थ्यो।

## सन् १७४४ देखि सन् १७५० सम्मका सालहरूमा मेथोडिजमको प्रगति

- सन् १७४४ – दस जना नयाँ प्रचारकहरू जोन वेस्लीसँग जोडिए, त्यसमध्येमा तीन जनालाई अगुवाको रूपमा अभिषेक गरियो।
- सन् १७४५ – दोस्रो सम्मेलन बृस्टलमा सम्पन्न भयो।
- सन् १७४५ – तेह्र जना नयाँ प्रचारकहरू वेस्लीसँग जोडिए।
- सन् १७४६ मे १३ – बृस्टलमा तेस्रो सम्मेलन गरियो, आठ जना प्रचारकहरू सहभागी भए, घेरोको रूपमा पहिलो पल्ट घोषणा गरिएका ठाउँहरू लन्डन, बृस्टल, कार्न्वाल, इव्स्याम, न्युक्यासल र

वेल्स थिए, यी हरेक घेरोहरूको परिधि सय माइलभन्दा बढी थियो।

- सन् १७४६ – आठ जना प्रचारकहरू जोन वेस्लीको समूहमा थपिए।
- सन् १७४७ – चौथो सम्मेलन लन्डनमा गरियो, सत्र जना प्रचारकहरू, बाइस जना सहयोगीहरू र ३९ जना स्थानीय प्रचारकहरू सहभागी भए।
  जोन वेस्लीले आयरल्यान्डमा आफ्नो काम सुरु गर्नुभयो।
  बाह्र जना प्रचारकहरू जोन वेस्लीको समूहमा थपिए।
- सन् १७४८ – प्रचारकहरूका बच्चाहरूको शिक्षाको लागि किङसउड विद्यालय खोलियो।
- सन् १७४९ – जोन वेस्लीले 'ख्रीष्टियन लाइब्रेरी'को सङ्कलन गर्ने काम सुरु गर्नुभयो, जुन पछि पचास वटा पुस्तकहरूको रूपमा प्रकाशित भयो।
- सन् १७५० – आयरल्यान्डको कार्क भन्ने ठाउँमा मेथोडिस्टहरूको सतावट भयो।

**सन् १७४५ मा जोन वेस्लीको न्युक्यासलतिरको कठिनाइपूर्ण यात्रा**

फेब्रुअरी महिना मौसम अति प्रतिकूल हुँदा जोन वेस्लीले बृस्टलदेखि न्युक्यासलको ६०० किलोमिटरको यात्रा सुरु गर्नुभयो। यात्रालाई पूरा गर्न दस दिन लाग्यो। यतिखेर बेलायतको नदीनालाहरूमा पानीको सतह उच्च अवस्थामा हुन्थ्यो, र सडकहरू प्रयोग गर्न नसक्ने अवस्थामा हुन्थ्यो। उहाँ स्टाफ्फोर्डसयरको आल्यडरिज हितमा आइपुग्दा वर्षा हिउँको रूपमा परिनत भयो, र ठिक उहाँ जाने ठाउँको विपरीत हावा चल्न थाल्दा उहाँको शिरदेखि पाउसम्म सबै शरीर ढुङ्गाजस्तै बन्न पुग्यो। जोन वेस्ली लिड्समा आइपुग्दा उहाँलाई एउटा भिडले पछ्यायो र ढुङ्गा हान्न थाल्यो। वेस्लीलाई ढुङ्गाले लाग्यो, तर गम्भीर रूपमा चोटचाहिँ लागेन। उहाँले स्कीरकोट ग्रीनमा क्वाकर समुदायका मानिसहरूलाई प्रचार गर्नुभयो, र केइलेमा अति बाक्लो हिउँ परेकाले डेल्स हुँदै जाने आफ्नो विचारलाई छोडेर अर्कै बाटो हुँदै जानुभयो, र फेब्रुअरी २६ तारिख न्युक्यासलमा आइपुग्नुभयो। उहाँ त्यहाँ आइपुग्दा एउटा रोग सहरभरि फैलिरहेको थियो। रोगले दुई हजार जना सिपाहीहरू

मरिसकेका थिए र अझै सयौँलाई ज्वरोले मारिरहेको थियो। न्युक्यासल र त्यसका आसपासका ठाउँहरूमा प्रचार गर्दै उहाँले अठार दिन बिताउनुभयो। एकपल्ट प्लेसेमा उहाँले प्रचार गरिरहेको हुँदा त्यहाँ प्रचण्ड आँधी चल्यो, तर मानिसहरूले त्यसको बेवास्ता गरी तृष्णासहित वचन सुनिरहे।

अनौठो रूपमा वेस्लीले आफ्नो कठिनाइपूर्ण यात्राहरू प्रतिकूल मौसमका समयहरूमा नै गर्ने बानी बसाल्नुभएको थियो, र हामीलाई यसको कारण थाहा छैन। उहाँ प्रायः न्युक्यासलतिरको यात्रा फेब्रुअरी महिनामा नै गर्नुहुन्थ्यो। यतिखेरका समयहरूमा बेलायतभरि नदीहरूको सतह बढेर किनार नाघेर बगिरहन्छन्, र सडकहरू पार गर्न नसक्ने अवस्थामा हुन्थे। यस्तो एकपल्ट यात्रामा हुँदा उहाँहरू जाने दिशाको विपरीत दिशामा हुरी चल्यो र उहाँ र उहाँका साथीहरू ह्याटफिल्डमा पुग्दा तिनीहरूले आफ्ना हात र खुट्टालाई चलाउनै सकेनन्। त्यहाँबाट उहाँहरू बालडाकतिर अगाडि बढ्दा हिउँ–आँधी र असिना पऱ्यो, उहाँहरूको मुखमै लागिरहेको कारणले अगाडि केही देख्न सक्नुभएन र सास फेर्नु असम्भवजस्तै भयो। भोलिपल्ट घोडाहरू पनि उभिन सकेन। बतास माथि–माथि उठ्यो, र घोडा र मानिस दुवैलाई पल्टाउला जस्तै भयो। वर्षा र असिनाले गर्दा उहाँहरूलाई चिसोले कक्रकै पाऱ्यो र उहाँहरूको आँखीभौँमा हिउँ जमेको थियो। स्ट्याम्फोर्ड हितमा हिउँ पहाडजस्तै जमेको थियो, कोही बेला त घोडा र सवार गर्नेलाई डुबाउला जस्तै देखियो, तर सूर्य अस्ताउने बेलामा थकित भएर उहाँहरू बृग–केस्टर्टन आइपुगे। भोलिपल्ट रातभरि हिउँ परेकाले यात्रा गर्नु असम्भव छ भनी उहाँलाई अरूले बताए। वेस्लीले "घोडालाई साथमा हिँडाएर कमसेकम दिनमा बीस माइल त हिँड्न सक्छ होला" भनी जवाफ दिनुभयो, र यात्रा सुरु गर्नुभयो। उत्तरी–पूर्व हावा जोडले चल्यो, सडकमा यात्रा गर्नै गाह्रो भयो; वेस्लीलाई दाँत दुखाइले गाह्रो बनायो; तर बेलुका पाँच बजे उहाँहरू नेवार्क आइपुग्नुभयो। भोलिपल्ट उहाँहरू एप्वोर्तमा आउनुभयो र तीन दिन विश्राम लिनुभयो। आइतबारको दिनमा उहाँले दुई वटा घरेलु सङ्गतिमा प्रचार गर्नुभयो, र एकपल्ट एप्वोर्त क्रासमा प्रचार गर्नुभयो।

## आयरल्यान्डमा काम सुरु गर्नु

वेस्लीको एक जना प्रचारक सन् १७४७ गर्मी याममा आयरल्यान्डको राजधानी डब्लिनमा आइपुग्नुभयो। उहाँले त्यहाँ एउटा सानो मेथोडिस्ट समाज सुरु गर्नुभयो, र वेस्लीलाई त्यहाँ आएर प्रचार गर्न आग्रह गरेर पत्र पठाउनुभयो। अगस्ट ९ तारिख वेस्ली र उहाँका एक जना सहकर्मी डब्लिन आइपुगे। ठुलो भिड उहाँको प्रचार सुन्नको लागि भेला भयो। वेस्लीले बिहान र बेलुका त्यहाँ प्रचार गर्नुभयो। त्यो ठुलो भिडमा धेरै धनी मानिसहरू र विभिन्न सम्प्रदायका सेवकहरू जम्मा भएका थिए। श्रोताहरू देखेर वेस्ली यति प्रभावित हुनुभयो कि यदि आफू अथवा आफ्नो भाइ यहाँ केही महिनाहरू रहन सक्यो भने यहाँको समाज लन्डनमा भएको भन्दा पनि ठुलो हुन्छ भनी उहाँलाई लाग्यो।

## आयरल्यान्डमा सतावटको सुरुवात

आयरल्यान्डमा दुई हप्ता बिताएपछि उहाँ बेलायत फर्कनुभयो। तर चाँडै नै मेथोडिस्टहरूको विरोधमा सतावट सुरु भयो। यो सहर कानुनहीन चलेको जस्तै देखिन्थ्यो। चोरी र हत्याहरूका घटनाहरू बारम्बार खुला ठाउँहरूमै घट्थ्यो। रोमन क्याथोलिक र प्रोटेस्टेन्टहरू दुवैले मेथोडिस्टहरूलाई सताउन थाले। एक आइतबारको दिनको बेलुकी तिनीहरूले मेथोडिस्ट समाज भेला हुने घरलाई आक्रमण गरे। मेथोडिस्ट समाजका सदस्यहरूले बाहिर गएर तिनीहरूलाई ढुङ्गा र लौरोले आक्रमण गरे। त्यस क्रममा केही सदस्यहरू कुटाइ खाएर लडे, बाँकी भएकाहरू कोठामा फर्केर आए। बाहिर भएको भिडले त्यसपछि ढोका फुटाएर भित्र आएर सबै फर्निचरहरूलाई फुटाए र त्यो सबै बाहिर सडकमा लिई आएर जलाइदिए। त्यसपछि तिनीहरू प्रचार कोठाभन्दा माथि रहेको गोदाममा गएर सय पाउन्ड जतिका सामग्रीहरू लिई आएर जलाइदिए।

## कार्क सहरमा सतावट

सन् १७५० फेब्रुअरी महिना आयरल्यान्डको कार्क सहरमा ठुलो सतावट सुरु भयो। सताउने भिडको नेतृत्व गर्ने मान्छे लोक गीत गाउने निकोलस

बट्लर थिए, जसले धेरै उपद्रवको काम गरेका थिए। गुप्त रूपमा बट्लरलाई उचाल्ने मानिसहरूचाहिँ केही न्याय प्रमुखहरू थिए। न्याय प्रमुखहरूले चार्ल्स वेस्ली, थामस विलियम्स, रबर्ट स्विन्डेल्स, जोनाथन रीवेस, शमूएल लार्वुड, जोसप कौले, जोन हफ्टन, जेम्स विट्ले, चार्ल्स स्केल्टन, विलियम टक्कर र दानिएल सल्लिवन भन्ने व्यक्तिहरूलाई डुलिहिँड्ने र महाराजको शान्तिलाई बिगार्ने दुष्ट मानिसहरू भनी देखाए। यथार्थमा दानिएल बाहेक यी सबै मानिसहरू प्रचारकहरू थिए, र दानिएल एउटा आदरणीय नागरिक थिए। तिनको अपराधचाहिँ यी प्रचारकहरूलाई घरमा स्वागत गर्नु थियो।

यी सबै अप्ठ्यारो परिस्थितिहरूको बिचमा चार्ल्स वेस्ली आफ्नो साथमा चार्ल्स पेर्रोनेटलाई लिएर सेप्टेम्बर ९ तारिख डब्लिनमा आएर सभाहरू राख्न सुरु गर्नुभयो। चाँडै नै एउटा घातक भिडले उहाँ प्रचार गरिरहेको कोठामा आएर कोठालाई ध्वस्त पारियो। चार्ल्स वेस्लीले निडरतासहित हरेक दिन आफ्नो प्रचारलाई निरन्तरता दिनुभयो र मानिसहरूलाई भेटघाट गरिरहनुभयो। सतावट पनि जारी रह्यो। समाजको एक जना सदस्यलाई गम्भीर रूपमा घाइते पारेर खाल्टोमा फालियो। एक जना कमजोर मोराभि मानिससँग यति अभद्र व्यवहार गर्‍यो कि उहाँ मर्नुभयो। यो हत्याको मुद्दा अदालतमा पुग्यो र सदा जसरी अपराधीलाई निर्दोष घोषणा गरियो। चार्ल्स वेस्ली आफै पनि धेरै पल्ट खतरामा पर्नुभयो। एकपल्ट बाहेक प्रायः समयहरूमा उम्कनुभयो। त्यो पल्ट सडक पारीबाट फ्याँकेको ढुङ्गा पार्रोनेटले उहाँलाई बचाउन खोज्दाखोज्दै पनि चार्ल्स वेस्लीमाथि लाग्यो।

तर चार्ल्स वेस्लीले यी भिडहरूलाई हराउनको लागि अझै एउटा ठुलो कदम उठाउनुभयो। एक दिन उहाँ अक्सम्यान सहरमा गएर सहरको मुख्य मैदानमा उभिएर साजा रूपमा सबैलाई प्रचार गर्न थाल्नुभयो। प्रोटेस्टेन्ट र रोमन क्याथोलिकहरू यो निडरतासहितको कामलाई देखेर आश्चर्य माने र ध्यानसित उहाँको प्रचार सुन्न थाले, र त्यहाँ हजारौँ मानिसहरू भेला भए। यहाँ पनि एउटा भिडले प्रचारलाई रोक्नको लागि आफ्नो सक्दो प्रयास गर्‍यो, र तिनीहरू सफल हुन सकेनन्। यसरी यी खुला सभाहरूमा सहभागी हुनेहरूको सङ्ख्या बढ्यो, विरोध बिस्तारै कम हुँदै जाँदा ख्रीष्टको लागि

आत्माहरू जितियो।

### आयरल्यान्डमा मेथोडिजम बलियो रूपमा स्थापित हुनु

जोन वेस्ली बयालिस पल्ट आयरल्यान्ड जानुभयो। वेस्लीले आयरल्यान्डमा मेथोडिस्ट मुख्यालय डब्लिनको वाइटफ्रियर सडकमा स्थापना गर्नुभयो। सन् १७८९ मा आयरल्यान्डमा मेथोडिस्टहरूको सङ्ख्या वृद्धि भएर १४,००० पुग्यो, र सन् १८१४ मा त्यो दुई गुणा भएर २८,००० पुग्यो।

### आलुको अनिकाल र अमेरिकातिरको प्रवसन

सन् १८४६ र सन् १८४७ मा आलुको खेती बिग्रँदा त्यसले आयरल्यान्डमा ठुलो अनिकाल ल्यायो। त्यति बेला भएको असी लाख जनसङ्ख्यामा दस लाख मरे, अर्को दस लाखले देश छोडे। सन् १८४० देखि सन् १८५९ भित्र पन्ध्र हजार जना जति मेथोडिस्ट समाजका सदस्यहरू अमेरिका, साउथ अफ्रिका र साउथ अमेरिकामा बसाइँ सरे।

यी प्रवासीहरूले आफू गएका देशहरूमा मेथोडिस्ट समाजहरू सुरु गरे, र मेथोडिस्ट मण्डलीहरूको स्थापनामा प्रमुख भूमिका खेले। बेलायतमा सेवा गरेका मुख्य आइरिस मानिसहरूचाहिँ एडम क्लर्क र विलियम आर्थर थिए। अमेरिकाको मेरिल्यान्डमा सेवा गरेको रबर्ट स्टब्रिड्ज र न्युयोर्कमा सेवा गरेको बार्बरा हेक र फिलिप एम्बरी दुवै आयरल्यान्डबाट आएका थिए। सन् १९०० भन्दा अगाडि क्यानडाको मेथोडिस्ट समाजहरूमा झन्डै दुई सय जना आइरिस मानिसहरूले सेवा गरिरहेका थिए। ब्रिटन र अन्य ठाउँहरूमा भएको मेथोडिजममा गरिएको कामद्वारा विश्वभरिको मेथोडिस्ट मण्डलीहरूमा पनि आइरिसहरूको महत्त्वपूर्ण भूमिका थियो।

### मेथोडिस्ट जागृति फैलिएको

सन् १७४८ फेब्रुअरी २ तारिख जोन वेस्लीले आफ्नो साथी ब्लाकवेललाई यसरी लेख्नुभयो: “आयरल्यान्ड र बेलायतको धेरै भागहरूमा हाम्रा प्रभुको काम दिनानुदिन बढिरहेको छ। लिड्समा एक सय असी जना मात्र भएको

मेथोडिस्ट समाज अहिले बढेर पाँच सय जना हुन पुग्यो।"

## विवाह

सन् १७५० मा जोन वेस्लीले मेरी व्याजैल भन्ने एउटी धनी विधवालाई विवाह गर्नुभयो। यो विवाह एउटा दुःखदायी घटना थियो। मेरीले वेस्लीको यात्राको जीवनलाई मन पराइनन्, र झन्डै बाह्रै महिना घरबाट टाढा रहनु तिनको लागि अति नै गाह्रो कुरा भयो। तिनले उहाँ सधैँ बाहिर यात्रामा रहेको कुरालाई बुझ्न नसक्दा उहाँलाई शङ्का गर्न थालिन्, र उहाँप्रति अति तितो र वैरी भइन्। उहाँहरूको बिचमा बच्चाहरू जन्मेन, र आफ्नो जीवनको अन्ततिर तिनी उहाँलाई छोडेर एकलै रहन गइन्।

## वेस्ली स्कटल्यान्डमा प्रवेश गर्नु

सन् १७५१ मा जोन वेस्लीले आफ्नो परिश्रमलाई स्कटल्यान्डसम्म विस्तार गर्नुभयो, जुनचाहिँ लन्डनदेखि ७५० किलोमिटर टाढा थियो। स्कटल्यान्डको मस्सलबर्गमा राखिएको बेलायती सेनाको कप्तान गलाटिनले जोन वेस्लीलाई आएर वचन बोलिदिन निम्तो दिनुभयो। पहिले नै बेलायतको उत्तरी भागमा भएको वेस्लीका प्रचारकहरू स्कटल्यान्डको केही भागहरू विशेष गरी जनसङ्ख्या बढी भएका सहरहरूमा आउने–जाने गर्थे। स्कटल्यान्डमा खटाइएका बेलायती सेनाका मेथोडिस्ट सिपाहीहरूले आफू रहेका ठाउँहरूमा मेथोडिस्ट समाजहरू सुरु गरिसकेका थिए। वेस्लीले यी कामहरूलाई एकत्र पारेर त्यसमाथि बनाउन चाहनुभयो।

अप्रिल २४ तारिख क्रिस्टफर हफरलाई साथमा लिएर जोन वेस्ली मस्सलबर्गमा आउनुभयो। एउटा भिड जम्मा भयो, वेस्लीले तिनीहरूलाई प्रचार गर्नुभयो। भोलिपल्ट उहाँ एडिन्बर्ग जानुभयो र त्यहाँ छ बजेतिर प्रचार गर्नुभयो। प्रचार सकेपछि त्यहाँका एक जना मानिसले क्रिर्क भन्ने ठाउँका एल्डरहरूमध्ये एक जना एल्डरलाई साथमा लिएर वेस्लीलाई त्यहाँ केही समय रहन बिन्ती गर्नुभयो। वेस्लीले हफरलाई कामलाई निरन्तरता दिन त्यहाँ छोडेर जानुभयो। हफरले दुई हप्तासम्म बिहान र बेलुका ठुलो भिडलाई प्रचार गर्नुभयो, जसले ध्यानसित उहाँको प्रचार सुने र धेरैको हृदय छेडियो।

चाँडै नै मेथोडिस्ट समाज मस्सलबर्गमा स्थापना भयो। वेस्ली सन् १७५१ देखि सन् १७९० सम्म बाइस पल्ट स्कटल्यान्ड जानुभयो। लामो यात्राहरूलाई घोडामार्फत गर्न वेस्लीमा ठुलो क्षमता थियो। उहाँले आफ्नो दैनिकीमा लेख्नुहुन्छ, "हामी ग्लामिससम्म झन्डै एक सय दुई किलोमिटर र शनिवार ९ तारिख एक सय पाँच किलोमिटर भन्दा बढी यात्रा गरेर एडिन्बर्गसम्म सवार गऱ्यौँ। म धेरै थाकेको थिएँ।" तर उहाँ एडिन्बर्गमा त्यही दिन बेलुका प्रचार गर्न नसक्ने गरी थाक्नुभएको थिएन। उहाँले स्कटल्यान्डतिर यात्रा गर्दा हिउँले भरिएका पहाडहरूलाई पार गर्दै बलियो हावा र वर्षाहरूको बिचमा खतरापूर्ण यात्राहरू गर्नुभयो। वेस्लीको मृत्यु हुँदा स्कटल्यान्डमा आठ वटा मेथोडिस्ट मण्डलीहरू स्थापना भइसकेका थिए। १९ र २० शताब्दीहरूको समयहरूमा धेरै वटा मेथोडिस्ट समाजहरू स्कटल्यान्डमा स्थापना भए, र सन् १९५० मा स्कटल्यान्डमा मेथोडिस्ट सदस्यहरूको सङ्ख्या १३,५०० थियो।

## वेस्ली फ्रान्सेली युद्ध बन्दीहरूलाई प्रचार गर्नु

सन् १७५९ मा वेस्ली बृस्टलको छेउमा भएको नोलेसम्म फ्रान्सेली युद्ध बन्दीहरूलाई भेट्न हिँडेर जानुभयो। यिनीहरू 'सात वर्षको युद्ध' भनिने युरोपको युद्धमा बेलायतको कब्जामा परेकाहरू थिए। वेस्लीले तिनीहरूलाई भेटिसकेपछि बताएको कुरा धेरैको लागि दृष्टि खोलेको जस्तै भयो। "झन्डै एघार सय मानिसहरू त्यो सानो ठाउँमा थुनिएको अवस्थामा थिए। सुत्नको लागि थोरै फोहोरी पराल बाहेक अरू केही थिएन, र ओढ्नको लागि दिन भए पनि रात भए पनि दुर्गन्ध आउने पातलो झुत्रो कपडा बाहेक अरू केही थिएन।" साथै उहाँले भन्नुभयो, "म धेरै प्रभावित भएँ, र 'प्रवासीलाई अत्याचार नगर। तिमीहरू मिश्रमा परदेशी रहेको कारण तिमीहरूले प्रवासीको मनलाई जान्दछौ।' भन्ने पदबाट बेलुकी प्रचार गरेँ।" त्यसपछि उहाँले सुती र ऊनको कपडाहरू किनेर वस्त्र बनाउनको लागि पैसा सङ्कलन गर्न थाल्नुभयो। ती वस्त्रहरू अति खाँचोमा परेका कैदीहरूको बिचमा बाँडियो। त्यसपछि सहरको प्रशासनले धेरै सङ्ख्यामा ओढ्ने र ओछ्याउने चिजहरू तिनीहरूलाई पठायो, र बेलायतको अन्य भागहरूबाट पनि सहायता आउन

धेरै समय लागेन।

## बृस्टलको न्युगेट कारागारमा ठुलो सुधार

जोन वेस्लीले आफ्नो समयको कारागारको बारेमा कति जान्नुभएको थियो भन्ने कुरालाई नौ महिनाभित्र उहाँले विभिन्न कारागारहरूमा ६७ पल्ट प्रचार गर्नुभयो भन्ने कुराबाट नाप्न सकिन्छ। वेस्लीले कारागारहरूलाई 'सबै प्रकारको दुष्टतालाई पोषण गरेर बढाउने ठाउँ' भनी निडरतासहित आलोचना गर्नुभयो।

सन् १७६१ मा वेस्लीले बृस्टलको न्युगेट कारागारमा ल्याइएको सुधारको बारेमा प्रशंसा गर्दै एउटा पत्रिकालाई चिठी पठाउनुभयो। उहाँले बृस्टलमा काम सुरु गर्दा न्युगेट कारागारमा हप्तामा दुई पल्ट जानुहुन्थ्यो। नरकभन्दा केही कम नभएको त्यो कारागारमा त्यति बेलादेखि परिवर्तन आउन थाल्यो। कारागारको प्रमुख श्रीमान् ड्यागी त्यहाँ भएको एउटा सभामा उद्धार पाउनुभयो, र कारागारलाई कैदीहरू शान्त वातावरणमा जिएर आफ्नो जीवनलाई बदलिएर जीवनमा एउटा नयाँ लक्ष्य बोकेर निस्किन सक्ने गरी एउटा असल ठाउँको रूपमा परिवर्तन गर्न सुरु गर्नुभयो।

## जोन होवर्ड वेस्लीद्वारा प्रभावित हुनु

महान् कारागार सुधारकको रूपमा मानिने जोन होवर्डले आफ्नो आत्मिक बल वेस्लीबाट पाउनुभयो। होवर्डले एकपल्ट वेस्लीका प्रचारकहरूको बिचमा बोल्दा वेस्लीले "तिम्रो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर" भन्ने पदबाट गरेको प्रचारद्वारा आफू प्रेरणा पाएको कुरालाई बताउनुभयो।

# अध्याय - ११

# मेथोडिजमको मिसनरी परिश्रम

**लन्डनमा वेस्लीले तीन जना काला दासीहरूलाई प्रचार गर्नु - सन् १७५८**

वेस्ली भन्नुहुन्छ "जनवरी १७ – लन्डनको व्यान्डस्वोर्तमा भएको श्रीमान् नेथ्यानियल गिल्बेर्टको घरमा मैले प्रचार गरेँ। श्रीमान् गिल्बेर्टको एउटा ठुलो खेती पश्चिमी द्वीप समूहमा पर्ने एन्टिगुआमा थियो। उहाँ केही महिनाहरूको लागि बेलायत आउनुभएको थियो र त्यति बेला आफ्नो घरमा प्रचार गर्न मलाई निम्तो दिनुभयो। उहाँले आफ्नो साथमा तीन जना काला कमारीहरू ल्याउनुभएको थियो, र तिनीहरूले मेरो प्रचार सुने। ती तीन जना कमारीहरू मेरी, सोफिया र बेस्सी पूरै जागृत भएका देखिए। म परमेश्वरको यो उद्धार दिने अनुग्रह सबै राष्ट्रहरूमा पुग्नुपर्छ भनी रोएँ।" त्यो वर्षको अन्तमा नोभेम्बर २९ तारिख वेस्लीले यसरी लेख्नुभयो, "म घोडसवार गरेर व्यान्डस्वोर्त गएँ, र श्रीमान् गिल्बेर्टको दुई जना काला कमारीहरूलाई बप्तिस्मा दिएँ। एक जना आफ्नो पापको बारेमा गहिरो रूपमा महसुस गरिन्, र अर्को एक जना आफ्नो उद्धारक परमेश्वरमा आनन्दित भइन्, र यिनी नै मैले चिनेको पहिलो अफ्रिकी इसाई हुन्। सुसमाचार क्यारिबियन राष्ट्रहरूमा पुग्न पर्छ भनी मैले परमेश्वरलाई प्रार्थना गरेँ।"

**नेथ्यानियल एन्टिगुआमा फर्किनु र प्रचार गर्न सुरु गर्नु**

केही महिनाहरू पछाडि नेथ्यानियल गिल्बेर्ट एन्टिगुआमा फर्किनुभयो। उहाँले आफ्नो घरको आँगनमा आराधना सङ्गति सुरु गर्नुभयो, र आफूसँग रहेका दासहरूलाई प्रचार गर्न थाल्नुभयो। श्रीमान् गिल्बेर्ट, उहाँकी श्रीमती, उहाँका बच्चाको धाई साथै भर्खरै उद्धार पाएका तीन जना दासीहरू मेरी, सोफिया र बेस्सी मिलेर उहाँहरूका दासहरूलाई साथै वरिपरि भएका बगैँचामा काम गर्नेहरूलाई प्रचार गर्न थाल्नुभयो। साथै सेइन्ट जोनमा उहाँले अर्को एउटा घर किनेर त्यहाँ पनि काम सुरु गर्नुभयो। नेथ्यानियल पछिका

समयहरूमा प्रतिनिधि सभाको सदस्यतालाई त्यागेर सेवाको काममा बढी समय दिन थाल्नुभयो, र उहाँ आफ्नो मृत्युसम्मै लागिरहनुभयो। सन् १७७४ मा उहाँको निधन हुँदा एन्टिगुआ टापुमा झन्डै दुई सय जना मेथोडिस्टहरू थिए। चार वर्षपछि जोन वेस्लीको विश्वासयोग्य सेवक जोन बेक्स्टरले एन्टिगुआमा आएर यो कामलाई अगाडि बढाउनुभयो। सन् १७८६ मा विलियम ह्यामेट, जोन क्लर्क र विलियम वोर्नर डिसेम्बर २५ मा एन्टिगुआमा आए र क्यारिबियन राष्ट्रभरि कामलाई विस्तार गरे।

**स्त्रीहरू प्रचारकको रूपमा स्थापित हुनु**

सारा क्रासबाइ भन्ने एउटी जवान स्त्री सत्यताको खोजी गरिरहेकी थिइन्। तिनी जर्ज ह्वाइटफिल्डको सभामा एकपल्ट सहभागी भएर उद्धार पाइन्। त्यसपछि तिनले जोन वेस्लीको सेवामा स्वयंसेविकाको रूपमा काम गर्न थालिन्। सन् १७५० मा क्रासबाइले विवाह गर्नुभयो, र सन् १७५२ मा उहाँले झुन्ड सङ्गतिलाई अगुवाइ गर्न थाल्नुभयो। सन् १७५७ मा उहाँको श्रीमान्ले उहाँलाई छोडेर गए, र उहाँले लन्डनमा आफ्नो बसाइँ सार्नुभयो। लन्डनमा बसोबास गर्दा उहाँ भक्तिसाथ जिउने स्त्रीहरूको सम्पर्कमा आउनुभयो, जो पछिका दिनहरूमा मेथोडिस्ट आन्दोलनका आत्मिक अगुवाहरू बन्न पुगे। क्रासबाइ उनीहरूको लागि आत्मिक आमा बन्नुभयो, र सन् १७६१ फेब्रुअरी १ मा झुन्ड सङ्गति चलाउन थाल्नुभयो, जसमा तीस जना जति सहभागी भएका थिए, जसमा उहाँले प्रचारक जस्तै नभएर व्यक्तिगत रूपमा सल्लाह दिए जसरी बाइबलीय शिक्षा दिनुहुन्थ्यो।

तर पछिल्लो हप्ताको आइतबार (फेब्रुअरी ८)को  झुन्ड सङ्गतिमा झन्डै दुई सय जना मानिसहरू उहाँको प्रचार सुन्न भेला भए। यसरी उहाँले व्यक्तिगत रूपमा सल्लाह दिने तरिका अपनाउन नसक्दा प्रचार गर्ने निर्णय गर्नुभयो।

यसको बारेमा क्रासबाइले यसरी लेख्नुभयो "आइतबार ८ तारिख, आज मेरो मन शान्त पूर्वक परमेश्वरमा बसेको छ। साँझमा मैले कक्षामा करिब तीस जना व्यक्तिहरूलाई भेट्ने अपेक्षा गरेँ; तर म  आश्चर्यचकित हुने गरी

त्यहाँ दुई सय जना भेला भए। मैले प्रभुको भयानक र मायालु उपस्थिति र मानिसहरूप्रति धेरै मायाको महसुस गरेँ; तर शरीर र मन दुवैमा धेरै प्रभावित भएँ। मलाई थाहा थिएन कि सार्वजनिक रूपमा यसरी आग्रह गर्नु मेरो लागि ठीक हो कि होइन, र तैपनि मैले यी सबै मानिसहरूलाई बातचितको माध्यमबाट भेट्नु अव्यवहारिक देखेँ, विशेष गरी प्रत्येक व्यक्तिसँग। मैले त्यस कारण एउटा भजन गाएँ, र प्रार्थना गरेँ, र उनीहरूलाई पापबाट भाग्न प्रेरणा दिँदै प्रभुले मेरो लागि के गर्नुभएको थियो भन्ने कुराको एक अंश बताएँ।"

र फेब्रुअरी १३ शुक्रबार पनि फेरि प्रचार गर्नुभयो। क्रासबाइले यो कुराको बारेमा सल्लाह पाउनको लागि वेस्लीलाई यसरी लेखेर सोध्नुभयो, "यदि एउटा असाधारण बोलावट मलाई छ भनी मैले विश्वास गरिनँ भने मैले असाधारण तरिकाले काम गर्दिनँ।" झुन्ड सङ्गतिको अगुवा बनेको केही समयपछि क्रासबाइले प्रार्थना गर्दा येशूको दर्शन देख्नुभएको थियो। उहाँको दर्शनमा येशूले भन्नुभयो: "मेरा भेडाहरूलाई खुवाउनू।" क्रासबाइले यस दर्शनलाई परमेश्वरले उहाँलाई प्रचार गर्न बोलाउनुभएको रूपमा व्याख्या गर्नुभएको थियो।

सन् १७६१ फेब्रुअरी १४ मा जोन वेस्लीले जवाफ दिँदा भन्नुभयो कि एउटा असाधारण बोलावट उहाँमा भएकाले उहाँ प्रचार गर्ने कामलाई निरन्तरता दिन पाउनुहुन्छ।

पछिका समयहरूमा यो स्वर्गीय प्रेरणा नै सामान्य प्रचारकहरूको लागि योग्यताको रूपमा मानिन पुग्यो। साथै यसरी नै दिदी बहिनीहरूले प्रचार गर्नु भन्ने कुरा मेथोडिस्ट सम्प्रदायमा स्थापना हुन आयो। क्रासबाइले आफ्नो जीवनभरि धेरै ठाउँहरूमा यात्रा गरेर प्रचार गर्नुभयो। सन् १७७७ मा क्रासबाइले टिपोट गरेअनुसार विगतका वर्षहरूमा उहाँले ९६० माइलहरू यात्रा गर्नुभयो, २२० वटा साजा सभाहरूमा बोल्नुभयो, ६०० वटा सङ्गतिहरूमा प्रचार गर्नुभयो, र साथै आत्मिक सल्लाह दिएर ११६ वटा पत्रहरू लेख्नुभयो। यी सबैको साथ क्रासबाइले मेरी बोसन्केट फ्लेट्चरको

अगुवाइमा सञ्चालित मेथोडिस्ट समाजका दिदीबहिनी सङ्गतिमा पनि गम्भीर रूपमा प्रभावशाली ढङ्गले काम गर्नुभयो। उहाँ सन् १८०४ अक्टोबर २४ मा आफ्नो ७५ वर्षको उमेरमा प्रभुमा सुत्नुभयो।

### सन् १७६३ देखि सन् १७६५ भित्रको मेथोडिजमको प्रगति

- सन् १७६३ – मा बेलायतमा बीस वटा घेरोहरू, स्कटल्यान्डमा दुइटा, वेल्समा दुइटा र आयरल्यान्डमा सात वटा गरी जम्मा एकतीस वटा घेरोहरू थिए।
- सन् १७६५ – ९६ जना प्रचारकहरूले ३९ वटा घेरोहरूमा काम गर्थे, र २४ जना प्रचारकहरू घुमफिरे प्रचारकको रूपमा काम गर्थे।

यसरी नै मेथोडिस्ट प्रचारकहरूको पहिलो दौड सन् १७३९ मा सुरु भएर सन् १७६५ सम्म २६ वर्षमा सिद्धियो। यो दौडमा २२० जना प्रचारकहरू सहभागी थिए। उहाँहरूको प्रचारका परिश्रमहरू विशाल थिए। प्रायः दिनमा ३६ देखि ४५ किलोमिटरसम्म यात्रा गर्थे साथै दिनमा दुई अथवा तीन पटक प्रचार गर्थे। उहाँहरूको भक्तिसाथको जोसले राष्ट्रलाई अचम्मित तुल्यायो र चर्च अफ इङ्गल्यान्डका सेवकहरूलाई जगायो।

### सन् १७६० देखि सन् १७७१ सम्मका महत्त्वपूर्ण घटनाहरू

- सन् १७६० – आइरिस मेथोडिस्ट प्रवासी रबर्ट स्ट्राब्रिजले मेरिल्यान्डमा मेथोडिस्ट समाजको स्थापना गर्नुभयो।
- सन् १७६३ मा अमेरिकाभरि छरिएर बसेका मेथोडिस्टहरूद्वारा मेथोडिजम अमेरिकामा फैलियो।
- सन् १७६६ – फिलिप एम्बरीले आफ्नो घरमा सेवा सञ्चालन गर्न सुरु गर्नुभयो।
- – रबर्ट स्ट्राब्रिजले मेरिल्यान्ड पेन्सिल्व्यानिया र बेर्जनियामा मेथोडिस्ट समाजहरूको स्थापना गर्नुभयो।
- सन् १७६८ – न्यु योर्कमा मेथोडिस्ट समाजको स्थापना भयो, साथै क्याप्टेन थामस वेबले फिलाडेल्फियामा सात जना सदस्यहरूको साथ मेथोडिस्ट समाज स्थापना गर्नुभयो।

- सन् १७६९ – जोन वेस्लीले पहिलो दुई जना मिसनरीहरू रिचर्ड बोर्डम्यान र जोसप पिल्मोरलाई अमेरिका पठाउनुभयो।
- सन् १७७० – हेक्स र एम्बरी न्यु योर्क सहरबाट क्यानडामा बसाइँ सर्नुभयो र आफ्नो घरमा मेथोडिस्ट समाजको स्थापना गर्नुभयो।
- सन् १७७० – जर्ज ह्वाइटफिल्डको निधन भयो। ( जन्म: सन् १७१४ – निधन: सन् १७७० )
- सन् १७७१ – जोन वेस्लीले फ्रान्सिस एसबरीलाई अमेरिका पठाउनुभयो।

**क्यानडामा कामको विस्तार**

- सन् १७६६ – आयरल्यान्डको लारन्स कफ्लनले क्यानडाको न्युफाउन्डल्यान्डमा मेथोडिस्ट समाजको स्थापना गर्नुभयो।
- सन् १७८१ – विलियम ब्ल्याकले नोवा – स्कटिया मेथोडिस्ट परिश्रम सुरु गर्नुभयो।
- सन् १७८४ – भर्खरै स्वतन्त्र भएको अमेरिकामा रहेको मेथोडिस्ट चर्चको प्रबन्धकर्ताको रूपमा जोन वेस्लीले थामस कुकलाई अमेरिका पठाउनुभयो। थामस कुकले एसबरीलाई अमेरिकाको मेथोडिस्ट चर्चहरूको निरीक्षकको रूपमा अभिषेक गर्नुभयो।
- सन् १७८४ – थामस कुकले दुई जना मिसनरीहरू फ्रिबण्ड ग्यारेट्सन र जेम्स अलिवर क्रोमवेललाई नोवा स्कटियामा पठाउनुभयो।

**फ्रान्सिस एसबरीले मेथोडिजमलाई अमेरिकाभरि फैलाउने कामलाई अगुवाइ गर्नु**

फ्रान्सिस एसबरीले अमेरिकामा घेरो प्रणालीलाई लागु गर्नुभयो। एउटा घेरो झन्डै चार सय माइल क्षेत्रफलको हुन्थ्यो, जसलाई एउटा मेथोडिस्ट प्रचारकले तीन हप्ताको घेरो यात्रामा घुमेर सिद्ध्याउन सकिन्थ्यो। एसबरीलाई नै मेरिल्यान्डको लागि तोकिएको थियो, र एसबरीले एक वर्षभित्र त्यसका घेरोहरूलाई तीन गुणा बढाउनुभयो र सदस्यहरूको सङ्ख्यालाई दुई गुणा बढाउनुभयो। एक वर्षभित्र एसबरीले एलिगनी पर्वतलाई साठी पल्ट पार गर्नुभयो र झन्डै ८,००० किलोमिटरहरू घोडामार्फत सवार गर्नुभयो। सुरुका

मण्डलीहरूको वृद्धिको कारण उहाँकै कठिन परिश्रमहरू नै थिए। उहाँ अमेरिकामा आउँदा जम्मा तीन वटा मेथोडिस्ट सभा घरहरू र झन्डै तीन सय जना सदस्यहरू थिए तर उहाँको मृत्यु हुँदा अमेरिकाभरि ४१२ वटा समाजहरू स्थापना भइसकेका थिए र सदस्यहरूको सङ्ख्या २,१४,२३५ भइसकेको थियो। अमेरिकाको मेथोडिजमको प्रगति विशेष घेरो प्रचारकहरूको परिश्रमद्वारा नै भएको थियो। फ्रान्सिस एसबरीले एउटा उदाहरणीय जीवन जिउनुभयो। उहाँले आफ्नो जीवनकालभरि झन्डै ५,००,००० किलोमिटरहरू घोडसवार गर्दै अमेरिकाको चारै दिशामा यात्रा गर्नुभयो। उहाँले १६,५०० वटा प्रचारहरू गर्नुभयो, र ४,००० प्रचारकहरूलाई अभिषेक गर्नुभयो। उहाँको मिसनरी जस्तो प्रकारको सेवाले धेरै जना मेथोडिस्ट घेरो प्रचारकहरू तयार हुन कारण बन्नुभयो।

### मेथोडिजमको उदय

सन् १७६५ मा जोन वेस्लीले एउटा सम्मेलनमा यसरी सोध्नुभयो, "मेथोडिजमको उदय भनेको के हो?" उहाँले नै जवाफ दिनुभयो, "सन् १७२९ मा म र मेरो भाइले धर्मशास्त्रलाई अध्ययन गऱ्यौँ; भित्री र बाहिरी पवित्रताको बारेमा देख्यौँ; त्यसलाई पछ्यायौँ र अरूलाई पनि त्यही गर्न उक्सायौँ। सन् १७३७ मा पवित्रता विश्वासद्वारा आउँछ भनी देख्यौँ। सन् १७३८ मा हामी पवित्र पारिनुभन्दा अगाडि धर्मी पारिन पर्छ भनी देख्यौँ। तर पनि पवित्रता नै हाम्रो निशाना थियो – भित्रीय र बाहिरी पवित्रता। त्यसपश्चात् परमेश्वरले हामीलाई पवित्र मानिसहरू तयार गर्नको लागि [मण्डली] बाहिर निकाल्नुभयो।"

### दरिद्रहरूलाई सघाउनु

सन् १७७२ मा वेस्लीले लन्डनमा भएका दरिद्रहरूलाई र फिरन्तेहरूलाई भेटघाट गर्न र सहायता गर्न एउटा सानो समूहलाई तयार गर्नुभयो। यी दरिद्रहरू अस्थायी टहराहरूमा वास गर्थे। त्यो सानो समूहका मानिसहरू लन्डनमा विभिन्न ठाउँमा भएको त्यो अस्थायी टहराहरू भएको ठाउँमा सेवा गर्न जान्थे। तिनीहरूले ती दरिद्र मानिसहरूलाई पर्चाहरू बाँडेर ख्रीष्टकहाँ फर्किन निम्तो दिन्थे। धेरै जना फिरन्ते दरिद्रहरूचाहिँ दरिद्रताको खाल्टोबाट

निकालिएर आफ्नो परिवार र मण्डलीमा पुनर्स्थापित भएर उपयुक्त जीवन जिउन थाले।

## वेस्लीको स्वास्थ्य गम्भीर रूपमा प्रभावित भएको अवस्था र आफूपछिको उत्तराधिकारीको खोजी

सन् १७७३ मा जोन वेस्लीको स्वास्थ्य गम्भीर रूपमा बिग्रियो। उहाँले आफ्नो अति नजिकको साथी जोन फ्लेट्चरलाई आफ्नो मृत्युपछाडि मेथोडिस्ट आन्दोलनलाई अगुवाइ गर्न पत्र पठाउनुभयो। तर दुई वर्षपछाडि सन् १७७६ मा जोन फ्लेट्चरको स्वास्थ्य पनि बिग्रियो र वेस्ली निराश हुनुभयो।

## थामस कुक मेथोडिस्ट आन्दोलनमा जोडिनु

सन् १७७६ मा चर्च अफ इङ्ग्ल्यान्डको पादरी रेभरेन्ड थामस कुक एङ्गिलकन मण्डलीलाई छोडेर जोन वेस्लीसँग स्वयंसेवकको रूपमा काम गर्न जोडिनुभयो। उहाँ चाँडै नै जोन वेस्लीका घनिष्ठ सहयोगीहरूमध्येमा एक जना बन्न पुग्नुभयो। जोन वेस्लीले उहाँलाई पछिका समयहरूमा एउटा असल सुसमाचार प्रचारकको रूपमा सिपालु प्रबन्धकको रूपमा र साथै आफ्नो अन्तिम समयहरूमा र एउटा अति भरपर्दो साथीको रूपमा भेटाउनुभयो। वेस्लीले थामस कुकलाई "उपियाँ" भन्नुहुन्थ्यो, किनभने उहाँ सधैँ आफ्नो मिसन काममा लागिरहनुहुन्थ्यो। सन् १७८० मा उहाँलाई लन्डन जिल्लामा भएका मण्डलीहरूको लागि प्रबन्धकको रूपमा नियुक्त गर्नुभयो र सन् १७८२ मा आयरल्यान्ड मेथोडिस्ट मण्डलीहरूको अध्यक्षको रूपमा पनि नियुक्ति हुनुभयो।

## मेथोडिस्ट मिसनरी परिश्रमको विकास

बेलायती उपनिवेश भएको एन्टिगुआमा मेथोडिस्ट मण्डलीको असल सफलतालाई थामस कुकले देख्नुभयो। एसिया र अफ्रिकामा भएको हरेक बेलायती उपनिवेशमा मेथोडिस्ट मण्डली स्थापना गर्नुपर्छ भनी थामस कुकले चाहनुभयो। जोन वेस्लीले आफ्नो जीवनको अन्तिम पल्ट सहभागी भएको

सन् १७९० मा बृस्टलमा भएको मेथोडिस्ट सम्मेलनमा थामस कुकलाई मेथोडिस्ट मिसनरी समितिको प्रबन्धकको रूपमा नियुक्ति गरियो। उहाँले आफ्नो परिवारको सबै धन सम्पत्तिलाई मिसनरी परिश्रमको लागि भनी भेटी स्वरूप दिनुभयो। सन् १७९२ को सुरुदेखि पश्चिमी द्वीप समूहमा पर्ने हरेक टापुमा अग्रदूतको रूपमा मिसनरी पठाउने कामलाई अगुवाइ गर्नुभयो, साथै सिएरा लियोन, नोवा स्कटिया, आयरल्यान्ड र फ्रान्समा नयाँ मिसन स्थलहरूको कामलाई पनि नेतृत्व गर्नुभयो। नेपोलियनकालीन युद्धमा बेलायतमा कैदमा राखेका ७०,००० फ्रान्सेली कैदीहरूको बिचमा भएको कामको पनि व्यवस्थापन गर्नुभयो। सन् १८१४ मा भारत र दक्षिण अफ्रिकाको लागि मिसनरी प्रचारकहरूको समूहलाई लिएर जाँदा श्रीलङ्का तर्फ यात्रामा हुँदा जहाजमै उहाँको निधन भयो। थामस कुकको मृत्युपछाडि उहाँले लगाएको दर्शनको जगमा पछिका समयहरूमा मेथोडिस्ट मिसन सुन्दर तरिकाले अगाडि बढ्यो।

**महत्त्वपूर्ण घटनाहरू (सन् १७७८ - सन् १७८२)**

- सन् १७७८ – सिटी रोड च्यापल भनिने नयाँ भवनको निर्माण भयो।
- सन् १७८० – मेथोडिस्ट भजन किताबको प्रकाशन भयो।
- सन् १७८२ – मेथोडिस्ट ट्र्याक्ट सोसाइटीको स्थापना भयो।

## अध्याय - १२

# वृद्ध कालका परिश्रमहरू र मेथोडिजमको प्रगति

### जवान कालमा जसरी नै वेस्ली अझै पनि कठोर परिश्रम गरिरहनु

सन् १७८१ – वेस्ली अहिले ७८ वर्ष पुग्नुभयो। उहाँले ७८औँ जन्म दिनको एक दिन अगाडि यसरी भन्नुभयो, "यो मेरो ७८ वर्षको अन्तिम दिन हो, र मैले २८ वर्षको जस्तो महसुस गर्दै छु।" आफ्नो ७८औँ वर्षमा वेस्ली वर्षमा आठ महिना यात्रा गर्नुहुन्थ्यो, बेलायतभरि घोडसवार गर्दै २८ वर्षको उमेरमा गरेको जस्तै यात्रा गर्नुभयो।

### रबर्ट राइकेस र सन्डेस्कुल आन्दोलन

रबर्ट राइकेस भन्ने एउटा धनी व्यापारी कारखानामा काम गर्ने विद्यालय जान नसक्ने बच्चाहरूलाई प्राथमिक शिक्षा दिनुपर्छ भन्ने बोझले भरिनुभयो। उहाँले सडक र गरिब बस्तीहरूमा रहेका बच्चाहरूका लागि ग्लौसिस्टरमा सन्डेस्कुलको आयोजना गर्नुभयो। यो विद्यालय उहाँको घरको एउटा कोठामा सञ्चालित भयो। पहिलो हप्ता १२ देखि १४ जना जति बच्चाहरू जम्मा भए, जसलाई बाइबल प्रयोग गरी पढ्न सिकाउने काम भयो। केही महिनाहरूपछि उहाँले साउथगेट सडकमा दोस्रो विद्यालय खोल्नुभयो। यो विद्यालय बिहान १० बजे सुरु भएर बेलुका ५:३० बजेसम्म सञ्चालन हुन्थ्यो। बिचमा बच्चाहरूलाई मण्डलीको सेवामा पनि लगिन्थ्यो। सुरुका समयहरूमा सन्डेस्कुलको उद्देश्य बाइबललाई पाठ्यपुस्तकको रूपमा प्रयोग गरी पढ्न र लेख्न सिकाउने थियो। दुई वर्षभित्र ग्लौसिस्टर र वरिपरिका ठाउँहरूमा यस्ता धेरै विद्यालयहरू खोलिए।

जोन वेस्लीले आफ्ना मानिसहरूलाई यो काममा सहभागी हुन प्रेरणा दिनुभयो। धेरै जना मेथोडिस्ट गैर पेसेवार मानिसहरूले यो कुरालाई मानेर गरिब बच्चाहरूको लागि सन्डेस्कुल सञ्चालन गर्न थाले। लिड्स सहरलाई

सात वटा भागको रूपमा विभाजन गरियो र त्यसमा २६ वटा विद्यालयहरू सञ्चालन भयो, विद्यार्थीहरूको सङ्ख्या २००० भन्दा बढी थियो, र ४५ जनाले शिक्षकको काम गरे। यो सेवा बढ्दै गयो। सन् १८०० मा अङ्ग्रेजी सन्डेस्कुलहरूमा २,००,००० जना विद्यार्थीहरू थिए, र सन् १८५० मा यो सङ्ख्या बढेर २० लाख पुग्यो। सन् १८३१ मा बेलायतमा भएको सन्डेस्कुलहरूले मात्रै १२ लाख ५० हजार बच्चाहरूलाई पढाउने गर्थ्यो, जुनचाहिँ बेलायतको जनसङ्ख्यामा झन्डै २५ प्रतिशत थियो।

**जोन वेस्लीका दुई जना साथीहरूको मृत्यु**

सन् १७८५ मा जोन वेस्लीका दुई जना घनिष्ठ साथीहरू विन्सेन्ट पेर्रोनेट र जोन फ्लेट्चरको निधन भयो।

**वेस्लीको १६०० किलोमिटरको यात्रा**

वेस्ली अहिले त्रियासी वर्ष पुगिसक्नुभएको थियो। फेब्रुअरी २६ मा वेस्ली हिम आँधीको बिचमा घोडामार्फत चार महिनाको यात्रामा जानुभयो। उहाँको पहिलो विश्राम स्थल न्युबरीमा थियो र त्यसपछिका दुई हप्ताहरूलाई उहाँले बृस्टल र वरिपरिका ठाउँहरूमा बिताउनुभयो। आठ दिनपछि उहाँले स्कटल्यान्डतिरको यात्रा सुरु गर्नुभयो। सडकहरू हिउँले बन्द भएका थिए र मौसम अति चिसो थियो।

स्कटल्यान्डबाट उहाँ गेट्सहेड र न्युक्यासल जानुभयो। त्यहाँबाट उहाँ पश्चिमतिर यात्रा गर्नुभयो। आफ्नो सधैँ यात्रा गर्ने बाटोमा यात्रा गर्दै हलमा आइपुग्नुभयो। भोलिपल्ट ७६ माइल यात्रा गर्नुभयो र माल्टन, पोक्लिङ्टन र स्विन्फ्लिटमा प्रचार गर्नुभयो। उहाँ भन्नुहुन्छ, "आजको लागि आजको परिश्रम पर्याप्त छ; तर भोलिपल्ट बिहान उठ्दा म थकित थिइनँ।" के यस्तो तथ्यलाई समान्तर गर्न सकिन्छ र?

**चार्ल्स वेस्लीको निधन**

सन् १७८८ मार्च २९ मा चार्ल्स वेस्लीको निधन भयो। यो आश्चर्यजनक र अचम्मको कुरा थियो कि उहाँको निधन भएको त्यही समय जोन वेस्ली

श्रपसयरमा प्रचार गर्दै हुनुहुन्थ्यो, र उहाँ र सभाका मानिसहरू मिलेर "आउनुहोस्, हामी हाम्रा स्वर्गमा भएका साथीहरूसँग सामेल होऔँ, जसले पुरस्कार पाइसकेका छन्" भन्ने भजन गाइरहेका थिए।

यो घटनाद्वारा पृथ्वीमा एउटा महान् साझेदारीको अन्त भयो। यो साझेदारी सन् १७२६ मा अक्सफोर्ड युनिभर्सिटीजमा सुरु भएर ६२ वर्षसम्म निरन्तरता पाएको थियो, जसको परिणामस्वरूप ५०,००० प्राणहरू बाँचिए, ९००० वटा भजनहरू बनिए र अमेरिका र बेलायत गरी ५०० वटा प्रकाशनहरू भए। आज विश्वभरि झन्डै ८ करोड मानिसहरूले यो साझेदारीलाई आफ्नो आत्मिक जन्मको कारणको रूपमा मान्छन्।

## आफ्नो सबै आयस्रोतलाई परमेश्वरलाई दिनु

सन् १७८२ मा वेस्लीले ३६१ पाउन्ड पाउनुभयो। यसमा पाँच पाउन्ड उहाँले लुगाफाटामा खर्च गर्नुभयो, बाँकी रहेको ३५६ पाउन्डलाई बाँडिदिनुभयो। र त्यही नै साल उहाँको निर्देशनमा उहाँका किताबहरूको आम्दानीको लेखापाल जोन अट्लेले २३७.१३ पाउन्ड बाँडिदिनुभयो। सन् १७८३ मा उहाँ र उहाँको आदेशमा लेखापालले मिलेर ८३२.१ पाउन्ड बाँड्नुभयो। सन् १७८४ मा ५३४.१७ पाउन्ड। सन् १७८५ मा ८५१.१२ पाउन्ड। सन् १७८६ मा ७३८.५ पाउन्ड। सन् १७८७ मा उहाँको यात्राको खर्चलाई पनि जोडेर ९६१.४ पाउन्ड बाँड्नुभयो। डा. वाइटहेडले भन्नुभयो कि आफ्नो ५० वर्षको समयमा जोन वेस्लीले ३०,००० पाउन्ड (आजको ने.रू. मा ६० करोड बराबर) भन्दा बढी बाँड्नुभयो भनी मानिन्छ।

## सन् १७६७ देखि सन् १७९१ भित्रको प्रगति

- सन् १७६८ – जर्ज ह्वाइटफिल्ड लन्डनमा भएको २४औँ सम्मेलनमा सहभागी हुनुभयो, यतिखेर ४० वटा घेराहरू, १०४ जना प्रचारकहरू र २५,९११ जना सदस्यहरू थिए।
- – फ्रान्सिस एसबरीलाई परीक्षण कालमा राखी मेथोडिजममा स्वीकार गरियो।
- – बोर्डम्यान र पिल्मोरलाई मिसनरीको रूपमा अमेरिका पठाइयो।

- सन् १७६९ – क्यानडामा मेथोडिजम फैलिन थाल्यो।
- सन् १७७० – जर्ज ह्वाइटफिल्डको निधन अमेरिकामा रहेको न्युबरीपोर्टमा भयो।
- सन् १७७१ – फ्रान्सिस एसबरी र राइटलाई मिसनरीको रूपमा अमेरिका पठाइयो।
- सन् १७८१ – कार्न्वालमा रहेको ग्विन्याप खाल्टोमा जोन वेस्लीले २३,००० मानिसहरूलाई प्रचार गर्नुभयो।
- सन् १७८३ – आयरल्यान्डमा २५ वटा घेराहरू, ३४ जना प्रचारकहरू र ६,४७२ जना सदस्यहरू थिए।
- – एडम क्लर्कलाई परीक्षणकलामा राखी स्वीकार गरियो।
- सन् १७८४ – वेस्लीले डा. थामस कुकलाई उत्तर अमेरिकामा रहेका मेथोडिस्ट मण्डलीहरूको प्रबन्धकको रूपमा नियुक्त गर्नुभयो।
- सन् १७९० – जोन वेस्लीले आफ्नो अन्तिम खुला प्रचार विन्चेल्सीमा गर्नुभयो।
- सन् १७९० – जोन वेस्ली ४७औँ मेथोडिस्ट सम्मेलनमा सहभागी हुनुभयो।
- सन् १७९१ फेब्रुअरी २३ – वेस्लीले आफ्नो अन्तिम प्रचार लेदरहेडमा गर्नुभयो।

यसरी मेथोडिस्ट प्रचारकहरूको दोस्रो दौडान अन्त भयो। यो दौड २५ वर्षमा पूरा भएको थियो, र ४७६ जना मानिसहरू सहभागी भएका थिए।

### वेस्लीको अन्तिम समयहरूमा मेथोडिजमको महान् प्रगति

वेस्लीको जीवनको अन्तिम दस वर्षहरूमा (सन् १७८० – सन् १७९० सम्म) मेथोडिजम अचम्म तरिकाले प्रगति गरियो। सन् १७८० मा संयुक्त अधिराज्यमा ६४ वटा घेराहरू थिए, तर सन् १७९० मा ११५ वटा भए। १७१ जना घुमफिरे प्रचारकहरू थिए, अहिले २९४ भए, र सदस्यहरूको सङ्ख्या ४३,३८० बाट ७१,५६८ भयो। मिसनरी केन्द्रहरू सन् १७८० मा शून्य थिए, र अहिले १९ जना मिसनरीहरू एन्टिगुआ, बर्बाडस, सेन्ट विसेन्ट, सेन्ट क्रिस्टोफर, नेविस, टोर्टोला, जमैका, नोवा स्कटिया र

TOG Ministries

न्युफाउन्डल्यान्डमा काम गरिरहेका थिए। सबै ठाउँ गरी सदस्यहरूको सङ्ख्या ५,३५० थियो।

## सन् १७८१ - सन् १७९० भित्र अमेरिकामा भएको प्रगति

सन् १७८० मा अमेरिकामा २० वटा घेराहरू, ४२ जना घुमफिरे प्रचारकहरू र ८,५०४ जना सदस्यहरू मेथोडिस्ट समाजमा थिए। सन् १७९० मा घेराहरूको सङ्ख्या ११४, प्रचारकहरूको सङ्ख्या २२८ र सदस्यहरूको सङ्ख्या ५७,६३१ बन्न पुग्यो।

सन् १७८० सम्मको मेथोडिजमको सफलता आश्चर्यपूर्ण थियो, र यद्यपि वेस्लीको अन्तिम दस वर्षका समयहरूमा परिणाम बितेका ४० वर्षको परिणामभन्दा दुई गुणा बढी थियो।

## जोन वेस्लीका प्रकाशनहरू

जोन वेस्ली विश्वको इतिहासमा एउटा महान् लेखक हुनुहुन्थ्यो। उहाँ नयाँ कुराहरू ल्याउनुमा एउटा महान् मानिस हुनुहुन्थ्यो। र उहाँले सस्तोमा पाइने अति प्रख्यात भएको शिक्षामूलक पुस्तकहरू धेरै सङ्ख्यामा निकाल्नुभयो। सन् १७५० मा उहाँले आफ्नो भाइ चार्ल्ससँग मिलेर १७० वटा भन्दा बढी पर्चाहरू र किताबहरू प्रकाशन गर्नुभयो, जुन प्रकाशनहरू ५०० पल्ट भन्दा बढी दोहोऱ्याएर प्रकाशन भइसकेका छन्। श्रीमान् रिवर्सको अनुसार ३,५७८ वटा प्रकाशनहरूमा जोन वेस्लीको सहभागिता थियो। सन् १७५० मा नै जोन वेस्लीले आफैले छानेर संशोधन गरेर ५० वटा धार्मिक किताबहरू प्रकाशन गर्नुभयो। ती सबै किताबहरूलाई समग्रमा 'ख्रीष्टिय पुस्तकालय' भन्ने नाम दिएको थियो। यी किताबहरूमा व्यवहारिक ईश्वरत्वसम्बन्धी विभिन्न किताबहरूबाट निकालिएका सारांशहरू र तयार पारिएका सङ्क्षेपहरू समावेश थियो।

## जोन वेस्लीको निधन

६५ वर्षहरू जोन वेस्ली बिहान ४ बजे उठ्नुभयो र बिहान ५ बजे प्रचार गर्नुभयो। उहाँको बिहानको ५ बजेको सेवाको लागि मानिसहरू ४ बजे नै

आएर पर्खिरहन्थे। उहाँले यो कामलाई आफ्नो मृत्युसम्मै निरन्तरता दिनुभएको थियो। सन् १७९१ मार्च २ मा जोन वेस्ली सिटी रोड च्यापलमा भएको आफ्नो निवासमा शान्तिसँग प्रभुमा सुत्नुभयो।

जोन वेस्लीको मृत्युको खबर फैलिँदा बेलायत, आयरल्यान्ड, स्कटल्यान्ड र अमेरिकामा एउटा ठुलो विलाप भयो। बेलायत र अमेरिकाको आत्मिक बुवा अब हुनुहुन्न।

सन् १७९१ मा उहाँको निधन हुँदा मेथोडिस्ट सदस्यहरूको सङ्ख्या १,२०,००० थियो। आजको समयमा छ करोड मेथोडिस्टहरू छन्, र अर्को दुई करोड मेथोडिस्ट सिद्धान्तहरूलाई पछ्याउनेहरू छन्।

सन् १८६४ मा अमेरिकाको मेथोडिजमले सय वर्ष पूरा गर्दा मेथोडिस्ट शिक्षा पाएकाहरूको सङ्ख्या एक करोड पुग्यो र अमेरिकाभरिको मेथोडिस्ट सदस्यहरूको सङ्ख्या पचास लाख थियो। सन् १७६८ मा अमेरिकामा एउटा मात्रै मेथोडिस्ट मण्डली थियो, सन् १८६४ मा क्यानडादेखि मेक्सिकोको खाडीसम्म २० हजार वटा मेथोडिस्ट मण्डलीहरू महादेशभरि थिए। सन् १७६९ मा जम्मा दुई जना घुमफिरे प्रचारकहरू थिए, तर सन् १८६४ मा १४ हजार घुमफिरे प्रचारकहरू थिए, दुई सय वटा महाविद्यालय र शिक्षा केन्द्रहरू थिए, २० हजार विद्यालयहरू, दुई लाख शिक्षकहरू र १५ लाख विद्यार्थीहरू थिए।

आदमको समयदेखि जोन वेस्ली जस्तै प्रेरित र सुसमाचार प्रचारक कोही थिएनन् र उहाँको मृत्युपछि पनि त्यस्तो कोही भएनन्।

प्रेरितहरूको समयदेखि इसाइत्वमा मेथोडिजम जस्तो अर्को एउटा महान् सुसमाचारीय आन्दोलन कहिल्यै भएको थिएन। अथवा जोन वेस्ली जस्तै एउटा सफल मण्डली स्थापक अरू कोही पनि भएनन्।